# अध्याय–एक

# परिचय

## १.१. अध्ययनको पृष्ठभूमी

जाति विशेषलाई लिएर नेपालमा विभिन्न संगठन तथा निकायहरूबाट अध्ययन अनुसन्धान हुँदै आएका छन् । यसरी जातिगत विषयमा अध्ययन गर्ने विदेशी विद्वान्‌हरू जसले नेपालका जातिहरूको अवस्था तथा तिनीहरूको उत्पत्ति, संस्कृति आदि विषयमा उल्लेख गर्ने गरेका छन् जसमध्ये वायन हुटेन हड्सन (१८७४, १८००), कर्क प्याटिक ( १८११) र वी ह्यामिष्टर (१८१९) को पुस्तक प्रकाशनले नेपालको जातजाति तथा जनजातिको अध्ययनलाई निकै सहयोग पुगी विश्व सामु नेपालीको परिचय स्पष्ट हुन पुगेको छ । विश्वमा सवैका लागि शिक्षा भन्ने नारा फैलाएपछि दलितहरुलाई पनि विभिन्न तहका छात्रवृत्ति, निःशुल्क शिक्षा, जनचेतना अभियानबाट शिक्षाबाट वन्चित हुन नदिएका कारण हाल दलितहरुको पनि शिक्षामा उच्च जातिकै तुलनामा शिक्षामा पहुँच बढेको छ (राष्ट्रिय दलित आयोग, २०६७) ।

नेपाल सरकार, राष्ट्रिय दलित आयोग बुलेटिन २०६० मा उल्लेख भए अनुसार नेपालका दलित जातिहरूमा कामी, दमाई ढोली, सार्की, चमार, हरिजन, राम, मुसहर, दुसाध पासवान, सोनाम, लोहार, तत्मा, खत्वे, धोवी, सतार, बाँतर, चिडीमार, डोम, गाइने, वादी, हलखोर मेहत्तर, पत्थरकट्टा र केही पहिचान नभएका दलितहरू छन् । देशका कुनैपनि पिछडिएका आदिवासी जनजाति र समुदायलाई विकासको मुल धारमा समाहित गर्न र उनीहरूको जीवनस्तरमा सुधार गर्न शिक्षा जस्तो उपयुक्त माध्यम अरु कुनै हुन नसक्ने कुरा निर्विवाद छ । शिक्षा सबैले पाउँनै पर्ने हुन्छ, यो मानिसको आधारभूत आवश्यकता भित्र पर्ने अधिकारको कुरा भएकोले सन् १९४८ को विश्व मानवअधिकार सम्बन्धी घोषणपत्र अनुसार विश्वका विभिन्न मुलुकहरूले संवैधानिक व्यवस्था मार्फत शिक्षालाई सर्वव्यापीकरण गर्ने तर्फ उचित कदम चाल्दै आएको पाइन्छ । त्यसै क्रममा सन् १९९० को थाइल्याण्डको जोमटिनमा शिक्षा सम्बन्धी विश्व सम्मेलनमा सबैका लागि शिक्षा भन्ने अन्तराष्ट्रिय प्रतिवद्धताको घोषणा गरिएको थियो । नेपालले पनि यस घोषणा पत्र अनुसार सन् २००० सम्ममा सबैका लागि शिक्षा अभियानमा प्रतिवद्धता जनाई शिक्षाको विश्वव्यापी अभियानको

थालनी गरेको पाइन्छ । जसबाट सवै जातजातिमा शिक्षाको पहुँचमा क्रमिक रुपमा हुँदै गएता पनि अपेक्षित उपलब्धि भने प्राप्त हुन सकेको देखिदैन (शिक्षा मन्त्रालय, २०६४) ।

सन् २००० मा नै सेनेगलको राजधानी डकारमा सबैका लागि शिक्षा सम्बन्धी अन्तराष्ट्रिय सम्मेलन गरी सन् २०१५ सम्ममा सबैका लागि शिक्षाको लक्ष्य हाँसिल गर्न डकार घोषणा पत्र जारी गरिएको थियो । यसले सबैका लागि शिक्षा सम्बन्धमा बिभिन्न उद्देश्यहरूको निर्धारण गरेको थियो । जसमा पिछडिएका बर्गका बालबालिकाहरूको पहुँच बढाउने मुख्य लक्ष्यलाई सम्पूर्ण राष्ट्रहरूले अवलम्वन गर्नुपर्ने दवाव सिर्जना भएको देखिन्छ । सन् २०१५ सम्ममा महिला दलित जाति कमजोर एंव कठिन अवस्थामा रहेका जनजातिका बालवालिकाहरूलाई शिक्षाको मुलधारमा ल्याइ स्तरीय र अनिवार्य प्राथमिक शिक्षा उपलब्ध गराउने, लक्ष्य राखिएको पाइन्छ ॥ उल्लिखित प्रतिवद्धताहरू खाली कागजमा सिमित रहेकोले सबै पिछडिएका वर्गसम्म ती प्रतिवद्धताहरू पुग्न सकिरहेको पाइदैन र दलित समुदायको शिक्षामा खासै पहुँच पुग्न सकिरहेको छैन (राष्ट्रिय दलित आयोग, २०६०) ।

राष्ट्रिय स्रोत साधनमा दलित समुदायको शिक्षालाई हेर्दा नेपालको साक्षरता दर ५४ प्रतिशतको हारहारीमा रहे पनि दलित समुदायको साक्षरता दर ३३% रहेको त्यसमा पनि दमाई जातिको साक्षरता दर २८.९१% मात्र रहेको छ । नेपालीको प्रतिव्यक्ति वार्षिक आय २१० अमेरिकन डलर भएतापनि दलित समुदायको वार्षिक आय ३९.६ अमेरिकन डलर रहेको छ । त्यस्तै नेपालको १७ प्रतिशत अति गरिबी जनसंख्या मध्ये ८० प्रतिशत जनसंख्या दलित रहेका छन् । नेपालका अधिकांश दलितहरू भूमिहिन अवस्थामा रहेका छन् भने कतिपयको बस्नको लागि आफ्नो घर समेत छैन । नेपालमा अहिले ६० हजारको संख्या हलिया रहेकोमा ९०% दलित रहेका छन्, राष्ट्रले मुक्त, धर्मनिपेक्ष राज्य घोषणा गरेतापनि दिनहुँ तीन जनाको दरले दलितहरू पीडित हुनु परेको अवस्था रहेको छ (राष्ट्रिय दलित आयोग बार्षिक प्रतिवेदन २०६७/६८।

समाजशास्त्रीहरुले शिक्षालाई विभिन्न प्रकारले व्याख्या र विश्लेषण गरेको पाइन्छ । प्रकार्यवादीहरुले शैक्षिक संस्थालाई सामाजिक एकाइको रुपमा लिने गर्दछन् । जसबाट समाज अगाडी बढ्न सहयोग मिल्दछ । शिक्षाले सामाजिक अस्थिरताको अन्त्य गरी समाजमा रहेको द्वन्द्व कम गर्न सहयोग गर्दछ । इमाइल दुर्खिम (१८५८ - १९१७) का अनुसार शिक्षा समाजको एउटा एकाई हो, जसको कार्य भनेको समाजमा मूल्य र मान्यताहरुको निरन्तरता गर्नु हो । उनको अनुसार बच्चाले विद्यालयको नियमलाई आधार

गरेर अन्य सामान्य नियमहरुलाई आदर गर्न सिक्दछ त्यसले गर्दा उसमा आत्म नियन्त्रण गर्न सक्ने बानीको विकास गर्दछ । किनभने उसले आफैलाई नियन्त्रण गर्नु पर्दछ । त्यसैगरी, पार्सन्स (१९०२-१९७९) का अनुसार शिक्षा भनेको व्यक्तिको क्षमताको अभिन्न अंग हो, जुन व्यक्तिलाई सामाजिकीकरण गराउने दोश्रो अभिकर्ताका रुपमा रहेको हुन्छ । जसले परिवार र समाजवीच मध्यस्थकर्ताको रुपमा काम गरेको छ । शिक्षाले व्यक्तिमा प्रतिस्पर्धा, समानता र व्यक्तित्वको अनुभव गराउँछ । व्यक्तिको क्षमता र दक्षताको आधारमा नै उसले भविष्यमा उपलब्धि हासिल गर्दछ । कार्ल मार्क्स (१८१८-१८८३) का अनुसार शिक्षा भनेको मध्यम वर्गहरुको मूल्य र मान्यतालाई सिकाउनु हो जुन शासक वर्गको लागि मात्र दिइन्थ्यो । मार्क्सवादीहरु शैक्षिक संस्थालाई वैचारिक विभेद गर्ने एउटा संस्थाको रुपमा लिने गरेको कुरा मिश्रको पुस्तकमा उल्लेख गरिएको छ (मिश्र, २०६७) ।

बालबालिकाको साँस्कृतिक, सम्वेगात्मक, बौद्धिक नैतिक शारीरिक तथा आध्यात्मिक विकासको अधारशीलाको रुपमा शिक्षालाई हेर्ने गरिएकाले शिक्षामा सवैको पहुँच सुचिश्चित हुनुपर्दछ भनि सर्वप्रथम मानवअधिकारको संयुक्त राष्ट्र सङ्घिय घोषणापत्र १९४८ ले जोड दिएको हो । त्यस घोषण पत्रमा प्रत्येक नागरिकको आधारभूत शिक्षामा पुहुँच गराउने एउटा एउटा अन्य निःशुल्क शिक्षा निति हो । निःशुल्क शिक्षाको मर्म भनेको आधारभूत तहमा सरकारले सम्पूर्ण खर्च व्यहोर्ने र त्यसको व्यवहार अभिभावकमा नपार्नु हो । (CEDID, 1988)

नेपाल सरकारको साक्षरता सम्वन्धि नीति र कार्यक्रमहरु तथा अन्य निकायबाट अगाडि सारिएका कार्यक्रमहरुको लक्षितवर्ग निर्धारण गर्दा निरक्षरताको स्थिति अत्यधिक भएको समुदायको पहिचान गरी त्यस्ता वर्गहरुलाई निःशुल्क शिक्षा दिई शिक्षाको माथि पहुँचको अधिकार सुनिश्चित गर्नको लागि थप सुविधा र अवसर प्रदान गरेकाले आधारभुत शिक्षा माथि पहुँचको नैसर्गिक अधिकारको महत्व बुझेको पाइन्छ । यसबारे सबै नागरिकहरु विशेषगरी पिछडिएको वर्ग, अल्पसंख्यक, विपन्नलाई सुनिश्चित गर्ने कार्यक्रम ल्याइएकाले गर्दा नै नेपालका गरिव, पिछडिएका तथा दलित समुदायको शिक्षामा पहुँच पुग्ने देखिन्छ ( सुवेदी, २०७४, खवर इरा) ।

दलितको शिक्षासम्वन्धी इतिहासलाई केलाउँदा पनि थाहा हुन्छ । नेपालमा दलितहरुले २०४६ सालको बहुदलिय व्यवस्थापछि मात्र शिक्षामा सहभागी भएको पाइन्छ ।

हाल आएर सरकारले समावेशी कोटा छुट्याई (४० प्रतिशत) शिक्षा क्षेत्रमा अगाडी बढ्न प्रोत्साहन गरेका कारण उनीहरु शिक्षाप्रति आकर्षित भएको पाइन्छ । दलित समुदायको शिक्षामा पहुँच हुनुका कारणहरुमा दलित समुदायको आर्थिक अवस्थामा सुधार, विद्यालयमा विभेदको अवस्थाको अन्त्य, समाजले दलितप्रति हेरिने दृष्टिकोणमा फरक, सरकारको छात्रवृत्तिको योजना, देशभरि विद्यालय शिक्षा निःशुल्क भएको व्यवस्था, शिक्षाप्रति जनचेतना आदि भएको कुरा अध्ययनले देखाएको छ (गोरखापत्र, फागुन १० गते २०७४) ।

दलित वालवालिकाको निरक्षरता दर अन्य वालवालिकाको तुलनामा प्राय गरी विकासोन्मुख देशहरुमा बढी रहेको पाइन्छ । साक्षरताको दर सामान्यतया केही वर्षयता विकासोन्मुख देशहरुमा बढेता पनि साक्षरताको दरमा अन्य बालबालिकाहरु र दलित बालबालिकाहरुको बीचमा ठूलो अन्तर देखिन्छ । विकासोन्मुख देशमा ९६ प्रतिशत बालबालिकाहरुमा ५.५ लाख दलित बालबालिकाहरु अझै निरक्षर रहेका छन् (शैक्षिक तथ्याङ्क, २०६३) ।

नेपालको शैक्षिक क्षेत्रमा विभेद विगतबाट नै चलिआएको छ । राणा कालमा सीमित व्यक्तिहरुका लागि सीमित स्थानमा मात्र शिक्षा हासिल गर्ने अवसर थियो । सर्वसाधारणका लागि शिक्षाको औपचारिक विकास वि.स. २००७ सालको राजनीतिक परिवर्तन पश्चात मानिन्छ । वि.स २०१० सालमा गठित नेपाल राष्ट्रिय शिक्षा योजना आयोग र वि.स २०१८ सालमा गठित सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिका प्रतिवेदनले शिक्षा सम्वन्धि ठुलो परिवर्तन ल्यायो तर पनि सरकारी कार्यान्वयनमा नेपाली दलित वर्गको प्रतिनिधित्व हुन सकेन । वि.स २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धति योजना आयोग लागु भयो । यसको प्रभाव मूल्याङ्कन गरी पाठ्यक्रम संशोधन गरियो । जसको एक मुख्य उद्देश्य विद्यालय शिक्षा तथा अनौपचारिक शिक्षामा सर्वसाधारणको पहुँच पुऱ्याउनु थियो । यसको अलवा देशका सम्पूर्ण जनसंख्यालाई शिक्षाबाट वञ्चित हुन नदिनु मुख्य उद्देश्य रहेको पाइन्छ (खनाल, २०६६) ।

हाल आएर दलितहरूको उत्थान सम्बन्धमा सरकारी तथा अन्य क्षेत्रबाट विभिन्न प्रयास भइरहेको छन् । जस्तै वि.स. २०५४ सालमा दलित, उत्थानका लागि उपेक्षित, उत्पीडित तथा दलित वर्ग उत्थान समितिको गठन, २०५८ साल राष्ट्रिय दलित आयोग गठन दलित संसदको २०६० देखि राष्ट्रिय दलित नेटवर्क (RDN) रूपमा सञ्चालनमा रहेको छ र यसमा सयौं संस्थागत सहकार्य सदस्य संस्थाहरू आवद्ध छन् र हाल आएर

नेपाल सरकारले जातिय विभेद तथा छुवाछुत कसूर ऐन २०६८ जारी गरेको छ र २०६६ साल देखि दलित र गैरदलित बीचको अन्तरजातिय विवाह प्रोत्साहन भत्ता कार्यविधि लागु गर्दै आएको पाइन्छ । नेपालमा शिक्षा क्षेत्रमा गरिएका प्रयासबाट साक्षारता वृद्धि भएको र वालवालिकाको शिक्षामा पहुँच वृद्धि भएको छ (राष्ट्रिय दलित आयोग, २०६४) ।

शिक्षा सामाजिक सांस्कृतिक रुपमा निर्माण हुने गर्दछ । कुनै पनि व्यक्तिको शिक्षा कस्तो हुने भन्ने कुरा उक्त व्यक्तिको समाज र संस्कृतिले निर्धारण गर्ने गर्दछ । यो अध्ययन विशेषत काठमार्डौ जिल्लाको चन्दागिरी नगरपालिका वडा न. ७ का दमाई जातिको शिक्षामा कतिसम्म पहुँच छ भनी अध्ययन गरिएको छ ।

## १.२. समस्याको कथन

दमाई समुदायलाई विकासको मुल प्रवाहमा ल्याउने प्रभावकारी माध्यम शिक्षा भएपनि यो समुदायका बालबालिकालाई शिक्षाको मुलधारमा पूर्णरुपले समाहित गराउन सकिएको पाइदैन । वि. सं. २०६० साल यता गठन भएका प्रत्येक सरकारले आदिवासी जनजाति तथा पिछडिएका वर्गलाई पनि स्तरीय शिक्षा दिने नारा घन्काउदै आएता पनि ब्यवहारमा यस्ता समुदायका बालबालिकाहरूलाई स्तरीय शिक्षा दिने कुरा नारामा मात्र सीमित भएको देखिन्छ । त्यसैले बर्तमानसम्म शैक्षिक क्षेत्रमा कार्यरत शिक्षक, विद्यार्थी, प्रशासक, शोधकर्ता, शिक्षाविद् साथै देशको भविष्य अलिकति मात्र पनि सोच्नेको साम पिछडिएका दलित जातजातिका बालबालिकामा शिक्षामा पहुँच कसरी बिस्तार गर्ने भन्ने कुरा एउटा समस्याको रुपमा खडा भएको देखिन्छ ।

यस अध्ययनको मूल समस्याका रुपमा दलित जातिहरुको शिक्षामा पहुँच कति छ र कस्ता खालका समस्याहरु भएका कारण शिक्षाबाट बञ्चित हुनुपरेको छ भन्ने विषय रहेको छ । जसमा दलित जातिहरु शिषामा अघि बढ्न नसक्नुका कारण आर्थिक अवस्था कमजोर, आफ्नो नाममा सम्पत्ति नहुनुको कारण, साहुबाट ऋण लिएका र सामाजिक चपेटामा परेका मुख्य रहेकाले यसका समाधान गर्न कस्ता खालका समस्याहरु रहेका छन् भन्ने उद्देश्यमा यस अध्ययन केन्द्रित रहेको छ ।

दलितहरु शिक्षाबाट बञ्चित हुनुपरेका मुख्य समस्याहरुमा आर्थिक अवस्था कमजोर हुनु मुख्य रहेको पाइन्छ । निःशुल्क शिक्षा उपलब्ध गराएपनि आीर्थक अवस्था कमजोर भई ज्याला मजदुरी गरी खानुपर्ने वाध्यताले उनहश्रका वालवालिका शिक्षालिन सकिरहेका छैनन्

। त्यसैगरी आफ्नो नाममा सम्पत्ति नहुनाका कारण माथिल्ला कक्षाहरु तथा उच्च शिक्षा हासिल गर्न जग्गा जमिन वेचेर पढाउन समेत पाएका हुँदैनन् । कसैको जागरिकता छैन, आफ्नो नाममा जायजेथा केही नभएका कारण ठूलो योजना तथा सोच वनाउन नसकको अवस्था रहेका पनि पाइयो । त्यस्तै विहान बेलुका छाक टार्नलाई त साहुबाट ऋण लिने गरेका दलितहरु शिक्षामा सहभागी हुनु भनेको सपना मात्र रहन गएको अवस्था छ । त्यसैले उनीहरुलाई शिक्षामा सहभागी गराउन पहिले रोजगारी सृर्जना गर्नुपर्ने बाध्यता यहाँ देखिन्छ र अर्को समस्या भनेको सामाजिक चपेटामा पुर्न हो । समाजमा मान्यगन्य व्यक्तिहरु पढ्ने विद्यालयमा दलितका वालवालिका पढ्नु असम्भव मानिन्छ । अझैपनि हाम्रो समाजमा यस्तो स्थिति हटाउन ग्राहो परेको छ । यस्तै यस्तै समस्याहरुले गर्दा दलितको विषयलाई यस अध्ययनमा समस्याको रुपमा अध्ययन गरिएको छ । यी विषयहरुलाई यस अध्ययनमा समस्याको रुपमा अध्ययन गरिएको छ । यस अध्ययनमा दमाई जातिको शिक्षामा पहुँचको अध्ययन गर्ने अनुसन्धान प्रश्नहरुलाई निम्नानुसार विशिष्टिकरण गरिएको छ :

१. दमाई जातिको वर्तमान शैक्षिक अवस्था कस्तो रहेको छ ?
२. दमाई जातिको शिक्षामा पहुँच बढाउँन कस्ता खालका समस्या रहेका छन् ?
३. दमाई जातिका शिक्षामा पहुँच बढाउने उपायहरु क के हुन सक्छन् ?

## १.३. अध्ययनको उद्देश्य

काठमाडौं जिल्ला चन्दागिरी नगरपालिका वडा नं. ७ मा बसोबास गर्ने दमाई जातीको शिक्षामा भएको पहुँचको अध्ययन गर्नुको मुख्य उद्देश्यहरु यस प्रकार रहेको छः

४. दमाई जातिको वर्तमान शैक्षिक अवस्थाको अध्ययन गर्ने,
५. दमाई जातिको शिक्षामा पहुँच के कस्तो रहेको छ खोजी गुर्न,
६. दमाई जातिका बालबालिकाहरुको शिक्षामा पहुँच बढाउने उपायहरुको अध्ययन गर्नु ।

## १.४ अध्ययनको महत्व

कुनै पनि देशको विकासका लागि त्यस देशका सम्पूर्ण नागरिकहरूको उच्च जीवनस्तर तथा पूर्ण व्यक्तित्वको विकास हुन आवश्यक देखिन्छ । नागरिकको जीवनस्तर उच्च पार्ने र लोककल्याणकारी राज्यको स्थापना गर्ने कार्य नारा र भाषणले मात्र कदापी सम्भव हुँदैन । यसका लागि सम्पूर्ण आदिवासी जनजाति पिछडिएका वर्ग र आम

नागरिकलाई समुचित शिक्षाको आवश्यकता पर्दछ । अनिमात्र शिक्षामा दलितको पहुँच पुग्न सक्दछ ।

सबै जाति, वर्ग र सम्प्रादायसम्म समुचित शिक्षा पुऱ्याउनका लागि राज्यका तर्फबाट कार्यक्रमहरू संचालन हुदै आएको पाइन्छ । जसमध्ये समाहित शिक्षा पनि एक हो । यो अवधारणा सन् १९९४ मा स्पेनको सालमान्का भन्ने ठाउँमा मा भएको शिक्षा सम्बन्धी विश्व सम्मेलनबाट आएको पाइन्छ । यसै सम्मेलनको अवधारणा अनुसार कुनैपनि प्रकारको भेदभाव बिना सबै किसिमका बालबालिकाहरूलाई विद्यालयमा शिक्षा प्रदान गर्नु, सबै खाले बालबालिकाहरूलाई पाएक पर्ने नजिकको विद्यालयमा उपयुक्त खालको शैक्षिक वातावरण सृजना गरेर शिक्षाको अवसर दिइ गुणस्तरीय शिक्षा प्राप्त गर्ने तर्फ जोड दिइन्छ । त्यसै गरी शिक्षामा सबै समुदाय जाति र वर्गको सहभागिता बढाउन वि. सं. २०२८ सालदेखि शिक्षा मन्त्रालयले पनि विशेष कार्यक्रमहरू संचालन गर्दै आएको पाइन्छ । जस्तै : राष्ट्रिय छात्रवृत्ति कार्यक्रम, आधारभुत तथा प्राथमिक शिक्षा कार्यक्रम, विशेष लक्षित समुहका लागि शिक्षा कार्यक्रम, अभिभावक सहुलियत कार्यक्रम, माध्यामिक शिक्षा सहयोग कार्यक्रम, उदार कक्षोन्योती जस्ता कार्यक्रम संचालन गर्दा पनि धेरै बालबालिकाहरु मध्ये दलित बालिबाीलकाहरुमा शिक्षाको अवसरबाट अभ्कैपनि बन्चित देखिन्छन् । दलित जातिमा अभ्कैपनि पूर्णरुपमा शिक्षाको पहुँच पुग्न सकरिहेके छैन । यी कार्यक्रम मार्फत पिछडिएका समुदायका बालबालिकाहरूलाई बढी मात्रामा समाहित गराउने प्रयासहरू गरिएका छन् ।

समाजशास्त्र मानवशास्त्र विषय अन्तरगत समाजशास्त्र विषयको स्नाात्तकोत्तर तह द्वितीय वर्षको आंशिक आवश्यकता परिपूर्ति गर्न दलित समुदायको शैक्षिक स्थितिमा पहुँचको जानकारी गराउने हुँदा सम्बन्धित सबैलाई वर्तमानमा दलित समुदायको शैक्षिक स्थितिको बोध हुन्छ । नेपाल सरकारद्वारा संचालित दलित विद्यार्थी सहयोग कार्यक्रमको प्रभावकारिताको जानकारी दिन्छ । दलित वर्गको शिक्षासम्वन्धी पहुँचमा कमी हुनुका कारक तत्त्वहरुको पहिचान गारई शिक्षामा दलितवर्गलाई अघि बढाउन सहयोग गराउँछ ।

## १.५ अध्ययनको सीमा

मानविकी स्नात्तकोत्तर तहको प्रयोजनको लागि गरिने अध्ययनमा स्रोत, साधन र समयको अभाव नै मुख्य अवरोध रहेको छ । काठमाडौं जिल्लाको चन्दागिरी नगरपालिका

वडा नं. ७ मा वसोवास गर्ने दमाई जातिका वालवाललिकाहरुको शिक्षामा भएको पहुँचको अध्ययन गरिएकोले नेपाल अधिराज्यका सबै दलित जातीको सामूहिक प्रतिविम्ब उतार्न सक्दैन । दमाई जातिका वालवालिकाहरुको शिक्षामा भएको पहुंच अध्ययन गर्न महिला वा पुरुष अभिभावकसंग अन्तरवार्ता लिइने छ ।

## १.६. अध्ययनको संगठन

यस अध्ययनमा छवटा अध्यायहरू हुनेछन् । अध्ययन एकमा परिचय अन्तर्गत अध्ययनको पृष्ठभूमि, अध्यनयको समस्या एवं कारण, अध्ययनको उद्देश्य, अध्यनयको महत्व र अध्ययनको सीमा र संगठन उल्लेख गरिएको छ । अध्याय दुईमा सम्वन्धित साहित्यको अध्ययनअन्तर्गत पूर्व साहित्यको अध्ययन, शैद्धान्तिक अध्ययन, नीतिगत समीक्षा, पूर्व शोधअध्ययनहरु र ढाँचा गरिएको छ । अध्याय तीनमा अनुसन्धान विधिलाई समेटिएको छ । अध्याय चारमा अध्ययन क्षेत्रको परिचय दिइएको छ भने अध्याय पाँचमा दमाई जातिको शिक्षामा पहुँचको अवस्था र त्यससम्वन्धी दलित समुदायको धारणाको वारेमा उल्लेख गरिएको छ र अन्तिम अयाध्य वा छ अध्यायमा सारांश र निष्कर्ष प्रस्तुत गरिएको छ ।

# अध्याय दुई

# सम्वन्धित साहित्यको पूनरावलोकन तथा शैद्धान्तिक खाँका

कुनै पनि अनुसन्धान कार्यका लागि पूर्ववत संबन्धित अध्ययनहरूमा समावेश गरिएका पुस्तक, लेख, रचना तथा विभिन्न पत्रपत्रिकाहरूको सहायता लिनु आवश्यक हुन्छ। यस अध्ययनमा पनि स्वदेशी तथा विदेशी विद्वानहरूद्वारा नेपालका जाति जनजातिहरूका परम्परागत सामाजिक तथा आर्थिक, सांस्कृतिक, शैक्षिक र राजनैतिक पक्षहरूमाथि अध्ययन गरी प्रकाशित भएका पुस्तक, वुलेटिन, पत्रपत्रिकाहरूलाई सान्दर्भिक रूपमा समीक्षा गरी तिनका आवश्यक अंशहरू यस अध्ययनमा राखिएका छन् ।

## २.१ शिक्षाको सैद्धान्तिक अवधारणा

समाजशास्त्रिय अध्ययनमा शिक्षाको समाजशास्त्र एउटा महत्वपूर्ण क्षेत्र हो । कूनैपनि समाजको सामाजिक आर्थिक र सांस्कृतिक परिवर्तनमा शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । शिक्षाको समाजशास्त्रले शिक्षा सस्था र शिक्षा संगठनको विश्लेषण गर्दछ । राज्यको शैक्षिक निती तथा कार्यक्रम को अध्ययन गर्दै यसले समाजको आथिक सामाजिक तथा सांस्कृतिक प्रभावको विश्लेषण पनि गर्दछ । शिक्षा र अन्य ठूला संस्थाहरू जस्तै आर्थिक, राजनितीक, धार्मिक कार्यको अध्ययन गर्दछ । यो शैक्षिक प्रणाली, उपप्रणाली, विद्यालय र क्याम्पसहरू सँग संम्वन्धित देखिन्छ । शिक्षाको समाजशास्त्रले शिक्षालाई संस्कृति प्रशारण गर्ने कर्ताको रूपमा लिन्छ । शिक्षाको प्रकार्यात्मक महत्वलाई पनि जोड दिन्छ । शिक्षालाई सामाजिक परिवर्तनको महत्वपूर्ण साधनको रूपमा लिईन्छ (आचार्य, २०६४)

शिक्षाको महत्त्वलाई दर्शाउँदै दार्शनिक जनलक (Jhon lock) भन्दछन - “बोट विरुवाहरुको विकास गोडमेलद्वारा हुन्छ भने मानिसको विकास शिक्षाद्वारा हुन्छ ।” यसै गरी दार्शनिक जोन डिवेको भनाइ छ - “शारीरिक विकासका लागि खानाको आवश्यक पर्दछ र सामाजिक विकासका लागि शिक्षाको आवश्यकता पर्दछ। समाविष्टगत रुपमा हेर्दा व्यक्ति र समाजको सर्वाङ्गीण विकासको लागि शिक्षाको आवश्यकता पर्दछ ।

माथिको भनाई अनुसार जसरी विरुवा हुर्काउन मल जल तथा समय समयमा गोडमेल गर्नुपदर्दछ । त्यसैगरी मानिस जन्मेपछि व्यवहारमा अगाडी बढाउँन शिक्षाको

जरुरत पर्दछ । मानिसलाई सव्य तथा दक्ष बनाउनका लागि शिक्षा अपरिहार्य तत्व हो । त्यसैले सबै जातजाति, समुदाय, पिछडिएका वर्ग आदिलाई शिक्षा दिनु आवश्यक रहेको कुरा व्यक्त गरेको पाइन्छ ।

Karl Marx (१८१८-१८८३) लाई सामाजिक सिद्धान्तका महान दार्शनिक तथा समाजशास्त्रीका रुपमा लिइन्छ । उनका विचारमा सामाजिक असन्तुलनको प्रमुख कारण नै आर्थिक पक्ष हो । उनका विचारमा वर्ग संङ्घर्षले नै समाजका सम्पूर्ण पक्षहरुमा तथा समान सामाजिक व्यवस्थाको स्वरुपमा परिवर्तन ल्याउने प्रमुख आधार हो र समाजमा परस्पर विरोधी वर्गहरुका विचमा आ-आफ्ना स्वार्थलाई लिएर सामाजिक सङ्घर्षको स्थिति उत्पन्न हुन्छ । जुनसुकै समाजमा प्रमुख रुपले दुईवटा वर्गहरु रहेका हुन्छन् । एउटा शोषक वर्ग र अर्को शोषित वर्ग । समाजको त्यो वर्ग जससँग उत्पादनका साधानहरु हुन्छन् त्यसलाई शोषक वर्ग र जससँग केवल शारीरिक श्रमबाहेक केही हुँदैन त्यसलाई शोषित वर्ग भनिन्छ । मार्क्स भन्दछन्, "आजसम्म भएको समाजको इतिहास भनेको वर्ग संङ्घर्षको इतिहास हो । एउटै शव्दमा भन्दा शोषक र शोषित सधैं एक अर्काको विरोधमा खुलेर त कहिले लुकेर निरन्तर युद्ध गरिरहेका हुन्छन् । यो नै समाजको सिद्धान्त हो ।" यस अन्तरगत शोषक र शोषित वर्गहरु बिच उत्पादनका साधन र उत्पादित वस्तुको असमान वितरण र स्वामित्वको सम्बन्धमा देखा पर्ने असमान तथा वर्गीय सामाजिक संरचनाका आधारमा सामाजिक द्वन्द्व स्थापित हुने गर्दछ । जनु कुरा नेपालमा दलित र गैर दलित बीच शिक्षामा अन्तर भएको कुरा शिद्धान्तमा भिन्न आएको पाइन्छ ।

मार्क्सका विचारमा शिक्षा प्रणाली गुणत्मक छैन् । धनी नीजि विद्यालयहरुले लाभ उठाँउछन् । शिक्षा प्रणाली धनाढ्य शासक वर्गका हितमा निर्माण गरीएको हुन्छ । पूँजीपति कर्मचारीहरुको हितमा शिक्षाले प्रमुख रुपमा काम गर्दछ । शिक्षाले विद्यार्थीहरु बिचको असमानतालाई सुदृढ बनाउँछ । शिक्षाले कुशल कार्यकर्ता उत्पादन गरेर पूँजीपति वर्गलाई आदेश दिन्छ । समाजको समस्या र सक्षमता रुपान्तरण गर्न शिक्षाले सक्दैन । यस सिद्धान्तले समाजमा तल्लो वर्ग पिछडिएको अर्थात् आदिवासी जनजातिलाई माथिल्लो वर्ग अर्थात उपल्ला जातिहरुले प्रभुत्व जमाई सामाजिक अवसरहरुबाट बञ्चित गर्ने र सो को परिणाम स्वरुप उनीहरु आर्थिक रुपले कमजोर भई विद्यालय शिक्षा जस्तो आधारभूत आवश्यकतामा समेत भेदभावपूर्ण व्यवहार रहन गएको छ । त्यस्तै दलित वर्गलाई नेपालमा

यो स्थिति पहिले थियो तर हाल आएर उनीहरुलाई पनि विभिन्न प्रकारका अवसरहरु प्रदान गरी शिक्षामा उनीहरुको पहुँच वढेको पान्इछ ।

माक्सका भनाइ अनुसार मानिस व्यवहारिक र उच्च बनाउन शिक्षा नै सवैभन्दा ठूलो तत्वका रुपमा हेरिन्छ तर शिक्षालाई अगाडी वढाउन प्रत्येक व्यक्तिले आर्थिक पक्ष वलियो र मजवुत हुनु जरुरी छ । गाँस बाँस र कपासको स्थिति पुरा भएपछि मात्र व्यक्तिले अन्य कुराको कमीको महशुस गर्दछ । त्यसैले कुनै पनि समुदायलाई समाजमा भेदभाव नगरी सवैलाई समाज व्यवहार गरी शिक्षा, स्वस्थ्य तथा रोजगारीमा समान अधिकार दिइनु पर्छ भन्न खोजेका छन् ।

## २.२ पुर्व साहित्यको समीक्षा

नेपालमा कानुनी रूपमा वि.स. १९१० मा सुरेन्द्र वीर विक्रम शाह तथा राणाकालीन राणा प्रधानमन्त्री जंगबहादुर राणाले नेपालको कानुनी इतिहासमा नै पहिलो पटक ऐन निर्माण गरे र यो ऐनले जातिय विभेद र छुवाछुत अपराधलाई कानुनी रूपमा नै स्थापित गऱ्यो । त्यसपछि दलित जातिमाथि सामाजिक सांस्कृतिक र आथिृक प्रतिबन्धहरू कडाइका साथ लागु गरे र उक्त कानुनी व्यवस्थाले दलित समुदायहरू मानव मर्यादा विहीन बनायो र राज्यले नै पशुतुल्य जीवन बाँच्न विवश पारियो (दलित संसद त्रैमासिक, २०६८) ।

कानुनी रूपमा २०२० साल देखि जातिय विभेद तथा छुवाछुत मुक्त देश घोषणा गरिएता पनि व्यवहारगत रूपमा अहिले सम्म र लेख रचना र प्रकाशन र कार्यान्वयन विशेष गरे २०४७ साल सम्म मन्द गतिले अगाडी बढ्यो भने २०४७ साल पछिका दिनहरूमा भने दलित जातिको बारेमा नलेख्ने साहित्यकार दलित उत्थान नभनेर खोलिने संघ संस्था भेटाउनु गाह्रो छ । तै पनि अझ सम्म सबै दलित जातिहरूको (पहाडे र मधेसी मुल) वास्तविक पहिचान खोतल्न बाँकी नै रहेको छ । यही परिप्रेक्ष्यमा दलित समुदायको दमाई जातिको बालबालिकाहरूको शैक्षिक अवस्था अध्ययन गर्न जमर्को गरेर दलित जाति सम्बन्धी लेखिएका, प्रकाशन भएका साहित्यहरूको अध्ययन गरी यो अध्ययनको सुरुवात गरेको छ ।

अनौपचारिक सेवा केन्द्र (इन्सेक २०५३) द्वारा प्रकाशित नेपालमा दलित जातिय छुवाछुत नाम पुस्तकमा जातिय छुवाछुत के हो ? शास्त्रीय सन्दर्भ छुवाछुत प्रथाको सुरुवात,

नेपालमा वर्णव्यवस्था र छुवाछुत, वर्ण व्यवस्थाबाट छानी नेपालमा को-को अछुत ? नेपालमा जातीय छुवाछुतको स्थिति कस्तो छ ? नेपालमा जातदिने र लिने प्रथा सार्वजनिक स्थलमा, जातिय भेदभाव विरुद्ध भएका संघर्षहरू बौद्धिक तथा पौराणिक ग्रन्थमा उत्पीडित जातिको समस्या र समाधानका उपायहरू, जातीय मुक्तिका निम्ति विभिन्न क्षेत्रबाट भएका प्रयासहरू नेपालको राजनीतिमा उत्पीडित जातिको उत्थानमा देखा परेका कमजोरीहरू बारे उल्लेख गरिएको छ । यसमा मध्यमाञ्चल क्षेत्रको जिल्ला, धनुषा महोत्तरी सर्लाहीमा बसोबास गर्ने आर्य तथा भारतीय मुलका नेपालीहरूमा रहेको जातिय भेदभाव सम्बन्धी धारणा, तराईका दलितले भोग्नु परेका समस्याबारे पनि प्रकाश पारिएको छ (इन्सेक, २०५३) ।

इन्सेक, पाण्डे र पराजुलीका भनाई अनुसार शास्त्रमै छुवाछेतको सुरुवात भएको पाइन्छ । छुवाछुत प्रथावारे उल्लेख भएकाले दलित भित्रै यसको होडवाजी चल्दै आएको छ । जातीय भेदभावले गर्दा दलितहरु अगाडी वढ्न सकिरहेका छैनन् । शिक्षाबाट बञ्चित हुन पुगेका छन् । त्यसैगरी पाण्डेका अनुसार कुनै निती बनाउँदैमा पुस्तकमा दलितको पहुँच सम्वन्धी कुरा लेख्दैमा दलित अगाडी बढ्दैनन दलितको शिक्षामा पहुँच पुऱ्याउनका लागि त दलित दलित बीचको भेदभावको अन्त्य गरिनु पर्दछ । समाजमा छुवाछुतको अन्त्य गर्न सक्नु पर्दछ भन्ने तर्कहरु उल्लेख गरिएको पाइन्छ ।

नेपालका दलितहरू नामक पुस्तकमा नेपालमा राष्ट्रिय दलित आयोगले सूचिकृत गरेको दलित जातिहरूको परिचय, थरहरू, गोत्र, जनसंख्या, रहनसहन खानपिन, पेशा, शैक्षिक अवस्था संस्कारहरू, आर्थिक अवस्था पहिरन, पूजापाठ, धर्म र नामाकरणबारे उल्लेख गरेका छन् । यसमा दलितको परिभाषा, नामाकरण, दलितहरूको वर्गीकरण, दलित कति ? दलित समुदायभित्रको छुवाछुत, जातिय छुवाछुत प्रथाको इतिहास, दलितमा साक्षरता, दलितहरूको जातीय समस्या, कानुन बनाउँदैमा छुवाछुत समाप्त हुँदैन, दलितबाटै दलित बहिष्कृत र दलित उत्थान सम्बन्धी भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रयासहरूको बारेमा पनि उल्लेख गरेको पाइन्छ (पाण्डेय, २०६३) ।

राज्यको पुनः संरचनामा दलित सहभागिता नामक पुस्तकमा नेपालका स्कुल घुमाउरो वा अप्रत्यक्षरूपमा जातिय विभेदकारी रही आएका छन् । स्कुलमा घरानियाँहरूले आफ्नो हालिमुहालीहरू र सर्वोच्चता कायम हुने गरी स्कुल शिक्षा तयार गर्दछन् र दलितहरू

रणनीतिअनुरूप तयार गरिएको स्कुले शिक्षा पढ्छन्, नेपाली दलित, केटाकेटीहरू, उनीहरू स्कुलमा दलित दमन, र विभेदको इतिहास तथा त्यसका कारणहरू र परिणामबारे पढ्दैनन्, बरु घरानियाँहरूको सर्वोच्चताबारे पढ्छन्, धर्म नैतिकता, समाजव्यवस्था आदिको नाममा आफ्नोबारे तुच्छ कुराहरू तथा घरानियाँहरूबारे उच्च कुराहरु पढ्दै आएका हुन्छन् । उनीहरू सानै देखि त्यसै अनुरूपका बहिष्कार, विभेद र दमनका व्यवहारहरू बारम्बार देख्दै, भोक्दै र सुन्दै आएका हुन्छन् । दलित परिवारमा जन्मनु नै पाप हो र यो पूर्व जन्मको कर्मको परिणाम हो भन्ने कुरा घोकाइरहेको हुन्छ । उनीहरूलाई लगातारको घोकाइ र भोगाइपछि उनीहरू आफूलाई साँच्चै नै तुच्छ र मुर्ख ठान्न थाल्छन् र आफ्नो गएगुर्जेको अवस्थाको जिम्मेवारी आफ्नै भाग्यलाई दिन थाल्छन् यसरी यी सबै कुरालाई उनीहरूले आत्मसाथ गर्दै घरानियाँहरूलाई मालिक र आफूलाई दास ठान्छन् (पराजुली, २०६३) ।

हुन त विभेदकारी मानसिकता तत्काल, आवेगमा आएर गरिने नभएर धर्म, जाति, प्रथा, परम्परा, रितिरिवाज जात, वंश वा जन्मको आडमा गरिने व्यवहार हो, यो परम्परागत मानसपटलबाट निस्कने उद्गारको उपज हो । त्यसैले अतितवादीको मनशायबाट प्रेरित भई गरिने सामाजिक व्यवहार विभेदकारी हुन्छन् र यसैको अपज समाजमा दलितप्रति विवेदकारी व्यवहार गरिन्छ । जसले गर्दा उनीहरुमा भएका ज्ञान, सीप, क्षमताहरु माथि घृणा गरिन्छ र उनीहरुको पेशा ओझेलमा परी बन्द हुँदै गई रहेको छन् भने स्रोत, साधान माथि उनीहरुको पहुँच पुग्न सकेको छैन । यसले गर्दा उनीहरु झन्-झन् गरिबी र अभावमा पिल्सनु परेको छ । यसरी मानवले मानव प्रति जातिको आदरमा गरिने विभेदकारी व्यवहार मानवीय दृष्टिकोणबाट भर्त्सना योग्य व्यवहार हो भने अधिकारको रुपले मानव अधिकारको ठाडो उल्लंघन हो त्यसैले आजको आवश्यकता भनेको जातिय भेदभाव तथा छुवाछूत मुक्त राष्ट्र र समतामुलक निर्माण गर्ने हो । यसको लागि पहिलो आधार दलितहरुलाई शिक्षा दिई उनीहरुलाई राज्यको हरेक क्षेत्रमा पहुँच पुऱ्याउन सकिन्छ ।

नेपाली स्कुल ऐतिहासिककाल देखि नै शिक्षा बहिष्कारी विभेदकारी रही आए अनुरूप नै नेपाली दलितहरू शैक्षिक तथा अरु धेरै अवसरबाट सधैं वञ्चित रहे । आधुनिक स्कुल प्रणालीले यसै परम्परालाई कायम राख्दै आएको छ । यस परम्परालाई अगाडी बढाउँदै नेपाली स्कुलमा दलित केटाकेटीहरूलाई, बोधो, ठग, अल्छी भगुवा, बदमास, फोहरी खाना पाउनु नामर्द आदिको पगरी गुताइएको हुन्छ र स्कुलमै असफलता भएका उनीहरू

असफलताबाटै आफ्नो जिन्दगी सुरुवात गर्दछन् तर अर्को पट्टी घरानियाँ, केटाकेटीहरूलाई भने तीक्ष्ण बुद्धिको, चलाख, बाठो, मिहिनेती, अनुशासित, मिलनसार, आज्ञाकारी साँचो बोल्ने, मीठो बोल्ने, सफासुग्घर भएको आदिको उपमा पाउँदै क्रमशः एकपछि अर्को सफलता हासिल गर्दै जान्छन् भन्ने कुरा उल्लेख गरिएको छ ।

प्रस्तुत "Uniersalization of primary education disadvantaged population group" प्रतिवेदनमा पिछडिएको समुदाय केटाकेटीले विद्यालय छाड्ने कारण प्रस्तुत गरेको छ । बालबालिकाहरू विद्यालय छाड्ने कारणहरू :- विद्यालयको वातावरण उचित नहुनु, शिक्षण सिकाइ क्रियाकलाप विद्यार्थीको दैनिक जीवनसँग सम्बन्धीत नहुनु, केटाकेटीहरूलाई समूहमा समायोजन हुन समस्या पर्नु, बसाइ-सराँइ, गाउँका केटाकेटी कमजोर स्वास्थ्य र कुपोषणबाट पीडित हुनु, ग्रामीण केटाकेटीको लागि विद्यालय उचित नहुनु शिक्षाबाट तुरुन्तै फाइदा नपाउनु श्रव्य-दृश्य शैक्षिक सामाग्रीहरूको प्रयोगमा कमी हुनु र उपलब्ध नहुनु जस्ता कुराहरूलाई समेटिएको छ CERID (१९८८) ।

नेपालका ग्रामिण क्षेत्रका प्राथमिक विद्यालय छाड्ने प्रमुख कारक तत्वहरूमा अशिक्षा, आर्थिक अवस्था, कृषि पेशामा संलग्न मजदुरी पेशा र ठूलो परिवार, तल र दलित जातका केटाकेटीहरूले अधिकतम मात्रामा विद्यालय छाड्ने दर वृद्धि भई रहेको विद्यालय छाड्नुको प्रमुख कारण आर्थिक अवस्थामा र अभिभावकको चेतनासँग प्रत्यक्ष सम्बन्ध रहेको कुरा उल्लेख छ । यस दलित भन्दा गैह्र दलितहरूको शैक्षिक उपलब्धी घर राम्रो भएको देखाइएको छ (CERID, १९८७) ।

“प्राथमिक विद्यालयमा दलित बालबालिकाहरूको शिक्षामा सहभागिता” शीर्षकको शोधपत्रमा विद्यालय दलित र गैह्रदलित बालबालिकाहरूको भर्ना स्थिति, उत्तीर्णदर, कक्षा दोहोर्‍याउने दर, कक्षा छाड्ने दर र दलित बालबालिकाहरू अतिरिक्त क्रियाकलापहरूमा सहभागिता हुनुमा बाधा पार्ने कारणहरू र शैक्षिक सहभागिता सम्बन्धी समस्याहरू र ती समस्याहरू समाधान गर्ने उपायहरू सम्बन्धी उल्लेख गरिएको छ (दाहाल, २०६१) ।

रुकुम जिल्ला नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने दुर्गम पहाडी जिल्ला हो । विकास पूर्वाधारको विकास नभएको यस जिल्लामा शिक्षा क्षेत्रको विकास पनि त्यति राम्रो सँग हुन सकेको छैन । २,८५,००० जनसंख्या यस जिल्लामा साक्षरता दर ३९,०००

रहेको छ । ३३ हजार जनसंख्या रहेको दलित जातिहरु मध्ये २३% दमाई जातको रहेको छ । (तथ्याङ्क शाखा, रुकुम जिल्ला) त्रैमासिक बुलेटिन २०६८ पिपल गा.वि.स. रुकुम जिल्लामा पर्ने ४३ गा.वि.स. मध्ये एक हो । यो जिल्ला सदरमुकाम रुकुम खलङ्गा देखि पूर्व उत्तर भेगमा ७ कोश टाढा अवस्थित छ । यहाँ प्रायः मानिसहरु कृषि पेशा अपनाउँछन् । विभिन्न जातिहरुको बसोबास रहेको यस गा.वि.स.मा दमाई जातिको बसोबास पनि रहेको छ । गा.वि.स. को वडा नं. ४,५,७,६,३,१ मा दमाई जातिको बसोबास रहेको छ र वडा नं. ५,४,७ र २ मा दमाई समुदायको बाक्लो वस्ती रहेको छ । ०४०५५ जनसंख्या रहेको यस गा.वि.स.मा ७२३ जनसंख्या दमाई जातिको रहेको छ । गा.वि.स.को पिपल मिश्रित पेशा अपनाएको दमाई जातिहरु समाजमा अछूतको रुपमा रहेको छन् आर्थिक, सामाजिक, शैक्षिक दृष्टिले पिछडिएको छन् (राष्ट्रिय दलित आयोग, २०६४) ।

राज्यले कानुनी रुपमा २०२० साल देखि छुवाछूत तथा जातिय विभेदलाई दण्डनीय भनी घोषण गरेता पनि व्यहावरमा यो कार्यान्वयन हुन सकेको छैन । अहिले सम्मका घोषण पत्र, प्रतिबद्धता सम्झौताहरु र कानुनको कार्यान्वयन प्रक्रिया प्रभावकारी नभएको देखिन्छ । कार्यान्वयन भए पनि कसुरदारले पाउने सजाय फितलो भएको कारण कसुरदार फेरि अपराध गर्नमा प्रोत्साहित हुने देखिन्छ ।

शैक्षिक रुपमा पिछडिएका जनता र समुदाय निश्चित गर्ने तीनीहरूका समस्या पत्ता लगाइ ती समस्या समाधानका प्रभावकारी कार्य योजना तयार पारी ती जातिको शिक्षामा सहभागिता नियमितता र शैक्षिक उपलब्धिको लेखाजोखा गरि त्यसलाई आधारभुत तथा प्राथमिक शिक्षा परियोजनाका कार्यक्रममा निश्चित गर्दा जनजातिको शिक्षामा पहूँच बढाउन महत्वपुर्ण सहयोग पुग्ने तथ्य उल्लेख गरेको पाइन्छ (सेरिड, २०५८) ।

नेपालमा शैक्षिक पहुँचको सन्दर्भमा प्राथमिक तहमा अध्ययन गर्नुपर्ने ५-९ बर्ष उमेर समुहका बालबालिकाहरू मध्ये ८२.८ प्रतिशतलाई मात्र विद्यालयमा ल्याउन सकिएको छ । यस सन्दर्भले १७.२ प्रतिशत वालवालिकाले शिक्षा प्राप्त गर्न नसकेको देखाउछ (नेपाल पत्रिका, २०६१) ।

दशौ पंचवर्षिय योजना (२०५९-२०६४) अनुसार मानवीय संसाधनको विकास महिला तथा विपन्न वर्गको सशक्तिकरण र दलित, जनजाति तथा विपन्न वर्गको उत्थान,

रोजगारी तथा सुरक्षाको लक्षित कार्य उल्लेख भएको पाइनु नै शिक्षा पाउनुपर्ने सवैको हकलाई महत्व दिएको बुझिन्छ । जसले गर्दा दलितको शिक्षामा पनि पहुँच पुगको पान्इछ ।

त्यसैगरी नेपालको संविधान २०७२ को भाग ४ मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत नागरिक आधारभूत आवश्यकता सम्बन्धि नीति अवलम्वन गरिएको छ । जसमा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायीक, सीपमूलक, रोजगारी मूलक जनमुखी बनाउँदै सक्षम प्रतिस्पर्धी नैतिक एवं राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको नीजि क्षेत्रको लगानी नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने, उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निशुल्क बनाउँदै लैजाने । नागरिकको व्यक्तित्व विकासको लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने आदी उल्लेख गरिएकाले दलितको शिक्षामा पहुँच पुग्ने कुरा देखिन्छ (नेपालको संविधान, २०७२)

गैर दलितको शिक्षामा पहुँच किन भयो र दलितहरुको किन भएन भन्ने सन्दर्भमा मुख्य कुरा सामाजिक कारण हुन गएको अवस्था पाइन्छ । सामाजिक असमानताले समाजमा भएका जात, धर्म, संस्कृति, प्रजाती, लिङ्ग तथा आथिक आधारमा रहेका असन्तुलन, शक्तिको असमान पहुँच तथा सामाजिक जीवन अवसरबाट बञ्चितको अवस्थालाई जनाउँदछ । जातीय आधारम तल्लाजाती र उपल्लाजाती बीच रहेका शक्ति र तिनीहरुको प्रभावको प्रयोग तथा अवसारहरुमा नितीहरुको पहुँचको स्थिति असमान देखियो भने यसैलाई सामाजिक असमानता भन्न सकन्छि (आचार्य, २०६४) ।

नेपाल सरकार, शिक्षा मन्त्रालय “सबैका लागि शिक्षा”, “जीवनपर्यन्त शिक्षा” जस्ता नारालाई वास्तविकतामा परिवर्तन गर्न र गुणात्मक वृद्धि गर्दै लैजाने उद्देश्यले आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम (दोस्रो चरण १९९९-२००४) लागू गरेका थियो । यसले आधारभूत प्राथमिक शिक्षा परियोजना प्रथमका उपलव्धिहरूको समीक्षा गरेर आगामी कार्यक्रमहरूलाई ४० जिल्लाबाट बढाई ७५ वटै जिल्लामा पुऱ्याउने लक्ष्य अनुसार क्रमशः पहिला वर्ष ४८ जिल्ला, दोस्रो वर्ष १२ जिल्ला र तेस्रो वर्ष बाँकी १५ जिल्लामा यो कार्यक्रम संचालन गरिएको छ । समुदायमा शिक्षाप्रति जनचेतना जगाउने उद्देश्यले समुदाय परिचालन कार्यक्रम र निरक्षर जनसमूहलाई साक्षर गराउने उद्देश्यले साक्षरता कार्यक्रम

संचालन गरेका छन् । यस्ता खालका कार्यक्रमले दलितको शिक्षामा पुहँच वढ्दै गएको यस अध्ययनले बताएको छ (शिक्षा मन्त्रालय/आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम,२०६०) ।

छात्रवृत्ति र निःशुल्क शिक्षाको प्रभाव पनि एक हो । दलित, जेहेन्दार र गरिव विद्यार्थीहरुलाई छात्रवृत्ति दिने व्यवस्थाले गर्दा पनि शिक्षामा दलितहरुको सहभागिता बढ्न गएको अध्ययनमा पाइन्छ । दलित परिवारको अवस्था हेरि उनीहरुको सवै कुरा बुझेर दलितहरुलाई निःशुल्क शिक्षा पनि दिइदै आएको जानकारी शिक्षा विभागले गरेको छ । जसले गर्दा विद्यालयमा दलितको सहभागिता बढ्न गएको पाइन्छ । यसका कारण दलितहरु निर्धक्क भएर आफ्नो समस्याहरु विद्यालयमा आई राख्न सक्ने भए र उनीहरुको आत्मविश्वास बढेर जाने भयो र शिक्षाका बारेमा विस्तारै बुझ्न सक्ने वातावरण सरकारले बनाएकाले यस्ता व्यवस्थाबाट दलितको शिक्षामा प्रभाव परेको पाइन्छ (एच.के. लोहार (१४ साउन २०७३, कान्तिपुर) ।

शिक्षामा असमान सहभागिता र अवसरको इतिहास लामो समयदेखि चल्दै आइरहेको छ । प्रधानमन्त्री जंगबहादुरले निश्चित रुपमा आफ्ना परिवारका सदस्यहरुलाई अंग्रेजी बोल्न र लेख्न जान्ने बनाउन सन् १८५४ मा दरबार स्कूलको शुरुवात गरे । यस स्कूलमा पनि जनताका छोराछोरीको पहुँच थिएन । शासन व्यवस्थासँगै नजिक भएको राणाहरुको स्वीकृतिमा यस विद्यालयमा पढ्न पाउँथे । नेपालमा औपचारिक शिक्षाको विकास र विस्तार सन् १९५१ पछि केही हदसम्म भएपनि जनताका छोराछोरीहरुले शिक्षा ग्रहण गर्न पाए । सन् १९५० मा एक प्रतिशतको हाराहारीमा रहेको नेपालको साक्षरता दर सन् १९८० सम्म २३ प्रतिशत पुग्यो । तर पञ्चायत कालमा पनि शिक्षाको नाममा राज्यले निश्चित भाषा धर्म र संस्कृतिलाई मात्रै बढवा दिने काम गऱ्यो । जसले गर्दा गरिब जनतामा शिक्षाको पहुँच पुगेन । जुनकुरा नेपालको दलित समुदायबाट पनि प्रष्ट हुन्छ । (गुरुङ्ग, २००८)

गुरुङका भनाइअनुसार राणाकालदेखि नै शिक्षामा भेदभाव गरिएको छ । जव २००७ सालपछि प्रजातन्त्रको स्थापना भयो । अनिामत्र राणा तथा शाहपरिवार वाहेक अन्य पहूँचवाला व्यक्तिले शिक्षामा भाग लिन थालेको पुष्टि हुन्छ । त्यतिबेलासम्म पनि दलित तथा पिछडिएका वर्गले अझ शिक्षामा सहभागी हुन पाउने अवस्था थिएन । जब २०४६ सालको वहुदलिय व्यवस्था शुरु भयो त्यसपछिमात्र दलित समुदायको शिक्षामा सहभागी हुन गई विस्तारै सरकारले शिक्षामा पहुँच पुऱ्याएको कुरा यहाँ उल्लेख गरेको पाइन्छ ।

मार्टिन चौतारीको अध्ययन अनुसार उच्च शिक्षा (स्नातक र स्नातकोत्तर) हतमा ६०.६ प्रतिशत विद्यार्थीहरु पुरुष र ३९.४ प्रतिशत महिला छन् । जातियताका आधारमा हेर्दा भर्ना दरका विद्यार्थीहरु मध्ये बाहुन - क्षेत्री ६८.४ प्रतिशत र नेवारको १२.३ प्रतिशत छ भने जनजातिको १२.७ प्रतिशत, मधेशिको ४ प्रतिशत, दलितको १.५ प्रतिशत तथा मुस्लिमको ०.२ प्रतिशत मात्र छ । यसलाई २००१ को जनगणनासँग दाँजेर हेर्दा बाहुन, क्षेत्री र नेवारहरुको उच्च प्रतिनिधित्व छ भने जनजाति, मधेशी, दलित र मुस्लिमहरुको अल्पसंख्यक प्रतिनिधि रहेको छ (भट्ट, २०११) ।

भट्टका अनुसार उच्च शिक्षाको तथ्याङ्क हेर्दा उच्च जाति जनशक्तिका तुलनामा दलित जातिको सहभागिमा धेरै नै कम रहेको पाइयो । यसको कारणमा मुख्यतः सामाजिक अपहेलना आर्थिक समसङ्ग र राज्यबाट दलितको शिक्षामा दिइएको कम अवसर मान्न सकिन्छ ।

'नेपालमा दलित मानव अधिकारको अवस्था र कानुनी व्यवस्था' मा उनले उत्पीडित दलित समुदायको मानवअधिकारको स्थितिमा केन्द्रित भई दुई भागमा विभक्त पारी यस कृतिमा हजारौं वर्षदेखि जातीय विभेद र छुवाछुतबाट ग्रसित, उत्पीडित दलित समुदायको परिचय उनीहरूलाई लादिएको सामाजिक, आर्थिक र राजनैतिक, सांस्कृतिक एवम् शैक्षिक विभेदको चर्चा गरेको पाइन्छ । मानवअधिकार उल्लङ्घनका घटनाहरू विद्रोही माओवादी एवम् राज्यले चलाएको हिंसा र प्रतिहिँसा हापुरे वार्तासम्म र त्यसपछिको समेत दलितको अवस्थाको विश्लेषण गरिएको छ । दोस्रो भागमा वर्तमान कानुनी व्यवस्थामा दलितको व्यवस्था प्रस्तुत गरिएको छ। जुन अध्ययनले दलितको शिक्षामा पहुँच पढ्दै आएको कुरा प्रष्ट हुन्छ (भट्टचन, २००८) ।

भट्टका अनुसार पनि शिक्षामा विभेदको कारण दलितहरुपछि परेको पुष्टि गर्दछन् । मानव अधिकार उल्घनका घटनाहरु दिन प्रतिदिन सुन्दै र देख्दै आएका छौं । हामीले जतिनै दलितका लागि शिक्षा र स्वास्थ्यमा पहुँच दिलाएपनि सामाजिक विभेदले गर्दा दलित जाति अगाडी बढ्न सकिरहेको अवस्था कमै रहेको पाइयो ।

दलित जातिहरुको आर्थिक तथा शैक्षिक अवस्था ज्यादै कमजोर रहेको देखाएको छ । शैक्षिक रुपमा समेत पिछडीएका यी जातिहरुको प्रमुख आयस्रोत भनेको नै कृषिका साथै दैनिक ज्यालादारी रहेको छ। खेतीपातीबाट उत्पादन भएको अन्नले यिनीहरुलाई आधा वर्ष पनि गुजारा गर्न गाह्रो हुन्छ भने बाँकी समय यिनीहरु कडा परिश्रम गरेर विहान बेलुकाको छाक टार्न ज्यालादारी गर्न बाध्य हुन्छन् । कमजोर आर्थिक अवस्थाका कारण शैक्षिक अवस्था पिछडीएको छ त्यसमा पनि उनीहरुको शिक्षालाई आर्थिक अवस्थाले प्रत्यक्ष प्रभाव पारेको देखिन्छ । नितान्त गरिवीको रेखामुनी रहेको ६० प्रतिशत दलितहरुको भुस्वामित्व नगन्य मात्रामा रहेको छ । जसले गर्दा दलितको शिक्षालाई माथि उकास्न शिक्षामा वेजोड परिवर्तन गराई दलितको शिक्षामा अवसर प्रदान गरिदै आएको पाइन्छ ( सेरिड, २०५६) ।

विभेदको संरचनाले दलित बालबालिकाहरुले विद्यालयमा ठूलो चुनौति सामना गर्नु परेको छ । यही कारणले गर्दा दलित बालबालिहरुले विद्यालय छोड्नु परेको छ । विभेदीकरणको एक महत्वपूर्ण तत्व शिक्षकबाट सिर्जना भएको छ । शिक्षामा विशेषाधिकार रहँदा दलित बालबालिकाहरु शिक्षकद्वारा नपिटेर पढ्न सक्दैनन् । यस्तो स्थितिलाई मध्यजनर गरेर शिक्षामा हरेक वर्ष वढी भन्दा बढी वजेट छुट्याइको शिक्षासम्वन्धी जनचेतना फैलाउँदै अगाडी बढेकाले दलितको शिक्षामा पनि पहुँच वढ्दै गएको पाइन्छ (IDSN, 2010) ।

नेपालमा सवैका लागि शिक्षा सुलभ हुन नसकेका कारण न्यून साक्षरता रहेको र शिक्षामा हुने सरकारी लगानीको प्रतिफल सवै वर्गमा समान ढंगबाट पुग्न नसकेको कुरा उल्लेख छ । साथै शैक्षिक विकेन्द्रिकरणको प्रमुख उद्देश्य सेवाग्राहीको पहुँचमा बृद्धि गराउनु हो । विद्यालय नगएका लक्षित समूह जसभित्र आदिवासी, जनजातिका बालबालिकाहरु समेत पर्दछन् । तिनीहरुमा न्यायोचित र यथेष्ट शैक्षिक सेवा पुऱ्याउनु शैक्षिक विकेन्द्रिकरणको उद्देश्य हो भन्ने विचार उल्लेख गरेका छन् । जसका कारण दलितहरुको शिक्षामा पहुँच वढदै गएको पाइन्छ (खनाल, २०६६) ।

सेरिड, IDSN र खनालका भनाई अनुसार दलितहरु शिक्षाबाट बञ्चित हुनुमा वर्षभरि खान पुग्ने जग्गाजमिन नहुनु, आीर्थक अवस्था कमजोर रहनुका कारणले ज्झाला मजदुरी गर्न बाध्य र छोराछोरीहरुलाई घरको कामधन्दा गनुएपर्न, साना साना भाइबैनीहरु हेर्नु पर्ने वाध्यताका कारण विद्यालय जान नपाएको बताउँछन् । साथै IDSN का अनुसार

पनि दलित जाति शिक्षामा पछि पर्नुमा विभेदीकरण नै मुख्य हो भनेका छन् । तर आज आएर राज्यले शिक्षामा वेजोड परिवर्तन गराई दलितहरुको शिक्षमा अवसरहरु प्रदान गर्दै आएको । दलितका शिक्षामा पहुँच पुऱ्यएको छ भनी उल्लेख गरेको पाइन्छ ।

नेपालमा जातीय विविधता विद्यालयमा अप्रत्यक्ष रुपमा शिक्षकहरुबाट भइरहेको तथ्य नेपालको जातीय आधारमा विद्यालयमा विभेद भन्ने अध्ययनले देखाएको छ । दलित विद्यार्थीहरुलाई शारीरिक यातना दिने, अपहेलना गर्ने, बारम्बार आरोप लगाउने र विद्यार्थीहरुको नेतृत्वको कमजोर पहुँचको अवसर दिने गरिएको छ । जसको परिणाम स्वरुप दलित विद्यार्थीहरु कक्षामा नियमित उपस्थित नहुने, अध्ययनमा कम ध्यान दिने, विद्यालयका गतिविधिमा न्यून सहभागिता रहने, कमजोर कार्य सम्पादन गर्ने र विद्यालय छोड्ने गर्दछन् । तर हाल आएर यही कुरालाई मध्यनजर गर्दै विशक्षामा आमूल परिवतएन गरी अगाडी बढेकाले दृलतको शिक्षामा पहुँच पढ्दै गरेको पाइन्छ (विश्वकर्मा, २०१०) ।

दलित समुदायका शैक्षिक तथा साँस्कृतिक समस्या र समाधानका उपायहरुले दलित समुदायको परिचय, शिक्षामा पहुँच र ती क्षेत्रमा वर्ण व्यवस्थाले पारेको प्रभाव, दलितहरुको विद्यालय स्तर तथा उच्च शिक्षा सम्वन्धिका समस्याहरु बारे जोड दिनुपर्छ । शैक्षिक तथा साँस्कृतिक समस्या समाधानका उपाय, शिक्षालय तथा छात्रवासमा समानता हुनु पर्ने, पाठयक्रममा जातीय विभेद विरोधी पाठहरुको समावेश हुनु पर्ने, दलितका लागि अनौपचारिक र विशेष शिक्षाका कार्यक्रमहरु कार्यान्वयन हुनु पर्ने र दलितका लागि शिक्षा तथा रोजगारी आदी क्षेत्रमा आरक्षणको व्यवस्था हुनुपर्ने कुरामा ख्याल गर्नु पर्छ (गिरी, २०५४) ।

विश्वकर्मा र गिरीका अनुसार दलित विद्यार्थीहरुलाई अपहेलना गर्ने, शिक्षाको पहुँचबाट बञ्चित गर्ने, शिक्षकहरुले दलित भनी हेप्ने पढाइमा ध्यान नदिने अन्य प्रतिभाहरुमा पछि पोर्न गर्दा दलितहरु विद्यालय जान मन नगर्ने, डर तथा लाज मान्ने अन्य काम गरे पैशा कमाइन्छ पढेर के पान्इछ भन्ने जस्तो सोच बनाएको कुरा उल्लेख गरेका छन् । यसका लागि व्यापक रुपमा शिक्षाको जनचेतना दलित वस्तीमा फैलाउनु पर्ने देखिन्छ ।

शिक्षामा समतामुलक पहुँच अभिवृद्धि गर्ने, उच्च शिक्षालाई सिपसँग आवद्ध गर्ने र प्राविधिक तथा बैज्ञानिक शिक्षाका अवसरहरु वृद्धि गर्दै लैजानु पर्ने सन्दर्भमा उच्च शिक्षालाई व्यवस्थित गर्दै लैजान सरकारका साथै निजि क्षेत्र, सहकारी, गुठी, स्थानीय निकाय एवंम् समुदायलाई समेत उत्तरदायी बनाइ समग्र शैक्षिक प्रक्रिया तथा कार्यक्रमहरुलाई प्रभावकारी, सान्दर्भिक र गुणस्तरिय बनाउनु पर्ने आवश्यकता छ । २०७१ सालसम्मको तथ्याङ्कअनुसार उच्च शिक्षा प्रदायकका रुपमा ९ ओटा विश्वविद्यालयहरु र ४ ओटा स्वास्थ्य विज्ञान प्रतिष्ठानहरु रहेका छन् । उच्च शिक्षा प्रदान गर्ने १२७६ क्याम्पसहरु मध्ये ९६ ओटा आंगिक क्याम्पसका रुपमा र ४२९ ओटा समुदायबाट संचालित छन् भने ७५१ ओटा निजी लगानीमा संचालित छन् । अहिले नेपालको उच्च शिक्षाको कूल भर्नादर १७.१ प्रतिशत पुगेको छ । संख्यात्मक रुपमा उच्च शिक्षा प्रदायक संस्थाहरुको विस्तार भएको देखिएता पनि उच्च शिक्षाको पहुच र अवसर समतामुलक बन्न सकेको  छैन (उच्च शिक्षा नीति, २०७२) ।

माथिका सन्दर्भ ग्रन्थहरुको अध्ययनले के स्पष्ट हुन्छ भने दलित जातिको शैक्षिक अवस्थाबारे अध्ययन अनुसन्धान समग्र दलित जातिहरूमा भएको र त्यसमा पनि विशेष गरेर तार्ईका जिल्लाहरूमा र पहाडका सुविधा (यातायात) पुगेका जिल्लाहरू जस्तै, काठमाडौं, गोरखा, धादिङ, हेटौडा, कास्की आदि जिल्लाहरूमा मात्र सीमित राखिएको रहेका पाइन्छ । सुविधा (यातायात) नुपेगका हिमाली तथा पहाडी जिल्लामा दलित जाति र त्यसमा पनि दमाई जातको बालबालिकाहरूको शैक्षिक अवस्था र त्यसमा प्रभाव पार्ने तत्वहरूको बारेमा खोज, अनुसन्धान लेखहरु पाइदैन । यसै परिवेशमा मैले रुकुम जिल्ला पिपल गा.वि.स. मा बसोबास गर्ने दलित जाति अन्तर्गतको “दमाई जातिको” बालबालिकाहरूको शैक्षिक अवस्था कस्तो छ ? दमाई जातिका बालबालिकाहरूको शैक्षिक अवस्थामा प्रभाव पार्ने तत्वहरूमा के के छन् : शैक्षिक समस्या सुधार गर्ने उपायहरु के के हुन सक्छन् ?

कुनैपनि अध्ययन अनुसन्धान कार्यमा त्यसभन्दा अगाडि भएका सम्बन्धित विषयको बारेमा प्रकाशित पुस्तक लेख रचना तथा विभिन्न पत्रपत्रिकाहरूको सहायता लिन आवश्यक हुन्छ । यस अध्ययनमा पनि स्वदेशी तथा विदेशी विद्वानहरूद्वारा नेपालका जाति जनजातिहरूको परम्परागत सामाजिक, आर्थिक पक्षहरू माथि अध्ययन गरी प्रकाशित भएका आवश्यक अंशहरू राखिएको छ ।

## २.३ नितीगत समिक्षा

नेपालको संविधान २०७२ भाग ३ को धारा(३१)मा शिक्षासम्बन्धि हकको व्यवस्था गरिएको छ । जसमा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ । प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ । अपाङ्गगता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ । दृष्टीविहिन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वरवा वोलाई सम्बन्धि अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ । नेपालमा बसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृ भाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय र शैक्षिक संस्था खोल्न र संचालन गर्ने हक हुनेछ । त्यसैगरी नेपालको संविधान २०७२ को भाग ४ मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत नागरिक आधारभूत आवश्यकता सम्बन्धि नीति अवलम्वन गरिएको छ । जसमा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायीक, सीपमूलक, रोजगारी मूलक जनमुखी बनाउँदै सक्षम प्रतिस्पर्धी नैतिक एवं राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको नीजि क्षेत्रको लगानी नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने, उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निशुल्क बनाउँदै लैजाने । नागरिकको व्यक्तित्व विकासको लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने (नेपालको संविधान, २०७२) ।

## २.४ शैद्धान्तिक खाँका

सम्पूर्ण पिछडिएका जाति तथा समुदायका व्यक्तिहरू शिक्षा, स्वास्थ्य, रोजगार जस्ता राष्ट्र विकास र निर्माणका क्षेत्रमा उत्साहजनक रुपमा सहभागी हुन पाउनु सबैका लागि खुसीको कुरा हो । विपन्न र पिछडिएका समुदायको विकास र उत्थान सम्बन्धी अनुसन्धानात्मक कार्यमा जोड दिन थालिएको राष्ट्रिय सन्दर्भमा प्राज्ञिक अनुसन्धानको पक्षमा भने सबैको ध्यान गएको पाइदैन । जनजातिसाग सम्बन्धीत अनुसन्धानात्मक नीति, कार्यनीति तथा जानकारी मुलक लेखहरूले यस्ता जातिहरूको सम्पूर्ण पक्षका बारेमा पूर्ण रुपमा जानकारी दिन सकेका छैनन् । उनीहरूको शिक्षा, स्वास्थ्य र रोजगारीमा पहुँच,

प्रभाव, अवसर, चुनौती र सुधार रणनीतिक उपायहरू जीवन निर्वाहको समस्या र स्वभाविक परिवर्तनको सम्बन्धमा हलुका अध्ययनको खाका मात्र पाउन सकिन्छ ।

विभिन्न जनजाति सम्वन्धी लेख रचना शोधहरू तथा पत्रपत्रिकाहरूको अध्ययनबाट जनजातिको शैक्षिक पहुँच कस्तो छ भन्ने कुराको पूर्व इतिहासको ज्ञानबाट बर्तमान र भविष्यको अनुमान गर्न सकिन्छ । साथै सम्वन्धित जातिको शैक्षिक पहुँच बढाउन के के गर्नु पर्छ ? विगत कस्तो थियो ? वर्तमान कसरी अगाडि बढीरहेको छ ? र भविष्यलाई कसरी कुन बाटोमा लान सकिन्छ भन्ने खाका तयार गर्न समेत सजिलो पारेको छ ।

संम्बन्धित साहित्यको अध्ययनले लेखन कार्यलाई शिलशिलावद्ध बनाउनका साथै विषय संगठन तथा विचलनहरुलाई रोक्न पनि सहयोग गर्दछ । पिछडिएका जातिहरुको उत्थानका लागि शिक्षा रोजगार लगाएत राज्यका सवै क्षेत्रमा पहुँच पुऱ्याउन राज्यले कुन रणनितिको अवलम्वन गर्नुपर्छ भन्ने सुझाबदिन साथै प्रभावकारी कार्यक्रमहरु निर्माण र कार्यन्वयन गर्न मार्गदर्शन गर्ने भएकोले यसको अध्ययनको महत्वपुर्ण रहेको छ ।

दलित समुदायको शिक्षामा पहुँचको अध्ययन गर्नका लागि सर्वप्रथम दलित बालबालिकाहरूको विद्यालय शिक्षाको सम्बन्धमा जानकारी प्राप्त गर्न आवश्यक हुन्छ । त्यसकारण यस अध्ययनमा दलित समुदायको अत्याधिक बसोवास रहेको यस वडाका दलित समुदायको शैक्षिक अवस्थाको अध्ययनका लागि अध्ययन क्षेत्रमा भर्ना भएका, कक्षा दोहोऱ्याएका र बीचैमा विद्यालय छोड्ने अवस्थाको समेत अध्ययन गरिएको छ । साथसाथै दलित समुदायका वालवालिकाहरु के कस्ता कारणले गर्दा शिक्षा लिन वञ्चित रहेका छन् र उनीहरुलाई विद्यलायसम्म पुऱ्याउन सरकार, समाज र अन्य सस्थाले शिक्षामा के कता पहुँच अघि बढाएको छ भन्ने कुराको अध्ययन गरिएको छ ।

# अध्याय – तीन

# अनुसन्धान विधि

अनुसन्धान ढाँचा, अध्ययन गरिएको छनौट, तथ्याङ्कको प्रकृति र श्रोतहरु, समग्रता, नमूना, छनौट र एकाई विश्लेषण, तथ्याङ्क संकलन विधि, अन्तरर्वाता, समुह छलफल, तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण प्रस्तुत गरिएको छ ।

## ३.१. अनुसन्धान ढाँचा

यो अनुसन्धान दमाईहरूको शैक्षिक अवस्थाका बारेमा जानकारी प्राप्त गर्नु र उनीहरुको शिक्षालाई प्रभाव पार्ने विविध तत्वहरूको खोजी गर्नु तथा शिक्षाले उनीहरुको जीवनमा पारेको प्रभाव परिक्षण गर्नुतर्फ केन्द्रित रहने हुँदा यसमा शैक्षिक अवस्थाको सम्बन्धमा वर्णात्मक ढाँचामा अनुसन्धान गरी प्राप्त तथ्यहरूको अन्वेषणात्मक र वर्णात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ भने दमाई जातिको शैक्षिक अवस्था र शिक्षा प्रतिको धारणालाई प्रभावित गर्न समाजमा विद्यमान तथ्यहरूको पहिचान गरी त्यसको बारेमा व्याख्या र विश्लेषण गरिएको छ । अध्ययनका लागि आवश्यक तथ्याङ्क प्राथमिक र द्वितिय श्रोतबाट लिइने छ ।

## ३.२ अध्ययनको समग्रता

यस अनुसन्धान प्रक्रियामा दमाई जातिहरूको शैक्षिक क्षेत्रमा रहेको सहभागिता बारे अध्ययानका लागि अध्ययन क्षेत्रको रूपमा दमाईहरूको बाहुल्यता रहेको काठमाडौं जिल्लाको चन्दागिरी नगरपालिकामा जम्मा ८५,१९५ घरधुरी मध्ये सबैभन्दा बढी घरधुरी वडा नं. १ मा छ । जहाँ ३५९८ घरधुरीमो सबैभन्दा कम घरधुरी वडा नं. ६ मा ४२९  घरधुरी र १६८१ जनसंख्या रहेको छ भने अध्ययन क्षेत्र वडा नं. ७ मा २५०२ घरधुरी र ७३४३ जनसंख्या रहेको छ । जसमध्ये वडा नं. ७ को घुमाउने गाउँमा दमाई जातिको जम्मा १५० घरधुरी मध्ये उद्देश्यमूलक नमुना छनौटका आधारमा जम्मा ४० घरधुरीलाई अध्ययन क्षेत्र छनौट गरिएको छ । जसमा एक घरपरिवारबाट एकजना सदस्यलाई उत्तरदाताका रुपमा छनौट गरिएको छ ।

### ३.३ तथ्याङ्कको प्रकृति र स्रोत

यस अध्ययन अनुसन्धानलाई यथार्थपरक बनाउनका लागि विभिन्न विधिहरुको प्रयोग गरिएको छ । आवश्यक तथ्याङ्कलाई प्राथमिक र द्वितिय श्रोतबाट संकलन गरिएको छ ।

### ३.३.१ प्राथमिक श्रोत

यस अध्ययनका लागि अनुसन्धानकर्ताले दमाई जातिका शिक्षाको बारेमा अध्ययन गर्दा प्राथमिक विधिहरु प्रयोग गरिएको छ । प्राथमिक विधिहरुमा अन्तरवार्ता, घरधुरी सर्भेक्षण, अन्तवार्ता आदी रहेको छ ।

### ३.३.२ द्वितीय श्रोत

द्वितीय तथ्याङ्कका रुपमा दमाई जातिहरुको शैक्षिक अवस्थाका बारेमा वा सम्बन्धमा प्रकाशित लेखरचना, पुस्तक, पत्रपत्रिका आदि रहेको छ । त्यस्तै विभिन्न जर्नल, नगरपालिका तथा जिल्ला विकास समितिका तथ्याङ्कहरु संकलन गरिएको छ ।

### ३.४ तथ्याङ्क संकलन विधिहरु

यस अध्ययनका लागि अनुसन्धानकर्ताले चन्दागिरी नगरपालिका वडा नं. ७ घुमाउँने टोलमा बसोवास गर्ने दमाईहरुको शैक्षिक स्तर थाहा पाउनका लागि निम्न विधिहरु प्रयोग गरी उनीहरुको वास्तविक शैक्षिक अवस्था पत्ता लगाइएको छ ।

### ३.४.१ अन्तर्वार्ता

अन्तर्वार्ताका लागि अर्धसंरचित  अन्तार्वार्ता सूची बनाइएको थियो । अन्तवार्ता सूचीमा बन्द र खुला दुबै प्रकार प्रश्नहरू समावेश गरिएका थिए । अन्तर्वार्ताका लागि शोधकर्ता आफै सम्बन्धित अध्ययन क्षेत्रमा गई, प्रत्यक्ष भेटी सम्बन्धित उत्तरदाताहरूलाई अन्तर्वार्ता लिई तथ्याङ्क संकलन गरिएको थियो । प्रश्नावलीका आधारमा यसै विधिबाट उत्तरदाताहरूको नाम, थर, उमेर, लिङ्ग, परिवार, पेशा, जग्गा, जमिन, समाजिक अवस्था, समाजमा उनिहरूको स्थिती, आर्थिक अवस्था, राजनितिमा उनिहरूको पहुँच, राजनैतिक क्रियाशिलता, शैक्षिक स्थिती जस्ता सूचनाहरू संकलन गरिएको थियो । जसमा १५० घरधुरी

मध्य छनौटमापरेका ४० घरधुरीमा दमाई जातिका महिला, पुरुष, बालबालिका, समाजका अग्रज व्यक्ति, समजका वुद्धीजिबी तथा विद्यलायका प्र.अ., शिक्षकहरुसँग प्रश्न गरिएको छ ।

### ३.४.२ अवलोकन

अवलोकन विविध प्रकारले गर्न सकिन्छ । यस अध्यनमा प्रत्यक्ष अवालोकन विधिद्वारा २० दिन लगाएर प्रत्यक्ष अवलोकनबाट दलित महिलाहरूको रहनसहन भेषभुषा, चालचलन, रितिरिवाजको बारेमा जानकारी प्राप्त गरिएको थियो । जसको कारणले गर्दा सामाजिक अवस्थाको निर्धारण गर्नुको साथै जमिनको भू बनोटको अवलोकनले जग्गा जमिनको स्तर निर्धारण गर्न  सहयोग पुगेको छ । वस्तुभाउहरूको अवलोकनले पशुपालन सम्बन्धि जानकारी प्राप्त गरिएको थियो । साथै लवाई खुवाईको माध्यमबाट सामाजिक तथा आर्थिक अवस्थाको निर्धारण गर्नको निमित्त सहयोग पुगेको छ । समाजमा उनिहरू अपहेलित भए, नभएको, भएको भए हुनुको कारण पनि अवलोकनद्वारा जानकारी प्राप्त गरिएको थियो ।

## ३.५ तथ्याङ्कको प्रस्तुतिकरण र विश्लेषण

अनुसन्धानबाट संकलन गरी ल्याएका तथ्याङ्कहरुलाई वर्गीकरण गरी विश्लेषण गरिएको छ । सामान्य तथ्याङ्कशास्त्रिय विधिबाट संख्यात्मक तथ्याङ्कलाई प्रतिशतमा निकाली प्रस्तुतीकरण र विश्लेषण गरिएको छ । यसै गरी गुणात्मक तथ्याङ्कहरुलाई विषयवस्तुको आधारमा वर्गीकरण गरिएको छ । सोही अनुरुप तिनलाई तर्कपूर्ण विश्लेषण गरी तथ्याङ्कलाई लिपीबद्ध गरिएको छ ।

# अध्याय – चार

# अध्ययन क्षेत्रको परिचय

## ४.१ जनसंख्या विवरण

अध्ययन क्षेत्र काठमाडौं न.पा. वडागत जनसंख्या विवरण निम्नानुसार रहेको छ । घरधुरी जनसंख्याको सामाजिक तथा आर्थिक विशेषताहरूमा जातजातिगत विशेषता, घरहरूको बनावट, परिवारको किसिम, धार्मिक तथा साँस्कृतिक आस्था, उमेर तथा लिंग, वैवाहिक स्थिति, शैक्षिकस्तर तथा आर्थिक पक्षहरू रहेका छन् । यस नगरपालिकाको कुल जनसंख्यामा ३८८३६ भोटर रहेको छ जसमा भोटर एरिया ४३.९ स्क्यार कि.मि रहेको पाइयो । प्रदेश नं. ३ काठमाण्डौ जिल्ला भित्रको सवैभन्दा ठूलो नगपालिका चन्दागिरी नगरपलिका हो । जसलाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

चन्दागिरी न.पा मा जम्मा ८५,१९५ घरधुरी मध्ये सबैभन्दा बढी घरधुरी वडा नं. १ मा छ । जहाँ ३५९८ घरधुरीमो सबैभन्दा कम घरधुरी वडा नं. ६ मा ४२९ घरधुरी र १६८१ जनसंख्या रहेको छ भने अध्ययन क्षेत्र वडा नं. ७ मा २५०२ घरधुरी र ७३४३ जनसंख्या रहेको छ । निष्कर्षमा भन्नुपर्दा यस चन्दागिरी नगरपालिका भित्र जनसंख्याको चाप तिब्र गतिमा बढ्दै गएको देखिन्छ ।

### ४.१.१ दमाई जातिका विद्यालयमा भर्ना भएका विद्यालय उमेरका बालबालिकाहरूको शैक्षिक कक्षागत २०७४

दमाई जातिका विद्यालय उमेरका बालबालिकाहरूको शैक्षिक अवस्थाको विगत २ वर्ष देखि प्रभात माध्यमिक विद्यालयमा रहेको भर्नादर परीक्षामा सहभागीदर, परीक्षामा उत्तीर्ण दर कक्षा दाहोऱ्याउने दर उल्लेख गरिएको छ ।

**तालिका नं. ४.१ (क)**

दमाई जातिका बालबालिकाहरूको २०७३ सालको भर्नादर परीक्षामा सहभागीदर, परीक्षामा उत्तीर्णदर कक्षा दोऱ्याउने दर तल प्रस्तुत गरिएको छ ।

| कक्षा | वर्ष/साल | भर्ना संख्या | परीक्षामा सहभागी संख्या | परीक्षामा उ.सं. | कक्षा दोहोऱ्याउने |
|---|---|---|---|---|---|
| १. | २०७३ | ५१ | ४२ | ४० | ११ |
| २. | २०७३ | ३९ | २५ | २३ | १५ |
| ३. | २०७३ | ७ | ७ | ५ | २ |
| ४. | २०७३ | १४ | ११ | १० | ४ |
| ५. | २०७३ | १५ | १४ | १३ | २ |
| ६. | २०७३ | १५ | १४ | १३ | २ |
| ७. | २०७३ | २ | २ | २ | ० |
| ८. | २०७३ | २ | १ | १ | १ |
| ९. | २०७३ | ४ | ४ | ४ | ० |
| १०. | २०७३ | ४ | ४ | ४ | ० |

स्रोत :- प्रभात माध्यमिक विद्यालयको अभिलेख

प्रभात माध्यमिक. विद्यालयको २०७३ सालको कक्षागत भर्ना, परीक्षामा सहभागि परीक्षमा उत्तीर्ण संख्या कक्षागत १ देखि १० सम्म क्रमशः भर्ना कक्षा १ मा ५१, ४२, ४०, ११ कक्षा २ मा ३९, २५, २३, १६ कक्षा ३ मा ७, ७, ५, २ कक्षा ४ मा १४, ११, १०, ४ कक्षा ५ मा १५, १२, ११, ४ कक्षा ६ मा १५, १४, १३, २ कक्षा ७ मा २, २, २, ० कक्षा ८ मा २, १, १, कक्षा ९ मा ४, ४, ४, ० कक्षा १० मा ४, ४, ४, ० रहेको देखिन्छ । यसले के स्पष्ट हुन्छ भने तल्लो कक्षामा भर्ना परीक्षामा सहभागी, उत्तीर्ण दर सन्तोषजनक रहेता पनि प्रायः ४-५ र ७-८ कक्षा देखि विद्यार्थीको भर्नादर घटेर गएको र कक्षा ९-१० कक्षामा कमै भर्ना हुने र भर्ना भएका प्रायः सबै उत्तीर्ण भएको देखिन्छ ।

यस्तो हुनुमा दमाई अभिभावकहरु आफ्ना बालबालिकाहरुलाई विद्यालयमा भर्ना गरेता पनि सबै बालबालिकाहरु परीक्षामा सहभागी भएको पाइदैन, सहभागी भएता पनि सबै विद्यार्थी परीक्षामा उत्तीर्ण भएको पाइदैन र कक्षा दोहोऱ्याउने दर बीचमा कक्षा छोड्ने दर बढ्दै गएको पाइन्छ । विशेष गरेर कक्षा ४-५ र कक्षा ६-८ सम्म पुग्दा विद्यार्थीहरुले विद्यालय प्रायःजसोले सबै परीक्षामा सहभागी हुने र परीक्षामा पनि उत्तीर्ण भएको पाइन्छ ।

**तालिका नं.४.१.(ख)**

| कक्षा | वर्ष/साल | भर्ना संख्या | परीक्षामा सहभागी संख्या | परीक्षामा उ.सं. | कक्षा दोहोऱ्याउने |
|---|---|---|---|---|---|
| १. | २०७४ | १६ | १५ | १२ | १४ |
| २. | २०७४ | ४३ | ३८ | ३३ | १० |
| ३. | २०७४ | २५ | १९ | १६ | ९ |
| ४. | २०७४ | ७ | ५ | ४ | ३ |
| ५. | २०७४ | १६ | ११ | ९ | ७ |
| ६. | २०७४ | ११ | ८ | ७ | ४ |
| ७. | २०७४ | ९ | ७ | ६ | ३ |
| ८. | २०७४ | ३ | २ | २ | १ |
| ९. | २०७४ | ७ | ६ | ६ | १ |
| १०. | २०७४ | ४ | ४ | ४ | ० |
| | जम्मा | | | | |

स्रोत :- प्रभात माध्यमिक विद्यालयको रेकर्ड अध्ययन

माथिको तालिकामा २०७४ सालको कक्षागत भर्ना दर, परीक्षामा सहभागी दर, परीक्षामा उत्तीर्णदर र कक्षा दोहोऱ्याउने दर कक्षागत क्रमशः कक्षा १ मा २६, १५, १२, १४ कक्षा २ मा ४३, ३८, ३३, १० कक्षा ३ मा २५, १९, १६, ९, कक्षा ४ मा ७, ५, ४, ३ कक्षा ५ मा १६, ११, ९, ७ कक्षा ६ मा ११, ८, ७, ४ कक्षा ७ मा ९, ७, ६, ३ कक्षा ८ मा ३, २, २, १ कक्षा ९ मा ७, ६, ६, १ कक्षा १० मा ४, ४, ४, ० देखिन्छ । यसबाट यो स्पष्ट हुन्छ कि दमाई बालबालिकाहरू भर्ना भएका सबै परीक्षामा सहभागी भएका छैन । परीक्षामा सहभागी भएका सबै उत्तीर्ण हुँदैन र कक्षा दोऱ्याउने दर धेरै छ, त्यसैगरी भर्ना भएका पनि, ४-५ र ७-८ कक्षामा अधिकले विद्यालय छोडेका र माथिल्लो कक्षामा भर्ना भएकाहरू प्रायः उत्तीर्ण भएको देखिन्छ ।

यस्तो हुनुमा दमाई अभिभावकहरु आफ्ना बालबालिकाहरुलाई विद्यालयमा भर्ना गरेता पनि सबै बालबालिकाहरु परीक्षामा सहभागी भएको पाइदैन, सहभागी भएता पनि सबै विद्यार्थी परीक्षामा उत्तीर्ण भएको पाइदैन र कक्षा दोहोऱ्याउने दर बीचमा कक्षा छोड्ने दर बढ्दै गएको पाइन्छ । विशेष गरेर कक्षा ४-५ र कक्षा ६-८ सम्म पुग्दा विद्यार्थीहरुले विद्यालय प्रायःजसोले सबै परीक्षामा सहभागी हुने र परीक्षामा पनि उत्तीर्ण भएको पाइन्छ । यसबाट के बुझिन्छ भने दलित जातिको शिक्षामा पहुँच बढ्दै गएका हुनाले प्राथमिक तहमा भने शैक्षिक अवस्था सुधारात्मक देखिन्छ । यस्तै गरी शिक्षामा पहुँच बढाउँदै लगेमा भविष्यमा माध्यमिक तहमा पनि शैक्षिक अवस्था राम्रो हुने आशा गर्न सकिन्छ ।

# अध्याय पाँच

# दमाई जातिहरूको शैक्षिक अवस्था र यस जातिमा शिक्षाप्रतिको धारणा

मानिसको जीवनमा जसरी अन्य कुराहरूको आवश्यकता हुन्छ त्यसरी नै शिक्षाको पनि महत्वपूर्ण स्थान रहेको हुन्छ । शिक्षाविना मानिसको जीवन अपुरो हुन्छ । कुनै पनि समाजलाई चेतनशिल र क्रियाशील बनाउनको लागि शिक्षा एउटा महत्वपूर्ण माध्यम बनेको छ । देशमा सञ्चालित विभिन्न योजनाको मुख्य लक्ष्यनै देशवासिको विभिन्न पक्षहरूसँग सम्बन्धित जस्तै समाजिक आर्थिक तथा मानसिक क्षेत्रमा समृद्धशील बनाउनु हो । देश बनाउन भन्नु नै समाजको शैक्षिक स्तरमा वृद्धि गर्नु हो यसमा पनि देशको जनजातिमा पर्नेहरूको स्थितिमा शिक्षाको विकास गर्न जरुरत देखिन्छ ।

शैक्षिक दृष्टिले हेर्दा यहाँका दमाई जातिहरु अन्य जातिको तुलनामा पछि परेको देखिन्छ । शिक्षाको महत्वबारे ज्ञान नहुनु तथा कृषिको अलावा पुख्यौली पेशा (जुत्ता सीलाउने) अपनाउँने यसको प्रमुख कारण मान्न सकिन्छ । यस्तै आर्थिक अवस्था कमजोर हुनु पनि अर्को कारण भएको मान्न सकिन्छ । आजभोलि जनचेतना, विभिन्न संघसस्थाको सहयोगले मात्र विद्यालयमा दमाई जातिको भर्ना संख्यामा केहि बृद्धि भएको पाइन्छ ।

### ५.१ दमाई जातिको वर्तमान शैक्षिक अवस्था

कुनै पनि राष्ट्रको समग्र विकासको कारण नै शिक्षा हो । आज विश्वका जति पनि राष्ट्र बिकशित छन् त्यसको कारण ति देशले शिक्षामा गरेको प्रगति नै हो । त्यसकारण भन्न सकिन्छ कुनैपनि समाज चेतनशील बनाउनको लागि शिक्षा एउटा महत्वपूर्ण माध्यम हो । वास्तवमा आज हाम्रो देश विकसित हुन नसक्नुको कारण पनि इतिहासकाल बाट नै हाम्रो देशमा विभिन्न खाले उतार चडाव तथा राजनैतिक खिचातानीले गर्दा राज्यले शैक्षिक विकाशमा उचित ध्यान दिन नसक्नुनै आज नेपाल विश्वको अविकसित राष्ट्र हुनुको मूख्य कारण हो ।

वि.सं. २००७ सालमा प्रजातन्त्रको उदय हुनु भन्दा अगाडि सर्वसाधारण नेपालीले शिक्षा आर्जन गर्न सक्ने क्षमता थिएन। प्रजातन्त्रको मिर्मिरे उज्याले सङ्गै शिक्षाको ज्योति पनि शहर हूदै गाउ गाउ सम्म फैलिदै गयो। तरपनि यस अध्ययन क्षेत्रका दमाई जातिमा शिक्षा आर्जनमा आजसम्म पनि पछाडि परेको देख्न सकिन्छ । सूरु सूरुमा गाउँ नजिक

बिद्यालय नहूनाले पढाइको बारेमा अनभिज्ञ दमाईहरू गाउँको नजिकै विद्यालय खुलेको भए तापनी यो जातिमा पढ्नुपर्छ भन्ने भावनाको विकाश हुन सकेन । सुकुम्वासी सानो टुक्रा जग्गामा जिविको पार्जन वाध्य दमाई हरूको विहान वेलुकाको छाक टार्न जाल थाप्नु माछा मार्नु साथै विक्री वितरण गर्नू जस्तो दैनिक काम र शुल्क तिर्न पैशा जूटाउन नसकेरपनि आफुहरू पढ्न नपायको वताउँदछन् । अध्ययन क्षेत्रका बृद्ध दमाईहरू । वि.सं. २०३१ सालमा जब प्राथमिक शिक्षा निशुल्क भएको मूलूकमा जातिय दमन तथा शोषणमा केहि सुधार हूदै गयो त्यसपछि क्रमस केहि केटाकेटी विधालय जान थालेको भएतापनि विचैमा पढ्न छोड्ने तथा मुस्किलले प्राथमिक तहसम्म पूरा गर्ने गरेको र विषेश गरी छोरालाई मात्र पढाउने गरेको छोरीलाई घरयासी काममा जस्तैः भाइवैनी हेर्ने सरसफाइका काममा लगाएको त्यस क्षेत्रका दमाईहरू वताउँदछन् ।

वच्चाहरूलाई काम गर्न सक्ने भएपछि दमाईहरूलाई आफ्नो माछा मार्ने पेसाको सहयोगिका रूपमा काम गराउनु र छोरीलाई घरयासी सरसफाइ तथा भान्छाको काममा लगाउने तथा सानैमा विवाह गरिदिने हुनाले यहाका दमाईहरूमा शिक्षाको प्रभाव देखिदैन । पढे पनि नपढे पनि यहि माछा मार्ने तथा कृषि पेसा नै अपनाउनु पर्ने भएपछि पढेर के काम भन्ने मानशिकताका कारण यो क्षेत्रका दमाईहरू पढाइमा रुचि दिदैनन् तर पनि यूवाहरूमा भने शिक्षाको वारेमा सकारात्मक विचार रहेको पाइन्छ । तर लोकतन्त्रको स्थापना पछि सरकारले राष्ट्रिय साक्षर अभियान चलायो । निरक्षर दमाईहरूमा यसले केहि मात्रामा साक्षर बन्ने अवसर प्राप्त गरेको पाइन्छ । अहिलेको नयाँ पुस्ताले भने आफ्नो वच्चालाई शिक्षा दिनु पर्छ भन्ने बुझेका कारण पढाइमा नियमितता दिन र उच्च शिक्षासम्म पूर्‍याउन सफल भएको पाइन्छ ।

### ५.१.१ अध्ययन क्षेत्रको शैक्षिक संघसस्थाहरूको विवरण

काठमाडौं जिल्ला अन्तर्गत चन्दागिरी न. पा. वडा नं. ७, घुमाउनेमा रहेको शैक्षिक सङ्घसंस्थाहरू मध्ये सबैभन्दा पुरानो विद्यालय प्रभाव मा.वि. हो । अध्ययन क्षेत्रमा शिक्षा दिनका लागि सरकारी क्षेत्रबाट विभिन्न सामुदायिक तथा संघसस्थागत विद्यालयको स्थापना पश्चात त्यहाँका हुने खाने परिवारका सदस्यहरूले औपचारिक शिक्षा लिएको पाइन्छ भने समयको विकाससँगै विभिन्न क्षेत्रमा स्कुलहरूको स्थापना हुने क्रममा यस क्षेत्रमा पनि सरकारी तथा निजी प्रयासबाट शैक्षिक संघसस्थाहरूले स्थापना भएको पाइयो ।

अध्ययन क्षेत्रमा शिक्षा दिनका लागि सरकारी क्षेत्रबाट विभिन्न सामुदायीक तथा संस्थागत विद्यालयको स्थापना पश्चात त्यहाँका हुने खाने परिवारका सदस्यहरुले औपचारिक शिक्षा लिएको पाइन्छ भने समयको विकाससँगै विभिन्न क्षेत्रमा स्कुलहरुको स्थापना हुने क्रममा यस क्षेत्रमा पनि सरकारी तथा निजि प्रयासबाट शैक्षिक संस्थाहरुले स्थापना भएको पाइयो । अध्ययन क्षेत्रमा रहेको यस नगरपालिकाको घुमाउने वडा नं. ७ को शैक्षिक संघसस्थाहरूको विवरणलाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५.१**

**तहगत विद्यालयको विवरण २०७५/०७६**

| शैक्षिक संघसस्थाको विवरण | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|
| प्रभात मा.वि. | सामुदायिक | | १ |
| ब्राइटऐञ्जल बोडिङ स्कुल | - | संस्थागत | १ |
| नोवेल स्कुल | - | संस्थागत | १ |
| के.भि.एस स्कुल | - | संस्थागत | १ |
| किड्स प्लानेट मन्टेवरी | - | संस्थागत | १ |
| जम्मा | | | ५ |

स्रोतः शैक्षिक तथ्याङ्क २०७३ जि.शि.का. काठमाडौं

यस स्थानमा रहेको सवभन्दा पुरानो विद्यलाय प्रभात माध्यमिक विद्यालय हो । यस स्थानमा संस्थागत विद्यालय जम्मा ४ वटा रहेको अध्ययनमा जानकारी पाइयो । माथिको तथ्याङ्कलाई हेर्दा अध्ययन क्षेत्र सानो क्षेत्र भएपनि विद्यालयहरु बढी रहेको मान्न सकिन्छ । यस अध्ययनबाट पनि यहाँका बालबालिकाहरु विद्यालय हाताभित्रै रहेको अनुमान गर्न सकिन्छ ।

### ५.१.२ बालवालिकाको शैक्षिक विवरण

परिवार समाज र स्वयम् व्यक्तिगत क्रियाकलापमा शिक्षाले प्रभाव पार्दछ । यसैले घुमाउँने वडा नं. ७ का उत्तरदाताको परिवारमा पनि अभिभावककै शैक्षिक सचेतना र अज्ञानताले गर्दा पारेको प्रभाव के कस्तो छ र अभिभावकले बालवालिकाको भविष्यप्रति

कत्तिको चासो गर्दछन् वा गर्दैनन् बालवालिकामा लैङ्गिक विभेद कस्तो छ भन्ने विषयमा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५.२**

**बालवालिकाको शैक्षिक विवरण**

| विद्यालय जाने वालवालिका | छोरी सङ्ख्या | छोरा सङ्ख्या | जम्मा सङ्ख्या |
|---|---|---|---|
| सरकारी विद्यालय गइरहेका | २ | ६ | ८ |
| निजी विद्यालय गइरहेका | १२ | १७ | २९ |
| विद्यालय विचैमा छाडेको | ३ | - | ३ |
| जम्मा | १७ | २३ | ४० |

स्रोत स्थलगत अध्ययन २०७५

माथिको तालिका अनुसार अध्ययन क्षेत्रका शैक्षिक गतिविधि सम्बन्धि धारणा छोराछारीलाई कस्तो प्रकारको शैक्षिक संघसस्थामा पढाउने गरिएको छ भन्ने कुरालाई अध्ययनमा समावेश गरिएको छ । यस क्षेत्रका अभिभावकले आफ्ना छोराछोरीलाई सरकारी र निजी विद्यालयमा भर्ना गरेका आधारमानै अनुमान गर्न सकिन्छ कि उनीहरू बिचमा लैङ्गिक विभेद कस्तो छ भन्ने कुरा उनीहरू मध्ये १७ छोरालाई निजी विद्यालयमा पढाएका र मात्र १२ निजी विद्यालयमा छोरीले पढेको हुँदा लैङ्गिक विभेदको स्पस्ट उदाहरण यही पुस्टि हुन्छ । यस कारण अझैपनि छोरीको तुलनामा छोराहरू नै निजी विद्यालयमा पढाइनुमा महिला भएकै कारण गुणस्तरिय शिक्षाबाट वञ्चित भएको अध्ययनबाट पाइएको छ ।

त्यस्तैगरी सरकारी विद्यालयमा छोराको तुलनामा छोरीको सङ्लग्नता बढी पाउनु निजी र सरकारी विद्यालयको शिक्षामा महिला र पुरुषको सङ्लग्नतामा पनि भिन्नता आउने वर्तमान नेपालको मुख्य समस्या भएको कुरा सानो क्षेत्रमा गरिएको यस अध्ययनले पनि प्रस्ट पारेको छ । किनभने दमाईहरूको परम्परागत पुरुषवादी नेपाली सामाजिक चिन्तन र सङ्स्कार एवं नीति निर्माण गर्ने निकायमा महिलाको पहुँच नपुऱ्याई पुरुष केन्द्रित नीति नियमका कारण आजको समयसम्म पनि महिलाले चाहे अनुसारको शिक्षामा सङ्लग्न हुने परिवेश नपाएर पनि छात्रछात्रामा विभेद भएको स्पस्ट देखिएको छ ।

### ५.१.३ साक्षरताको प्रमुख स्रोत

यस अनुसन्धान क्षेत्रका दमाईहरूको साक्षरताको प्रमुख स्रोतको रूपमा औपचारिक र अनौपचारिक गरी २ किसिमको शिक्षा प्रणाली पाइयो ।

**तालिका नं. ५.३**

**शैक्षिक सहभागिताको विवरण**

| क.सङ्. | शैक्षिक सहभागिताको किसिम | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निरक्षर | १४ | ३५ |
| २ | साक्षर | २६ | ६५ |
| | क. औपचारिक | १९ | ७३.०७ |
| | ख. अनौपचारिक | ७ | २६.९२ |
| | जम्मा | ४० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७५

माथिको तालिकाअनुसार शिक्षामा सङ्लग्न रहेका दमाईहरू मध्ये १९ जनाले औपचारिक शिक्षामा सङ्लग्न रहेका दमाई जाति सङ्ख्याको ७३.०६ प्रतिशत स्थान ओगटेको छ । अचेल नयाँ पिढीका सबैले औपचारिक शिक्षा लिइरहेका छन् । जसको कारण औपचारिक शैक्षिक संघसस्था गाउँमै हुनु, सरकारी, रोजगारीका लागि औपचारिक शिक्षा आवश्यक हुनु, औपचारिक शिक्षामा सङ्लग्न भए पनि घरको काम, खेतको काम गर्न बेलुका भ्याउनु, विद्यालय बिदाको दिन मजुरी गरेर आफ्नो आवश्यक खर्च धान्न सक्नु, विद्यालय तहसम्म औपचारिक शिक्षामा तहअनुसार मूल्याङ्कन हुनु, सोही अनुसारको प्रमाणपत्र पाइनु आदि कारणले यस समुदायमा शिक्षामा सङ्लग्न छन् । दमाई जातिहरू अनौपचारिक शिक्षामा पनि त्यतिकै सहभागिता रहेको पाइन्छ । पुरानो पिढीका दमाईहरूले अनौपचारिक शिक्षामा बढी सङ्लग्नता भएको पाइन्छ ।

दमाई जातिमा ७ जनाले अनौपचारिक शिक्षा लिएका छन् जसको सङ्ख्या २६.९२% हुन आउन । त्यसैगरी अध्ययनले के देखाउँछ भने साक्षर सङ्ख्या २६ जना जसमा ६५ प्रतिशत रहेका छन् र निरक्षर १४ जना अर्थात् ३५ प्रतिशत रहेको पाइयो ।

जस्तै ४५ वर्षिय फुलमाया दमाईका अनुसारः उनको बुबा आमाको आर्थिक अवस्था कमजोर थियो । उनका बुवा अर्काको घरमा कमैया पेसामा सङ्लग्न थिए । आमाले पनि मालिकको घरमा काम गर्नुपर्ने र कृषि पेसामा श्रीमानलाई सघाउथिइन् । फुलमायाले सानो छँदा भाइवहिनीलाई हेर्ने भएकोले र ८ वर्षको हुँदा अर्काको घरमा काम गर्न बस्न बुवाले पठाउनु भएको वताउछिन । पटक पटक विद्यालय जाने इच्छा जाहेर गर्दा पनि बुवाले धनी र हुने खानेले पढ्छन् गरिवले कसरी पढ्ने । बिहान बेलुकाको गुजारा गर्ने भन्ने सोच भएर काममा लगाएका कारणले गर्दा पढाइवाट बञ्चित हुनु परेको कुरा बताइन् पछि प्रौढ शिक्षा पढेर भए पनि अलिकति साक्षर हुने मौका पाए भनिन् । अध्ययनमा दमाईहरूको कुराकानीबाट के प्रष्ट हुन्छ भने शिक्षा आर्जनसँग सामाजिक वर्गका पनि अन्तर सम्वन्ध हुन्छ भन्ने कुरा दमाईहरूबाट स्पष्ट धारणा बुझियो ।

त्यस्तै अचेल नयाँ पिढीको सबैले औपचारिक शिक्षा लिइरहेका छन् । त्यस मध्येकी १५ वर्षिय लक्ष्मी दमाईका अनुसार गाउमै शैक्षिक संघसस्था भएको र रोजगारीका लागि पनि औपचारिक शिक्षाको आवश्यकता हुने कुरा बताइन । आफू औपचारिक शिक्षामा सङ्लग्न भए पनि घरको काम, खेतको काम गर्न बेलुका भ्याउने, र छुट्टीको दिन मजदुरी गरेर आफ्नो आवश्यक खर्च निकाल्ने कुरा बताइन् । उनले विद्यालयतहसम्म औपचारिक शिक्षामा तह अनुसार मूल्याङ्कन हुने र सोही अनुसारको प्रमाणपत्र पाइने भएकोले आफू औपचारिक शिक्षामा सङ्लग्न भएको कुरा बताइन् ।

**तालिका ५.४**

**तहगत रूपमा हासिल गरेको शैक्षिक अवस्था**

| शिक्षाको तह | जम्मा सङ्ख्या | अध्ययन छाडेको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| प्राथामिक | १६ | ७ | ४० |
| नि.मा.वि. | ९ | २ | २२.५ |
| मा .वि. | ७ | २ | १७.५ |
| एस.एल.सी | ५ | २ | १२.५ |
| उच्च शिक्षा | १ | १ | २.५ |
| अनौपचारिक | ३ | - | ७.५ |
| | ४० | १४ | १०० |

स्रोत स्थलगत अध्ययन २०७५

माथिको तालिकालाई विश्लेषण गरेर हेर्दा तहगत रूपमा हाल अध्ययनरत र विगतमा उक्त तहमा अध्ययन गरेर छोडेको विवरणलाई पनि समावेश गरी तहगत रूपमा पढाइ छाड्ने प्रतिशत हेर्दा (dropout) प्रथामिक तहमा ४० प्रतिशत र एस.एल.सी.मा १२.५ ले आफ्नो अध्ययन गर्न छाडेको पत्ता लागेको छ । यस बाट के पूष्टि हुन्छ भने सबैभन्दा धेरै एस.एल.सी र प्रा.बि. को पढाई पछि पढ्न छाडेको पूष्टि भएको छ । भने समग्रमा उच्च शिक्षा हासिल गर्ने दमाईहरूको सङ्ख्या न्यून देखिन्छ । हाल १ जना ले उच्च मा.वि. को अध्ययन गरिरहेको पाइयो । हालसम्म एस.एल.सी पास भए उच्च शिक्षा हासिल कूनै पनि दमाईहरूले सरकारी तथा निजि जागिर खाएको देखिएन ।

### ५.१.४ विद्यालयको भर्नासम्वन्धी विवरण

यस अध्ययनमा समावेश गरियका ४० घरपरिवारवाट विभिन्न सरकारी तथा केही विद्यार्थी निजी विद्यालयमा भर्ना गरिएका छन् । यस अध्ययन क्षेत्रको दमाई बिद्यार्थीहरूले पढ्न प्रयोग गर्ने बिभिन्न बिद्यालयको भर्ना विवरणहरूको तथ्याङक हेर्दा शूरुका अवस्थामा विद्यालय भर्ना गरिएको सङ्घ सस्था वढि देखियो तापनि पछिल्ला वर्षहरू क्रमस कक्षा बढ्दै जाँदा संख्या घट्दै गएको देखिन्छ ।

### ५.१.५ शिक्षाप्रति दमाई जातिको धारणा

दमाई जातिमा शिक्षा सम्बन्धि धारणाका बारेमा बुझ्न खोज्दा छोरा-छोरी दुवैलाई समान रूपमा शिक्षा दिनुपर्छ भन्ने धारणा ८० प्रतिशत व्यक्तिबाट व्यक्त भएको पाइयो । नगन्य रूपमा मात्रै छोरीला ई भन्दा छोरालाई राम्रो शिक्षा दिनुपर्छ भन्ने भावना दमाई समुदायमा रहेको पाइयो । अध्ययन क्षेत्रका दमाई जातिहरूले हामी अरुको घरमा काम गरी  बस्नु पर्ने वाध्यताका कारण शिक्षा प्राप्त गर्न नसकेको र अवको नयाँ पिढीले अनिवार्य रूपमा सबैले शिक्षा प्राप्त गर्नु राम्रो कुरा हो भन्ने धारणा व्यक्त गरेका छन् ।

अनुसन्धानको कममा शिक्षा प्रतिको दमाई समुदायको धारणा बुझ्नका निम्ति के तपाइको विचारमा पढ्नु आवश्यक छ ? भन्ने प्रश्न सोधिएको थियो । उक्त प्रश्नको उत्तर दिने दमाईहरूले पढ्न आवश्यक भएको बताएका छन् ।

महिलालाई शिक्षा दिनु आवश्यक छ भन्ने प्रश्नमा दमाई जातिहरूले दमाईहरूले जागिर खान, आत्मनिर्भर बन्न, परिवार शिक्षित पार्न, ज्ञान आर्जन गर्न, आत्मविश्वास बढाउन, बच्चाको उज्वल भविष्यको निमित्त, हिसाव किताव राख्न सक्ने भएं कुनै पनि व्यवसाय गर्न सक्षम हुन कोहीबाट नठगिन जस्ता कारण दिएका थिए । धेरैजसोले आत्मनिर्भर बन्न र जागिर खान भन्ने कारण व्यक्त गरे । अनुसन्धानका क्रममा किन पढ्नु पर्छ ? भन्ने प्रश्न दमाई जातिको सामु राखिएको थियो । जसका सम्बन्धमा दमाई जातिहरूको धारणा निम्न छन् :

**तालिका नं. ५.५**
**शिक्षाप्रति परिवारको धारणा**

| क.सङ्. | पढ्नु पर्नाका कारणहरू | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आत्मनिर्भर बन्न | १० | २५ |
| २ | जागिर खान | ७ | १७.५ |
| ३ | परिवार शिक्षित बनाउन | ५ | १२.५ |
| ४ | विवाह गर्न | - | - |
| ५ | देखासिकि | १६ | ४० |
| ६ | जान्ने बुझ्ने हुन | १ | २.५ |
| ७ | आत्म विश्वास बढाउन (अन्य) | १ | २.५ |
|  | जम्मा | ४० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७५

माथिको तालिका अनुसार १०(२५) जना दमाई जातिले आत्मनिर्भर बन्नको निम्ति पढ्नै धारणा राखेका छन् भने ७ (१७.५) जना जागिर खानका लागि पढ्नुपर्ने धारणा राखेका छन् । त्यसै गरी ५ जना परिवार शिक्षित बनाउन पढ्नुपर्ने धारणा राखेका छन् । विवाह गर्नकै निमित्त मात्रै पढ्नुपर्ने धारणा कसैको पनि पाइएन । देखासीकीले १६ जना अर्थात् ४० प्रतिशत धारणा रहेका छन् भने आत्मविश्वास बढाउन पढ्नुपर्ने धारणा १/१ (२.५) जना प्रतिशत दमाई जातिले राखेका छन् ।

जस्तै २१ वर्षिय लीला दमाईहरूले आत्मनिर्भर बन्नका लागि पढ्नुपर्छ भन्ने धारणा बताइन् । जसको कारणमा उनले महिलाले शिक्षा लिइन भने आत्मनिर्भर बन्ने अरुको भर पर्न नपर्ने र एउटी महिला शिक्षित भएको भने परिवारलाई नै शिक्षित पार्न सकिन्छ । केही काम निर्धकसँग गर्न र कोहीसँग आतमविश्वासका साथ व्यवहार गर्न महिलाले पढ्नु पर्छ भन्ने कुरा बताइन् ।

### ५.१.६ पढाइ छाड्नुका कारण

कुनै पनि व्यक्तिको शिक्षालाई कस्तो गराउने भन्ने कुरा उक्त व्यक्ति रहेको समाजको वातावरणले पनि निर्धारण गर्दछ । समाजका व्यक्तिहरू परम्परागत मूल्य मानयतामा विश्वास गर्ने खालका छन् भने उनीहरूले आफ्नो समाजमा त्यही अनुसारको शिक्षाको विकास गर्ने गर्दछन् । यस अध्ययन क्षेत्रका दमाईहरूले विभिन्न कारणले गर्दा आफ्नो पढाइलाई निरन्तरता दिन सकेको देखिँदैन । जसको कारणलाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं.५.६**
**पढाइ छोड्नाका कारण**

| कारण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| आर्थिक अवस्था कमजोर | २८ | ७० |
| विवाह भएर | ५ | १२.५ |
| असफल भएर | ४ | १० |
| परिवारले नपढाएर | २ | ५ |
| विद्यालय टाढा भएर | १ | ५ |
| जम्मा | २६ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७५

माथिको तालिका अनुसार सबै भन्दा बढी पढाइ छाड्नुपर्ने मुख्य कारण आर्थिक अवस्था कमजोर भएका कारणले विचमा विद्यलय छाड्नेको सङ्ख्या २८ (७०) रहेको पाइयो । सानै उमेरमा विवाह गर्ने चलनले र विवाह पछाडि पढ्नु हुँदैन भन्ने सामाजिक मान्यताले गर्दा विचमा विद्यालय छाडेको पाइयो । त्यसै गरी पटकपटक फेल भएर पनि विचमै पढाइ छाडेको सङ्ख्या (१० प्रतिशत) जना पाइयो । त्यसैगरी परिवारले नपढाएका कारण विद्यालय छाड्नेका सङ्ख्या २ (५ प्रतिशत) जना पाइयो भने विद्यालय टाढा भएको कारणले गर्दा १ (२.५) जनाले विद्यालय विचैमा छाडेको पाइयो ।

अध्ययन क्षेत्रमा दमाईहरूले पढाइ छाड्नु पर्ने कारणहरू तल बिस्तृत रूपमा बर्णन गरिएको छ ।

**क) आर्थिक अवस्था कमजोर**

कुनै पनि उद्देश्य हासिल गर्नका लागि आर्थिक पक्षको ठूलो आवश्यकता रहेको हुन्छ । शिक्षा हासिल गर्नका लागि विद्यार्थीको बौद्धिक पक्षको साथसाथै आर्थिक पक्षको पनि महत्वपूर्ण भूमिका रहन्छ । आर्थिक अवस्था नभएसम्म पढाइलाई अगाडी बढाउन सकिन्दैन । अध्ययनको क्रममा एक जना उत्तरदातासँग गरिएको कुराकानीलाई यसरी प्रस्तुत गरिएको छ ।

१८ वर्षीय रमीता दमाईले २०६७ सालमा एस.एल.सी. द्धितीय श्रेणीमा पास गरेको बताउछिन् । उनको बुवा आमा ज्याला मजदुरी गरेर घरव्यवहार चलाइरहेका छन् भनि बताउछिन् । उनको २ वटा दिदीहरूको सानै उमेरमा विवाह भएको बताउँछिन् । उनको भाइले २०७० सालमा द्धितीय श्रेणीमा एस.एल.सी. पास गरेको र अहिले कक्षा १२ मा अध्ययनरत रहेको बताइन् । बुवा आमाको मासिक कमाइले भाइ आफ्नो र बहिनीहरूको फिस तिर्न घर व्यवहार चलाउन कठिन पर्न गएकोले मैले आफ्नो पढाइलाई निरन्तरता दिन सकिन” त्यसैले पढाइ छाडेको भनेर बताइन् ।

यस अध्ययनलाई हेर्दा छोरीलाई पढाउन भन्दा छोरालाई पढाउनमा अग्रसर भएको पाइयो । छोरीलाई शिक्षामा छोराको भन्दा कम महत्व दिएको हुन सक्छ । छोरा र छोरी

विचको लैंगिक विभेदले गर्दा पनि यस्तो भएको हुनसक्छ । परिवारमा आर्थिक तत्वको कारणले पनि छोरा छोरीको शिक्षाको लैंगिक विभेद गर्न उल्लेख्य भूमिका खेलेको हुन्छ ।

**ख) पढाइमा असफलता**

आफ्नो पढाइलाई निरन्तरता दिन नसकेका दमाई जातिहरूसँग अध्ययनका क्रममा अनुसन्धानकर्ताले उत्तरदातालाई किन पढाइ छोड्नु भएको भन्दा बारम्बार परीक्षामा फेल भएको कुरालाई बताए । उनीहरू मध्ये एक जनासँग गरिएको व्यक्तिगत कुराकानीलाई यहाँ प्रस्तुत गरिएको छ ।

२० वर्षीय दिपक दमाईले २०७० सालमा टेष्ट पास गरेको बताए । त्यसपछि ३ पटकसम्म एस.एल.सी. पनि दिएको तर पनि ३ पटकसम्म फेल हुँदा आफूसँग पढेका साथीहरू उच्च शिक्षा हासिल गरिसक्दा पनि उनि एस.एल.सी. दिएर नै बसे । तिन पटक सम्म पनि एस.एल.सि दिदा पनि सफल नहुदा उनीलाई पनि लाज लागेर आयो र घरमा अभिभावकले पनि गाली गर्दा पढाइ छाडेको बताए् । स्कुलमा जे पढ्यो त्यसैको आधारमा परीक्षा दिनुपथ्र्यो । घरमा आफूलाई कहिल्यै पढ्ने समय नभएको बताए । घरमा बुवा आमालाई घरायसी काममा सघाइ रहनुपर्छ । त्यसैले खाली समय कति पनि नहुने र जसका कारण घरमा एकछिन पनि पढ्न लेख्न नपाउने यर्थाथता बताए ।

माथि गरिएको कुराकानीबाट अध्ययन क्षेत्रका दमाईहरूको घरमा पढ्नको लागि समय नहुने र घरमा सबै खाले घरायसी कामहरू, खेतीपाती, माछा मार्नुपर्ने हुन्छ । उनीहरू स्कुलको भरमा मात्र परीक्षा दिने भएकोले परिक्षामा असफल हुन पुग्छन् । चेतनाको कमिले गर्दा अभिभावकहरूले फेल भए पनि उनिहरूलाई पढ्नुपर्छ भन्ने हौसला नदिएर उल्टै गाली गरी निरुत्साहित गरेका कारणले पढाइ छाडेको पाइयो ।

**ग) विवाहका कारण**

विवाह एक सामाजिक प्रकृया हो अध्यन क्षेत्रमा व्यक्तिको शिक्षामा कस्तो पँहुच रहेको छ भन्ने कुरालाई उसको वैवाहिक स्थितिमा पनि प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा

भुमिका खेलेको हुन्छ । अध्ययन क्षेत्रका दमाईहरूले छिटो विवाह भएका कारण पढाइ छोड्नुपर्ने कारण व्यक्त गरेको पाइन्छ ।

**घ) परिवारका कारण**

दमाई जातिहरू शिक्षामा वन्चित हुनुको कारण परम्परागत सामाजिक सांस्कृतिक कारण पनि रहेको पाइयो । परम्परागत सोचका कारण समाजमा रहेका मानिसहरूले पुख्यौली काम गरे पो पैसा कमाइन्छ पढेर के काम पढेपछि जागिर पाइने हो होइन के थाहा र ? त्यसैले सामान्य अक्षर चिने भै हाल्छ नि हरहिसाव गर्न जाने मात्र पुग्दछ भनी दमाई छोराहरूलाई विचैमा कक्षा छाड्न लगाने र छोरी विहे गरेर अर्काको घरमा जाने जात हो जति पढे पनि अर्काको घरमा जानु पर्ने हुनाले छोरीले पढ्न पर्दैन अक्षर सम्म चिन्दा हुन्छ भन्ने धारणाले परिवारले नपढाएको अध्ययन क्षेत्रका क्रममा पाइयो ।

**५ १.७ शिक्षामा समान अवसर र सुविधा दिने नदिनेको विवरण**

कुनै पनि समुदाय समाजमा रहेका हरेक मानिसहरूलाई अवसर र सुविधा एउटै हुनुपर्छ । अध्ययन क्षेत्रका दमाई जातिहरूलाई अवसर र सुविधा कस्तो पाइरहेका छन् त भन्ने कुरा तलका तालिकाबाट प्रस्ट परिएको छ अवसर र सुविधा कस्तो पाइरहेका छन् त भन्ने कुरा  तालिकाबाट प्रस्ट परिएको छ ।

**तालिका नं. ५.७**

**शिक्षामा समान अवसरका आधारमा दमाई जातिको विवरण (पहुँच)**

| सूचक | अवसर | प्रतिशत |
|---|---|---|
| अवसर पाएका छौं | ३६ | ४० |
| महिलालाई बढी | - | - |
| पुरुषलाई बढी | ४ | १० |
| जम्मा | ४० | |

स्रोतः स्थलगत अध्ययन, २०७५

माथिका तालिका अनुसार ३६ (४०) जातिहरूले महिला र पुरुषलाई समान अवसर  दिनुपर्ने धारणा राखेका छन् । जसलाई सकारात्मक मान्नु पर्दछ । ४ जना  (१० प्रतिशत) रुषलाई अवसर र सुविधा बढिदिनु पर्ने धारणा राखेका छन् । बराबर हुनुपर्छ भन्ने ३६ जना दमाईहरू अहिलेको समयमा छोराछोरीलाई विभेद गर्नु हुँदैन । छोरा र छोरीमा केही फरक छैन, छोराछोरी बरावर हो, त्यसैले उनीहरूलाई समान अवसर र सुविधा पाउनुपर्छ भन्ने धारणा राखेका छन् । पुरुषलाई बढी अवसर र सुविधा दिनुपर्छ भन्ने दमाईहरूले छोरी विवाह गरेर अर्काको घरमा  जाने र छोराले आमाबावुलाई पाल्ने हुँदा छोरालाई नै बढी अवसर र सुविधा दिनु पर्दछ भन्ने धारणा राखेको अध्ययन क्षेत्रको दमाईहरूबाट पाइयो ।

### ५.१.८ वैवाहिक अवस्था र शिक्षण सहभागिता

दमाई जातिमध्ये कतिको अध्ययनको क्रममा विवाह भएर नै अध्ययन छोड्न पनि पुगेको छ भने कोहि महिला त सानो उमेरमा नै विवाह भएर नै अध्ययनमा समेत सङ्लग्न हुन सकेका छैनन् विवाहले शिक्षामा के कति प्रभाव पारेको छ वा छैन भन्ने सम्बन्धमा निम्न तालिकाबाट प्रस्ट परिएको छ ।

**तालिका नं. ५.८**

**वैवाहिक दमाई जातिको शिक्षामा सहभागिता**

| वैवाहिक स्थिति | विवाहित सख्या | शिक्षामा सहभागिता |
|---|---|---|
| विवाहित | २७ | ४७.५ |
| अविवाहित | १३ | २५ |
| | ४० | १०० |

स्रोतः स्थलगत अध्ययन २०७५

माथिको तालिकाअनुसार २७ विवाहित दमाईमा जम्मा ४ जना मात्र शिक्षालाई निरन्तर दिएको पाइयो भने अविवाहित १३ (१०प्रतिशत) ार्कीहरूमा १० जनाले

अध्ययनलाई निरन्तरता दिएका र बाँकी ३ जनाले विभिन्न कारणले गर्दा बिचैमा विद्यलाय छोढ्नु परेका अध्ययनमा जानकारी हुन आएको छ ।

विवाहले  शिक्षाको निरक्षरतामा ठुलो अवरोध खडा गरेको छ । विवाह पछाडि पुरुषहरुले व्यवहार सम्हाल्नुपर्ने र महिलाहरु पछि घरको काम, खेतीको काम गर्नु पर्ने वाध्यता बालबच्चा जन्माउने हुर्काउनु पर्ने आदि कारण अविवाहित दमाई अध्ययनरत रहेका भए पनि विबाहित चाँहि छैनन् । दमाई जातिहरुले शिक्षलाई निरन्तरता दिन नसकेको पाइयो ।

## ५.१.९ विवाहित विद्यार्थीको शिक्षाप्रति धारणा

विवाह सामाजिक प्रकृया हो । समाज सञ्चालन गर्नका लागि विवाह महत्वपूर्ण पक्ष हो । वैवाहिक सम्बन्ध र शिक्षा आजको परिवर्तित समाजमा एकअर्कामा जोडिएको भए पनि अझै पनि हाम्रो समाजमा विवाह पछाडि पढाउनु पर्ने धारणामा भने सङ्कुचित नै रहेको पाइन्छ । विवाहपछि पढाइलाई निरन्तरता दिनु पर्छ वा पर्दैन भन्ने सवालमा दमाई जातिहरूको अवधारणा बुझिएको थियो । जसको विवरण निम्न तालिका अनुसार देखाइएको छ ।

**तालिका नं. ५.९**

**विवाहित विद्यार्थीको शिक्षाप्रति धारणा**

| क.सङ्. | विवाह पछाडि पढ्नुपर्ने/नपर्ने | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अध्ययनलाई निरन्तरता दिनु पर्छ | २५ | ६२.५ |
| २ | अध्ययनलाई निरन्तरता दिनु पर्दैन | १५ | ३७.५ |
| | जम्मा | ४० | १०० |

स्रोतः स्थलगत अध्ययन २०७५

माथिको तालिका अनुसार २५ (६२.५) दमाई जातिहरूले विवाह पछाडि पनि अध्ययनलाई निरन्तरता दिनुपर्दैन भन्ने १५ (३७.५) जनाले विवाह पछाडि अध्ययनमा निरन्तरता दिनुपर्ने धारणा राखेको पाइयो ।

विवाह पछाडि किन पढाइलाई निरन्तरता दिनुपर्दछ भन्ने सवालमा परिवार शिक्षित पार्न थालेको पढाई पुरा गर्न, सक्षम घर व्यवहार गर्न जान्ने हुन, रोजगारी गर्न, बालबच्चाको उचित हेरचाह र शिक्षा प्रदान गर्न आदी जस्ता तर्कहरू अध्ययन क्षेत्रका दमाईहरूले राखेका छन् ।

त्यसैगरी विवाहित महिला तथा पुरुषहरुले महिला तथा पुरुषहरुले शिक्षा प्रति सबै दमाई जाति सकारात्मक छैनन् । विवाहित दमाई जातिको शिक्षाको पक्षमा धारणा राख्ने दमाईहरूको परिवारमा समेत उनीहरूको उत्तर अनुसारको व्यवहार रहेको छैन । विवाहित दमाईहरू शिक्षाको पक्षमा रहेपनि उनीहरू स्वयं विवाहित महिलालाई शिक्षामा सहभागि गराउन नहुने सामाजिक धारणाको सिकार भएका छन् । यसरी दमाईप्रतिको समाजको गलत मान्यताकै कारण पनि शिक्षाको तह बढ्दै जाँदा गलत मान्यताको कारण शिक्षामा दमाई जातिहरु शिक्षामा सहभागिता घढ्दै गएको समेत अध्ययन क्षेत्रमा पाइयो ।

### ५.१.१० उमेरअनुसार शिक्षाप्रतिको धारणा

अनुसन्धान क्षेत्रका दमाईहरूमा शिक्षाप्रतिको बुझाइ फरक -फरक रहेको पाइयो । उक्त अध्ययन क्षेत्रमा पनि छोरा र छोरीविच अझै पनि शैक्षिक क्षेत्रमा भेदभाव गर्ने गरेको पाइयो । अनुसन्धानका क्रममा घरधुरी सर्बेक्षणमा एउटै घरका छोराछोरीमा पनि विद्यालय शिक्षामा पनि भेदभाव गरेको पाइयो । जस्तै छोरालाई निजि विद्यालयमा पढ्न पठाएको छोरीलाई सरकारी विद्यालयमा पढाएको अध्ययनको क्रममा अवलोकनबाट यहाँ पाइयो ।

शिक्षित व्यक्तिले पढाइलाई मान्यता दिएको पाइयो भने अशिक्षित व्यक्तिले परम्परागत धारणा अर्थात् पढाइलाई महत्व नदिएको पाइयो । उक्त कुरालाई तलको तालिकाबाट प्रष्ट देखाइएको छ :

**तालिका नं. ५.१०**

**उमेरअनुसार शिक्षाप्रतिको धारणाको विवरण**

| उमेर समूह | शिक्षित | सङ्ख्या | अशिक्षित | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| युवायुवती | चाहिन्छ | १३ | चाहिदैन | २ | १५ |
| बुढापाका | चाहिन्छ | २५ | चाहिदैन | - | २५ |
| जम्मा | | ३८ | | २ | ४० |

स्रोत : स्थलगत अध्ययन, २०७५

अध्ययन क्षेत्रमा शिक्षित र अशिक्षित व्यक्ति उमेर अनुसार शिक्षाप्रतिको बुझाइ फरक फरक रहेको पाइयो । निरक्षर र वृद्ध मध्ये परम्परागत धारणा राखेका छन् । बर्तमान विश्व परिवेशमा अध्ययन क्षेत्रका युवायुवती र उत्तरदाताले परिवारलाई शिक्षित बनाउनु पर्छ भन्ने सकारात्मक धारणा रहेको कुरा अध्ययनबाट पाइयो ।

६० वर्षिया टेकबहादुर दमाई परिवारमा मुख्य अभिभावकको भूमिका रहेका छन् उनका छ जना छोराछोरी छन् र एक छोरा छ । जसलाई विद्यालय पढाएको तर छोरीहरुलाई नपढाएको कारण बुझ्दा जति पढे पनि अर्काको घरमा काम गर्नु पर्छ । अक्षरसम्म चिन्दा हुन्छ भन्ने उनको धारणा पाइयो । तर हाल आएर केही छोरीहरुलाई नि.शुल्क छात्रवृत्ति, विद्यालयलाई पुस्तक, पोषाक र खाजाको व्यवस्था भएका कारण विद्यालयमा भर्ना गराएकाले दलितको शिक्षामा पहुँच पुगेको पाइन्छ । गरेकाले दलितको शिक्षामा पहुँच पुगेको पाइन्छ ।

कुनै पनि व्यक्तिको बुझाइ र विचारलाई प्रभाव पार्न मुख्य तत्व भनेको शिक्षा हो । वास्तवमा उमेरको आधारमा पनि शिक्षाप्रतिको बुझाइ फरक हुने कुरामाथि प्रस्तुत गरिएको दमाईको कुराकानीबाट स्पष्ट रूपमा देख्न सकिन्छ ।

अध्ययन क्षेत्रका अघिल्लो पुस्ताका मानिसले पहिला शिक्षाको महत्व नबुझे पनि अहिले आएर शिक्षाको महत्व बुझ्न थालेका छन् जुन कुरा दमाई समुदायमा शिक्षामा सङ्लग्नता बढेकोबाट पनि प्रष्ट हुन्छ । अहिले उनीहरू शिक्षालाई अनिवार्य पक्षका रूपमा

लिन थालेकोले खर्चले भ्याएसम्म छोराछोरीलाई पढाउने धारणा व्यक्त गरे । उनीहरूको शिक्षाप्रति सकारात्मक दृष्टिकोण छ । तर, विवाहित व्यक्तिहरुले शिक्षाप्रति यहाँको अघिल्लो पुस्ताका मानिसहरू त्यति सकारात्मक पाइएन । विवाह भएसकेपछी दमाई जातिहरूले घरमा काम गर्नुपर्ने, छोराछोरीको हेरचाह गर्नु पर्ने, खेतको कामगर्नु पर्ने दृष्टिकोण व्यक्त गरेका थिए ।

अहिलेको पुस्ताले शिक्षालाई अत्यन्तै महत्वपूर्ण पक्षका रूपमा लिएका छन् । आफ्नो अघिल्लो पुस्ताहरू निरक्षर भएर नै हामी दमाई समुदायका सरकारी गैरसरहारी कार्यलयको उच्च तहसम्म पुग्न सकेका छैनन् । अव हामीले पढेर दमाई जातिको शैक्षिक अवस्था  सुधार्नुपर्छ, शिक्षा विना मानिसको जिवन अपुरो हुन्छ । बदलिदो सङ्सारलाई बुझ्न, आत्मनिर्भर भए वाच्न आत्मविश्वास बढाउन, परिवारलाई शिक्षित पार्न, आफ्नो परिवारको शैक्षिक स्तर सुधार्न, समाजमा सम्मानपूर्वक जीवन यापन गर्न देशको विकास गर्न पढ्नुपर्छ भन्ने दुष्टिकोण व्यक्त गरे । शिक्षामा समान अवसर र सुविधा पाउनुपर्छ साथै आफ्नो इच्छाअनुसार अध्ययनलाई निरन्तरता दिन पाउनु पर्छ भन्ने शिक्षाप्रति सकारात्मक दृष्टिकोण पाइयो ।

### ५.१.११ शैक्षिक अवस्था कमजोर रहनुका कारण

यस अध्ययन क्षेत्रमा रहेका समग्र दमाई जातिको शैक्षिक अवस्था कमजोर रहनुमा निम्न कारणहरू विद्यमान रहेको यो अध्ययनबाट देख्न सकिन्छ ।

- शैक्षिक चेतनाको कमी
- उत्पादनको लागि आफ्नो निजि जग्गा नहूनाले  सबै उपभोग्य सामानको खरीद गर्नू पर्नाले आम्दानीको को वचत गर्न नसक्नु ।
- अघिल्लो पूस्ता पूर्ण रूपमा निरक्षर हूनु ।
- विद्यालय जानुपर्ने वच्चा वच्ची काम गर्न सक्ने भएपछि पेसागत काम जाल थाप्ने माछा मार्ने काम मा जानु पर्ने वाध्यता ।
- सानो उमेरमा बिवाह गर्ने चलन ।
- पेसामा अधिक समय खर्चनु पर्ने बाध्यता ।
- अभिभावक काममा जाने हुनाले घर तथा भाइबहिनि हेरेर वस्नु पर्ने वाध्यता

यस अध्ययन क्षेत्रका दमाई जातिहरूको शिक्षामा असर पार्ने कारणहरू खोज्दा मुख्य विषय आर्थिक कारण नै मान्नु पर्दछ । यस क्षेत्रका अधिंकांश दमाईजातिहरू गरिविका रेखामुनि रहेका कारण उनीहरू दैनिक कार्य गर्न वाध्य छन् । जस्तैः अरुको खेतावारीमा काम गर्न, परम्परागत पेशालाई अङ्गाल्नु पर्ने, दैनिक ज्यालादारी गर्नुपर्ने, अरुको जग्गा जमिन अधियामा काम गर्नुपर्ने जस्ता कारणले गर्दा यस जातिको शिक्षामा असर परेको पाइन्छ । अन्य कारणहरूमा छिटो विवाह हुनु र महिलाहरूले विवाह पनि शिक्षालाई निरन्तरता दिन नसक्नु रहेको पाइयो ।

यी विभिन्न कारणहरुले यस जाति शिक्षामा पछि परेका कारण शिक्षामा समावेशी कोटा छुट्याएको पाइयो, यसले गर्दा यी दलित जातिहरुको शिक्षामा पहुँच पुगेको पाइन्छ । जस्तै निःशुल्क शिक्षा, लताकपडा, पुस्तक खाजा तथा जेहेन्दार विद्यार्थीलाई छात्रहरुको व्यवस्था आदी रहेको पाइयो ।

### ५.१.१३ कक्षा दाहोऱ्याउने समस्या

विद्यालयमा भर्ना भएका सवै बालबालिकाहरूले अध्ययन पूरा गरी निरन्तर अघि बढेमा कक्षा दाहोऱ्याउने समस्या पर्दैन तर भर्ना भएका मध्ये ठूलै संख्यामा बालबालिकाहरू अनुत्तिर्ण हुदा कक्षा दोहोऱ्याउने समस्या देखिन्छ । उपयुक्त शैक्षिक वातावरणको कमि, आवश्यक सामाग्री प्रयाप्त नहुनु, घरायसी कामधन्दामा बढी ध्यान दिनु पर्ने, भाषागत समस्या जस्ता समस्याहरूका कारणले शैक्षिक क्षती बढ्न गइ कक्षा दोहोऱ्याउने समस्या देखा पर्दछ । अध्ययन गरिएका विद्यालय सिद्धार्थ नि. मा. वि. र जनजागृति मा. वि. मा कक्षा दोहोऱ्याउने विद्यार्थीको तीन वर्षको औसत क्रमश : ४.१ र ३.६७ प्रतिशत देखियो ।

## ५.२ दमाई जातिका बालबालिकाहरूको शिक्षामा पहुँच

### ५.२.१ शिक्षामा पाएको आर्थिक सहयोगका आधारमा उत्तरदाताहरुको वर्गिकरण

जगनाथ गाविसमा बसोबास गरेका दमाई जातीका बालबालिकाहरुलाई शिक्षा आर्जनमा आर्थिक सहयोग गर्नेहरुमा विद्यालय, गैरसरकारी संघ/संस्थाहरुका साथै सरकारी निकायहरुबाट समेत केही सहयोग गरेको पाइयो । जसलाई तलको तालिकामा देखाइएको छ ।

### तालिका नं. ५.११

### शिक्षामा पाएको आर्थिक सहयोगका आधारमा उत्तरदाताहरुको वर्गिकरण

| क्र.सं | सहयोग गर्ने | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | आफैले | २३ | ६५ | |
| २ | विद्यालयबाट पाएको | ८ | २० | |
| ३ | गाविस | ४ | १० | |
| ४ | संघ/संस्थाबाट | २ | ५ | |
| | जम्मा | ४० | १०० | |

स्रोतः स्थलगत सर्वेक्षण २०७५

माथिको तालिकाले शिक्षामा पाएको आर्थिक सहयोगका आधारमा उत्तरदाताहरुको वर्गिकरण देखाइएको छ । ६५ प्रतिशत उत्तरदाताहरुवाट आफ्ना बालबालिकाहरुको शैक्षिक कार्यमा आफैले खर्च गर्नु परेको पाईयो, २० प्रतिशत उत्तरदाताहरुले विद्यालयबाट आर्थिक सहयोग पाउने गरेको पाईयो, १० प्रतिशत उत्तरदाताहरुले गाविस, जि.शि.का.बाट सहयोग पाउने गरेको पाईयो र ५ प्रतिशत उत्तरदाताहरुले अन्य संघसंस्थाबाट आर्थिक सहयोग पाउने गरेको पाईयो । जसले गर्दा दमाई जातीका बालबालिकाहरु शिक्षा क्षेत्रमा पछाडी परेको अवस्थालाई नकार्न मिल्दैन ।

### ५.२.२ विद्यालयको छात्रबृत्तिका आधारमा उत्तरदाताहरुको वर्गिकरण

विद्यालयले दमाइ जातीका बालबालिकाहरुलाई शिक्षाको लागि सहयोग गर्न छात्रबृत्ति दिएको छ भनि सोधिएको प्रश्नमा अधिकांश दमाई जातीका बालबालिकालाई छात्रबृत्ति नपाएको कुरा पत्ता लाग्यो । सरकारी स्तरबाट दलित जातीलाई दिइने छात्रबृत्ति मध्ये सबै भन्दा बढी जोा बाठो अलि बुझेको छ । त्यसले मात्र विद्यालयको छात्रबृत्ति पाएको पाइयो । दमाई जातीलाई पनि छात्रबृत्ति उपलब्ध गराइएको छ तर सो छात्रबृत्ति सिमित मात्र भएकोले पठनपाठनको लागि खासै सहयोग नभएको देखिन्छ ।

### तालिका नं.५.१२

### विद्यालयको छात्रबृत्तिका आधारमा उत्तरदाताहरुको वर्गिकरण

| क्र.सं. | छात्रबृत्तिले पुर्याएको सहयोग | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | छ | ४ | १० | |
| २ | छैन | २२ | ५५ | |
| ४ | सिमित छ | १४ | ३५ | |
| | जम्मा | ४० | १०० | |

स्रोतः स्थलगत सर्भेक्षण २०७५

माथि तालिकाम ले विद्यालयको छात्रबृत्तिका आधारमा उत्तरतादाताहरुको वर्गिकरण देखाइएको छ । ५५ प्रतिशत उत्तरदाताहरुले विद्यालयमा प्रदान गरिने छात्रबृत्तिले दमाई जातिका वालवालिकाहरुलाई पठनपाठनमा सहयोग पुर्‍याएको जानकारी दिए, ३५ प्रतिशत उत्तरदाताहरुले विद्यालयवाट प्रदान गरिने छात्रबृत्ति सहयोग कार्यक्रम सिमित भएको जानकारी दिए र १० प्रतिशत उत्तरदाताहरुले विद्यालयवाट प्रदान गरिने छात्रबृत्तिले पठनपाठनमा सहयोग पुर्‍याएको जवाफ दिए ।

### ५.२.३ शिक्षामा दमाईहरुको दृष्टिकोणका आधारमा उत्तरदाताहरुको वर्गिकरण

शिक्षाले मानव जिवनमा महत्वपूर्ण भुमिका निर्वाह गर्दछ । यसको अभावमा परिवर्तनको कल्पना गर्न सकिदैन । त्यसैले शिक्षाको दृष्टिकोण बुझ्न आवश्यक छ । शिक्षाको दृष्टिकोणवाट नै त्यसको सिकाईमा प्रभाव पार्दछ । यसर्थ दमाई जातिको शिक्षामा कस्तो धारणा वा दृष्टिकोण राखेको छ जसलाई तालिकाबाट देखाईएको छ ।

**तालिका नं.५.१३**

**शिक्षामा दमाईहरुको दृष्टिकोणका आधारमा उत्तरदाताहरुको वर्गिकरण**

| क.सं. | समाजको दृष्टिकोण | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | सकारात्मक | २४ | ६० | |
| २ | नकारात्मक | १६ | ४० | |
| | **जम्मा** | **४०** | **१००** | |

स्रोतः स्थलगत सर्भेक्षण २०७५

माथिको तालिका नं. २० ले शिक्षामा दमाईहरुको दृष्टिकोणका आधारमा उत्तरदाताहरुको वर्गिकरण देखाईएको छ । सवैभन्दा बढि ६० प्रतिशत उत्तरदाताहरुले शिक्षामा सकारात्मक दृष्ठिकोण राखेको पाईयो र ४० प्रतिशत उत्तरदाताहरुले शिक्षामा नकारात्मक दृष्टिकोण राखेको पाईयो ।

### ५.२.४ शिक्षामा पहुंच बढाउन ल्याएको शिक्षा नितिका आधारमा उत्तरदाताहरुको वर्गिकरण

सरकारले दलितहरुको शिक्षामा पहुंच बढाउन शिक्षा निति लागु गरेको छ साथै सन २०१५ सम्ममा सवैलाई साक्षरता वनाउने उद्देश्य लिए अनुरुप दलितहरुको शिक्षामा पहुंच बढाउन मघत पुगेको छ कि छैन भनी अध्ययन गरिएको थियो । जसलाई निम्न तालिकाबाट देखाईएको छ ।

**तालिका नं.५.१४**

**शिक्षामा पहुंच बढाउन ल्याएको शिक्षा नितिका आधारमा उत्तरदाताहरुको वर्गिकरण**

| क्र.सं. | शिक्षामा पहुंच | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | छ | १६ | ४० | |
| २ | छैन | १० | २५ | |
| ३ | परिमार्जन गर्नु पर्ने | १४ | ३५ | |
| | **जम्मा** | **४०** | **१००** | |

स्रोतः स्थलगत सर्भेक्षण २०७५

माथिको तालिकाले शिक्षामा पहुंच बढाउन ल्याएको शिक्षा नितिका आधारमा उत्तरदाताहरुको वर्गिकरण देखाईएको छ । ४० प्रतिशत उत्तरदाताहरुले दलितहरुलाई ल्याएको शिक्षा नितिले पहुंच बढेको जवाफ दिए, ३५ प्रतिशत उत्तरदाताहरुले दलितहरुका लागि ल्याएको शिक्षा निति परिमार्जन गर्नु पर्ने र २५ प्रतिशत उत्तरदाताहरुले हालको शिक्षा नितिले शिक्षामा पहुंच पुर्‍याउन नसकेको भन्ने जवाफ पाईयो ।

### ५.२.५ दमाई जातीको शिक्षामा पहुंच बढाउन चलाएको अभियान

नेपाली समाजमा दमाई जातिहरु शैक्षिक क्षेत्रमा पछाडि परेको जाती हो । सरकारले उनीहरुको शिक्षामा पहुंच बढाउन शिक्षा निति लागु गरेतापनि उनीहरुको शिक्षामा पहुंच बढ्न सकेको छैन । त्यसका लागि उनीहरु आफै आफ्नो समाजलाई शिक्षामा पहुंच बढाउन शिक्षा अभियान चलाउन आवश्यक छ । दमाई जातीमा शिक्षा लिन उत्प्रेरित गर्न शैक्षिक अभियानले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । दमाई जातीको शिक्षामा पहुंच बढाउन चलाएको अभियान तालिकामा देखाईएको छ ।

**तालिका नं.५.१५**

**शिक्षामा पहुंच बढाउन चलाएको अभियानका आधारमा उत्तरदाताहरुको वर्गिकरण**

| क्र.सं. | शिक्षामा पहुंच बढाउन चलाएको अभियान | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | अभियान चलाएको छ | १२ | ३० | |
| २ | अभियान चलाएको छैन | २८ | ७० | |
| | **जम्मा** | **४०** | **१००** | |

स्रोतः स्थलगत सर्भेक्षण २०७५

माथिको तालिकाले शिक्षामा पहुंच बढाउन दमाई जातिले चलाएको अभियानका आधारमा उत्तरदाताहरुको वर्गिकरण देखाईएको छ । ७० प्रतिशत उत्तरदाताहरुले दमाई जातीको शिक्षामा पहुंच बढाउने अभियान संचालन नगरेको जवाफ दिए, ३० प्रतिशत उत्तरदाताहरुले शिक्षामा पहुंच बढाउन दमाई जातीका लागि शैक्षिक अभियान संचालन गरेको जवाफ दिए ।

### ५.२.६ समुदायमा भएको छुवाछुतको आधारमा उत्तरदाताहरुको वर्गिकरण

नेपाली समाज वहुजाति, वहुभाषी र वहुसांस्कृतिक भएको एउटा हिन्दु राष्ट्र हो । परम्परागत रुपमा नै छुवाछुत चल्दै आएको छ । छुवाछुत दलित र गैरदलित वीचको विभेदको रुपमा रहेको छ । मुलुकी ऐन २०२० ले कानुनी रुपमा छुवाछुतको अन्त्य गरिसकेको सन्दर्भमा अझै यसको प्रयोग समाजमा विद्यमान रहेको छ जसलाई तालिकामा देखाईएको छ ।

**तालिका नं.५.१६**

**समुदायमा भएको छुवाछुतको आधारमा उत्तरदाताहरुको वर्गिकरण**

| क्र.सं. | छुवाछुतको अवस्था | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | छ | २६ | ६५ | |
| २ | छैन | ४ | १० | |
| ३ | परिवर्तन भएको छ | १० | २५ | |
| | **जम्मा** | **४०** | **१००** | |

स्रोतः स्थलगत सर्भेक्षण २०७५

माथिको तालिकाले समुदायमा भएको छुवाछुतको आधारमा उत्तरदाताहरुको वर्गिकरण देखाईएको छ । जस अनुसार ६५ प्रतिशत उत्तरदाताहरुले समुदायमा छुवाछुत रहेको जवाफ दिए, २५ प्रतिशत उत्तरदाताहरुले केहि परिवर्तन भएको भन्ने जवाफ दिए भने १० प्रतिशत उत्तरदाताहरुले समुदायमा छुवाछुत नभएको भन्ने जवाफ दिए ।

### ५.२.७ दलित जातीहरु वीचमा भएको छुवाछुतको आधारमा उत्तरदाताहरुको वर्गिकरण

नेपाली समाजमा उचनिच र छुवाछुत संस्कारले लामो समयदेखि जरो गाडेको छ । २०२० को मुलुकी ऐनले छुवाछुतलाई कानुनी रुपमा अन्त्य गरिसकेको भए पनि व्यवहारमा अझै त्यसको प्रभाव प्रष्ट देख्न सकिन्छ । अध्ययनको क्रममा दलित जातीहरु वीचमा

छुवाछुतको व्यवहार कस्तो छ त्यसको प्रभाव हेर्ने प्रयास गरिएको छ जसलाई तलको तालिकाबाट प्रष्ट हुन्छ ।

**तालिका नं.५.१६**

**दलित जातिहरु वीचमा भएको छुवाछुतको आधारमा उत्तरदाताहरुको वर्गिकरण**

| क्र.सं. | दलित जातिहरु वीच छुवाछुतको अवस्था | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | छ | १० | २५ | |
| २ | छैन | ३० | ७५ | |
| | **जम्मा** | ४० | १०० | |

स्रोतः स्थलगत सर्भेक्षण २०६५

माथिको तालिकाले दलित जातीहरु वीचमा भएको छुवाछुतको आधारमा उत्तरदाताहरुको वर्गिकरण देखाईएको छ । ७५ प्रतिशत उत्तरदाताहरुले दलित दलित वीचमा छुवाछुत छैन भन्ने जवाफ दिए भने २५ प्रतिशत उत्तरदाताहरुले दलित दलित वीचमा पनि छुवाछुत रहेको छ भन्ने जवाफ दियए ।

### ५.२.८ राज्यको तर्फबाट दलितकालागि शिक्षामा पहुँच सम्वन्धी अवलम्वनहरु

सरकारले दलितहरुको पहुँच बढाउनका लागि आरक्षण कोटा तथा समावेशीकरणको व्यवस्था गरिएको छ । कमजोर अवस्थामा रहेका तथा पिछडिएको वर्ग, क्षेत्र, लिंग, समुदाय तथा जनजाति तथा दलितहरुको लागि राज्यले कानूनी व्यवस्था गरी निर्णय प्रक्रियामा तथा राज्यका संरचनामा पहुँच स्थापित गर्ने एक माध्यम नै आरक्षण हो ।

आरक्षण अन्तर्गत निह्चिथत कोटा निर्धारण गरिन्छ । जुन वर्ग, षेत्र, लिंग, समुदाय र जनजातिको लागि निर्धारण गरिएको कोटा हो, उक्त वर्ग, क्षेत्र, लिंग, समुदाय वा जनजातिको मात्र पहुँच स्थापित हुन्छ, अन्यको त्यसमा सहभागिता हुन सक्दैन । आरक्षणले राज्य संयन्त्रमा पहुँच, पहिचान, सहभागिता र अधिकारको उपयोगाम कमजोर देखिएका, अवसर पहुँच र अधिकारको उपयोगका दृष्टिले बञ्चितीकरणमा परेका बहिसकरणका कारण मूल प्रवाहीकरण बाहिर रहेका, विभेद र उत्पीडनमा रहेका जातजाती, लिंग, धर्म भाषा, सस्कृति र सम्प्रदाय तथा समुदाय समेतका नागरिकलाई ससम्मान राव्य संयन्त्रमा प्रतिनिधित्व हुने गरी सहभागी बनाउँदछ । यसले विशेष छुट, प्राथमिकता तथा कोटा निर्धारण गी सोको माध्यमबाट समावेशी बनाउने प्रावधान अवलम्बन गर्दछ । तत्काल

सकारात्क प्रभाव गर्ने गरी क्षतिपूर्तिको सिद्धान्तका आधारमा अवलम्बन गरिने आरक्षण समावेशीकरणको माध्यम हो भन्न सकिन्छ ।

समावेशीकरणको क्षेत्रभित्र राजनीतिक क्षेत्र, शैक्षिक क्षेत्र, प्रशासनिक क्षेत्र, आर्थिक क्षेत्र र सामाजिक क्षेत्रहरु पर्दछन् ।

**क. सरकारबाट प्राप्त पहुँचहरु**

- दलित, मधेशी, मुस्लिम, पिछडिएका वर्गलाई आर्थिक, सामाजिक तथा सास्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदायभित्रका विपन्न नागरिकको संरक्षण, सशक्तीकरण र विकासका अवसर तथा लाभका लागि विशष व्यवस्था गरेको छ ।
- सामाजिक, सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने व्यवस्था गरिएको छ ।
- उत्पीडित तथा पिछडिएको क्षेत्र तथा पिछडिएका जातिको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिको व्यवस्था गरेको छ ।

**ख. अर्न्तराष्ट्रिय संघसस्थाबाट प्राप्त पहुँचहरु**

- **सवै किसिमका जातिय भेदभाव उन्मुलन गर्ने महासन्धि १९६५ धारा १ :**

कुनै निश्चित जाति, सामाजिक समूह वा व्यक्तिहरुलाई मानव अधिकरा र मौलिक अधिकार समान उपभोग वा प्रयोग सुनिह्चित गर्न आवश्यक संरक्षण दिनु पर्ने, त्यसता जातिय समाजिक समूह वा व्यक्तिहरुको प्रर्याप्त उन्नति सुनिश्चित गर्ने उद्देश्यले अपनाइएका विशेष उपायहरु भेदभाव नमानिं र त्यस्ता उद्देश्य हासिल भए पश्चाल त्यसता उपायहरुलाई निरन्तरता नदिइने भने उल्लेख गरिएको छ ।

- विश्वव्यापी मानवअधिकार घोषणा पत्र १९४८ को धारा २५

दलित, पिछडिएको वर्ग वा कावु वाहिरका परिस्थितिहरुमा जीवनकोपार्जनको उपायको अभावमा सुरक्षा पाउने अधिकार हुने आमा र शिशुहरुले विशेष स्याहार पाउन अधिकार हुने उल्लेख छ ।

### ग. शिक्षा सम्वन्धी प्राप्त पहुँचहरु

- बालअधिकारसम्वन्धी महासन्धि सन् १९८९ ले प्रत्येक बालबालिकाले कुनै पनि प्रकारको भेदभाव वा पक्षपालविना पूर्ण अधिकारहरु उपभोग गर्न पाउन् भने कुरा राज्यले सुनिह्चित गनर्सपर्दछ ।
- डकार सम्मेलनले सन् २०१५ सम्ममा विश्वव्यापीरुपमा सवैका लागि शिक्षा उपलव्ध गराउने प्रतिवद्धता जाहेर गर्दै दलित तथा भाषिक अल्पसङ्ख्यक समुदायका लागि मातृभाषामा आधारभूत तथा प्ाथमिक शिक्षा प्राप्त गर्न पाउने अधिकार सुनिश्चित गरेको छ ।
- नेपालको अन्तरिम संविधान, २०६३ ले मौलिक हकका रुपमा धारा २२ मा बालबालिकाको हकको व्यवस्था गर्दै दलित तथा पिछडिएको बालबालिकालाई सुनिश्चित भविष्यको लागि राज्यबाट विशष सुविधा पाउने हकको व्यवस्था गरेको छ ।
- नेपालको अन्तरिम संविधान, २०६३ को धारा १७ मा शिक्षा तथा सस्कृतिसम्वन्धी हकको व्यवस्था गरिएको छ । जसमा प्रत्येक समुदायलाई कानुनमा व्यवस्था भएबमोजिम आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुने व्यवस्था गरिउको छ । नेपालमा वसोवास गर्ने प्रत्येक जातजातिलई शिक्षाको हक हुनेछ ।

## ४.३ दमाई जातिका बालबालिकाहरूको विद्यालय तहको शिक्षामा पहुँच बढाउने उपायहरु

दमाई समुदायको शैक्षिक अवस्थाको अध्ययन गर्ने क्रममा उनीहरूको शिक्षा प्राप्तिमा माथि उल्लेख गरिएका तत्वहरू जिम्मेवार रहेको देखिन्छ । त्यसकारण दमाई बालबालिकाहरूको शिक्षा प्राप्तिमा देखापरेका समस्याहरूको समाधानको लागि अध्ययनमा सहभागी शिक्षक / प्रधानाध्यापक, विद्यार्थी अभिभावक, बुद्धिजीवी वर्ग र अन्य सरोकारवाला व्यक्तिहरूसँगको छलफल र अन्तरवार्ताबाट प्राप्त समस्या समाधानको उपयाहरू निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

### ४.३.१ शिक्षक तथा प्रधानाध्यापकबाट प्राप्त समस्या समाधानका उपायहरू

दमाई बालबालिकाहरूलाई विद्यालयमा नियमित बनाई उनीहरूको बीचैमा विद्यालय छोड्ने प्रवृत्तिमा कमी ल्याउन सर्वप्रथम अभिभावकमा शैक्षिक चेतनाको विकास गर्नु पर्ने देखिन्छ । अभिभावकको आर्थिक अवस्थामा सुधार गर्न आय बृद्धि हुने कार्यक्रमहरू संचालन गर्नु पर्ने, अभिभावकहरूले विद्यार्थीलाई समयमै विद्यालय भर्ना गरिदिनु पर्ने, कापी, पुस्तक र विद्यालय पोषाक, उपलब्ध गराउन पर्ने , घरमा अभिभावकहरूले बालबालिकाहरूलाई पढ्ने वातावरण मिलाई दिनुपर्ने, छिटो विवाह गर्ने परम्परार्ला रोक्नुपर्ने, क्षमता र योग्यता अनुसारको रोजगारीको व्यवस्था गर्नुपर्ने, विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला, शैक्षिक तथा अतिरिक्त क्रियाकलापका सामग्री, बेन्च तथा डेक्स, शौचालय, खानेपानी, पर्याप्त मात्रमा कक्षा कोठा र खेलमैदानको निर्माण गर्न आवश्यक बजेटको अभाव भएकोले यसको लागि सरकार तथा स्थानिय निकायले सहयोग गर्नु पर्दछ । विद्यालयमा शैक्षिक योग्यता अनुभव तथा तालिम प्राप्त शिक्षकको नियुक्ति गर्नुको साथै स्वच्छ, निस्पक्ष, भेदभाव रहित शैक्षिक वातावरण सृर्जना गर्न सवै पक्षले आ-आफ्नो क्षेत्रबाट सहयोग गरेमा दमाई विद्यार्थीहरूको शिक्षा प्राप्तिमा देखिएका समस्याहरू समाधान गर्न सकिने कुरा शिक्षक/प्रधानाध्यापकहरुले बताउनुभएको पाइयो ।

### ४.३.२ विद्यार्थीहरूबाट प्राप्त समस्या समाधानका उपायहरू

दमाई विद्यार्थीका घरमा रहेका विभिन्न समस्याका कारण उनीहरू विद्यालयमा नियमित उपस्थित हुन नसक्ने भएकाले सर्वप्रथम ती समस्याहरू आर्थिक, सामाजिक, संस्कृतिक लगायत पढ्ने कोठाको अभाव परिवारबाट सहि मार्गनिर्देशनको अभाव अत्यधिक जाँडरक्सीको प्रयोग, घरायसी कामकाज धेरै गर्नुपर्ने भाषाको कठिनाइ तथा अन्य विद्यार्थी

व्यवहार अभिभावकमा शैक्षिक चेतनाको विकास गर्नुपर्ने , विद्यालयमा समयमै भर्ना गर्नुपर्ने, समयमै सामग्री उपलब्ध नहुने जस्ता समस्याहरूको समाधान गर्नु पर्ने । जसका लागि दमाई बालबालिकाहरूका समस्या समाधान गर्न छुट्टै पढ्ने कोठाको व्यवस्था हुनुपर्दछ । परिवारबाट मार्गनिर्देशन, जाँड रक्सीको प्रयोग घटाउने, घरायसी काममा नभुल्याउने, प्रथामिक तहसम्म दमाई भाषामा नै पढ्ने व्यवस्था मिलाउने, शिक्षक तथा अन्य विद्यार्थीहरूले गर्ने व्यवहारमा परिवर्तन गर्नुपर्ने, अभिभावक चेतना जगाउनपर्ने, समयमै विद्यालयमा भर्ना गरिदिनुपर्ने र शैक्षिक सामग्रीहरू पर्याप्त मात्रामा व्यवस्था मिलाउनुपर्ने, निरन्तर विद्यार्थी मुलयाङ्कन पद्धति कक्षा ८ सम्म लागू गर्न पर्ने, निशुल्क पुस्तक, पोषाक र सामाग्री उपलब्ध गराउनुपर्ने , विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला, शैक्षिक तथा अतीरिक्त क्रियाकलापको लागि पर्याप्त सामग्रीको व्यवस्था गर्नुपर्ने, कक्षाकोठामा ठीक तरिकाले फर्निचरको व्यवस्था गर्नुपर्ने, खानेपानी, शौचालय, खेलमैदानको व्यवस्था राम्रो हुनुपर्ने जस्ता समस्या समाधानको लागि दिइएका सुझावहरू रहेको पाइयो ।

स्थानिय तथा सरकारी निकायले अत्याधिक मात्रमा दमाई जातिको बासोबास रहेका क्षेत्रमा दलित शिक्षक अनिवार्य हुनु पर्ने, दलितलाई अभ्रद्र व्यवहार हुन बाट रोक्नु पर्ने साथै परिवारको आर्थिक अवस्था सुधारमा सहयोग गरेमा दमाई विद्यार्थीहरूको शिक्षा प्राप्तिमा देखिएका समस्याहरूको समाधान गर्न सकिने विद्यार्थीहरूबाट प्राप्त समस्या समाधानका उपायहरूको  निष्कर्षको रुपमा लिन सकिन्छ ।

### ४.३.३ अभिभावक तथा बुद्धिजीवी वर्गबाट प्राप्त समस्या समाधानका उपायहरू

दमाई अभिभावकहरूमा शैक्षिक चेतना वृद्धि गर्न आवश्यक कार्यक्रमहरू संचालन गर्नुपर्ने, आर्थिक अवस्थामा सुधार गर्नुपर्ने सो का लागि विभिन्न आय आर्जन गर्न आय मुलक कार्यक्रमहरू संचालन गर्नुपर्ने, छोरा छोरीमा भेदभाव गर्ने तथा छिटो विवाह गर्ने प्रथाको अन्त्य हुनुपर्ने, अत्यधिकमात्रमा हुने फजुल खर्चको कटौती तथा अतिथी सत्कारमा गरिने खर्च र अन्य खर्च कटौती गर्नुपर्ने शिक्षा र विकास मुलक कार्यमा संलग्न गराउन पर्ने , दमाई बालबालिकाका लागि दमाई भाषामा प्राथमिक तहसम्म पढाइहुने विद्यालयको स्थापना र संचालन व्यवस्था मिलाउन पर्ने जस्ता सुझाव र सल्लाह दमाई समुदायको शैक्षिक पंहुच बृद्धि गर्न अभिभावक, बृद्धिजीवी वर्गहरुबाट प्राप्त समस्या समाधानका उपायहरुका रुपमा लिन सकिन्छ ।

## ४.४ दलितको शिक्षामा पहुँचसम्वन्धी अध्ययनमा अध्ययन क्षेत्रका दलितहरुसँग लिइएको व्यक्तिगत विवरण

### व्यक्तिगत विवरण १

पञ्चुकमार नेपालीका अनुसार उनका बालबालिका लुगा सिलाएर जेनतेन विद्यलाय शिक्षा हासिल गराए तर उच्च शिक्षा हासिल गराउन उनको आिर्थक अवस्था कमजोर भएका कारण सम्भव थिएन तर दलित कोटा तथा छात्रवृत्ति सरकराले व्वस्था गराएका कारण सजिलै उनको छोरी सलिना नेपालीले +२, स्नातक हुँदै हाल T.U. कीर्तिपुरमा विज्ञान संङ्कायमा अध्ययन गर्दै गरेको कुरा बताउँछन् । उनी धेरै खुसी छन् । दलित कोटा छुट्याएर नै आज उनकी छोरी यस स्थानमा आउन सफल भएको पनि बताउँछन् । शिक्षामा सरकारले दिएको पहुँचले गर्दा उनका प्रिवार छरछिमेकी, नातागोता र राष्ट्रमा नै उनी सफल विद्यार्थी बन्न पुगेकी छिन् । उनी भविष्यमा राम्रो प्राध्यापक बन्ने र समाजमा पछाडि परेकाहरुलाई शिक्षाको ज्योति छर्ने काममा लाग्ने बताउँछिन् ।

### व्यक्तिगत विवरण २

बम्बे नेपालीका अनुसार उनका घरमा ४ जना बालबालिका रहेका छन् । उनका सवै बलबालिका आज विद्यालय भर्ना भएका छन् तर उनी सानो छँदा ज्यालामजुदरी गर्ने, लुगथा सिलाउने काम गर्दै उनका बुवा आमाले जिविका चलाउने गर्दथे । त्यसैले उनी शिक्षाबाट बञ्चित हुन पुगे । तर आज शिक्षामा पहुँच पुगेका कारणले नै दलित भए पनि समाजका वुद्धिजीवि तथा विदालयका हेडमास्टर आफै आएर छोराछोरीलाई विद्यालय भर्ना गर्न प्रोत्साहन गरी नि:शुल्क भर्ना हुन आग्रह गरेको बताउँछन् । तिमी नडराउँ हामी साथ दिन्छौं । छोराछोरी विदालयमा भर्ना गर, निशुल्क पढाई हुन्छ, खाजाका साथै निशुल्क पुस्तक र अन्य सुविधा रहेको जानकारी गराए । जसका कारण आज मेरा छोराछोरीहरु शिक्षित बन्न पुगको छन् । मेरो पनि ठूलो टेलर छ । ४ जना कामदारहरु राखेर म मालिक भएको छु यसको कारण मलाई मास्टरहरुले विभिन्न एन.जि.ओ.को सहयोग जुटाएर हो । मेरा छोरी आज नर्स बन्न सफल भएकी छिन् । यी सवै हुनुमा सरकारले दलितमाथि गरेको शिक्षामा पहुँचकै कारण मान्न सकिन्छ ।

**व्यक्तिगत विवरण ३**

शिक्षामा पहुँच सम्वन्धि व्यक्तिगत अध्ययन अन्तर्गत राममाया नेपालीका अनुसार पहिला उनीहरुको बालवालिकाले साना भाइवैनी हेर्ने, लुगा सिलाउन सघाउने तथा ज्याला मजदुर गरी घरकै काममा सघाउने गर्दथे तर सरकारले दलितका लागि निशुल्क शिक्षा प्रदान गर्‍यो निःशुल्क पोषाक, खाजा पुस्तक कापी कलम दिन थाल्यो तबमात्र आफ्ना साना साना वालवालिकाहरुलाई विद्यलायमा भर्ना गरेको बताउछीन् । उनका ठूला छोराछोरीहरुत आफ विद्यलाय शिक्षाबाट बञ्चित नै रहेको वताउँछिन् तर विद्यालय गएका छोराछोरीहरु ठूलाका तुलनामा बाठो भएका, व्यवहारिक भएको र लुगा सिलाउन तथा अन्य काममा छिटो सिक्ने वुद्धिको विकास भएको बताउँछीन् । यसका साथसाथै विभिन्न संघसस्थाले उनीहरुलाई आर्थिक सहयोग गर्दै आएको आएको बताउँछीन् । उनका विद्यालय नगएका छोराछोरीलाई विभिन्न एन ओ हरुका काम दिएको समेत वताउँछीन् ।

# अध्याय छ

# सारांश र निष्कर्ष

## ६.१. सारांश

अध्ययन क्षेत्र काठमाडौं जिल्ला चन्दागिरी नगरपालिका वडा नं. ७ को घुमाउनेमा कुल ३५० घरधुरीमध्ये लगभग १५० घरदुरी दमाई जातिको बसोबास रहेको पाइयो । यी सवै घरधुरीलाई समय, आर्थिक तथा भौगोलिक कारणले अध्ययन क्षेत्रमा समेट्न नसकी नमुना छनौट विधिद्धारा ४० घरधुरीलाई मात्र छनौट गरिएको छ । नेपाल एक बहुजातीय, बहुभाषिक र बहुधार्मिक विशेषता युक्त देश हो । कुनै पनि समाजको जातिगत संरचनाले त्यस ठाउँको क्रियाकलाप र नेतृत्वलाई प्रभाव पार्ने गर्दछ ।

दलित जाजि मध्येको एक जातिका रुपमा दमाई मान्न सकिन्छ । यस अध्ययन क्षेत्रमा परापूर्व कालदेखिनै बस्दै आई रहेका पिछडिएका समुदायका रुपमा मान्न सकिन्छ । यी दलित समुदायहरु धेरै पहिले देखिनै कडा परिश्रम गर्ने, मिहिनेती, मिलनसार भएको पाइयो । दमाई जातिहरू परम्परा देखि नै लुगा सिलाउँने, तथा शुभकार्यमा बाजागाजा बजाउँदै आएको पाइन्छ । यतिले मात्र जिविका धान्न ग्राहो भएकाले समय समयमा गाउँ घर एवं नजिक पर्ने बजार क्षेत्रमा कुल्ली काम गरी आफ्नो जीविका निर्वाह गर्दै आईरहेको पनि अध्ययनका क्रममा जानकारी पाइन्यो ।

नेपाल सरकार, शिक्षा मन्त्रालय “सबैका लागि शिक्षा”, “जीवनपर्यन्त शिक्षा” जस्ता नारालाई वास्तविकतामा परिवर्तन गर्न र गुणात्मक वृद्धि गर्दै लैजाने उद्देश्यले आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम (दोस्रो चरण १९९९-२००४) लागू गरेका थियो । यसले आधारभूत प्राथमिक शिक्षा परियोजना प्रथमका उपलब्धीको समीक्षा गरेर आगामी कार्यक्रमहरूलाई ४० जिल्लाबाट बढाई ७५ वटै जिल्लामा पुऱ्याउने लक्ष्य अनुसार क्रमशः पहिला वर्ष ४८ जिल्ला, दोस्रो वष १२ जिल्ला र तेस्रो वर्ष बाँकी १५ जिल्लामा यो कार्यक्रम सञ्चालन गरिएको छ । जसले गर्दा दलितको पनि शिक्षामा पहुँच वढ्दै गएको पाइन्छ ।

नेपालका दलित, जनजातिहरू को-को हुन् र तिनीहरूको सामाजिक र आर्थिक अवस्था के-कस्तो छ भन्ने सम्बन्धमा केही विद्वान्हरूले दिएको विशेषतालाई केलाउदा दलित जातिहरू भनेको पिदडिएको जाति हो । यस्ता जातिको बारेमा अध्ययन गर्दा के

देखिन्छ भने सामुदायिक जीवन पद्धति वा आफ्नै समुदाय भित्रको नातागोता र विहेबारीको आधारमा बनेको र छुट्टै भाषा, सस्कृति, धर्म भएको समाजलाई जनजातिय समाज भनिएको छ । जातिय चरित्र जस्तो भए तापनि कतिपय दलित जातिहरूमा गतिशीलता पाइन्छ । कतिपय जातिहरूमा ब्राम्ह्ण, क्षेत्री, खस, ठकुरीको प्रभाव परी आफ्नो मूल सस्कृतिलाई विस्तारै छोड्दै गएको पाइन्छ र विस्तारै शिक्षामा पनि अगाडि बढ्दै गएको पाइन्छ ।

चन्दागिरीं न.पा मा जम्मा १९,४४१ घरधुरी मध्ये सबैभन्दा बढी घरधुरी वडा नं. १५ मा छ । जहाँ १९१५ घरधुरीमा कुल जनसंख्या ८५१९५ छ भने सबैभन्दा कम घरधुरी वडा नं. ६ मा ४२९  घरधुरी र १६८१ जनसंख्या रहेको छ । यस स्थानमा रहेको पाइयो । जसमा सवैभन्दा बढी ब्राम्हण ५७३२ (७८०६) प्रतिशत रहेको छ भने त्यसपछि क्षेत्री जातिहरु ५५६ (७.५७) प्रतिशत रहेको पाइयो । अध्ययन क्षेत्रभित्र रहेका ३५९८ घरधुरीमा ४४८३५ (४८.८%) पुरुष र ४२७१८ (५१.२२%) महिला गरी कुल जनसंख्या ८५१९५ रहेको छ । अधिकांश २१९९ (२१.९९) जनाले हिन्दु धर्मलाई आफनो धर्मका रूपमा मान्ने गरेको पाइयो । हिन्दु धर्म मान्नेहरूमा शतप्रतिशत क्षेत्री र ब्राह्मण घरधुरीहरू छन् । जनसंख्यामा नमुना छनोटमा परेका ४० परिवार मध्ये ३४ (८५प्रतिशत) परिवारमा पुरुष परिवार प्रमुखको रुपमा रहेका छन् बाँकी ६ (१५ प्रतिशत) परिवारमा मात्र महिलाहरु परिवार प्रमुखको रुपमा रहेका छन् ।

यस अध्ययन क्षेत्रमा १२ (३० प्रतिशत) दमाई समुदायको परापूर्वकाल देखि नै मुख्य पेशा कृषि रहेको पाइन्छ । खेतीको काम गरेर गुजारा चलाउदै आएका यिनिहरु हाल कृषि पेशामा भन्दा ज्याला मजदुरी पेशामा ९(२२.५ प्रतशित) संलग्न रहेका छन् । पूँजीवादको विकास बजारको विस्तारले केही व्यापार गर्न थालेका छन् ।

जसमा ३० प्रतशित व्यक्तिनै बैदेशिक रोजगाप्रति आकर्षित भएको देखिन्छ । जसमा पुख्यौली व्यापारमा  १५ प्रतिशत र सरकारी जागिरमा जम्मा १ जना (२.५) प्रतिशत रहेको पाइयो । शिक्षामा सङ्लग्न रहेका दमाईहरू मध्ये १९ जनाले औपचारिक शिक्षामा सङ्लग्न रहेका दमाई जाति सङ्ख्याको ७३.०६ प्रतिशत स्थान ओगटेको छ । अचेल नयाँ पिढीका सबैले औपचारिक शिक्षा लिइरहेका छन् । तहगत रूपमा पढाइ छाड्ने प्रतिशत हेर्दा (dropout) प्रथामिक तहमा ४० प्रतिशत र एस.एल.सी.मा १२.५ ले आफ्नो अध्ययन गर्न छाडेको पत्ता लागेको छ । १०(२५) जना दमाई जातिले आत्मनिर्भर बन्नको निम्ति पढ्नका लागि विद्यालय गएको धारणा राखेका छन् भने ७ (१७.५) जना जागिर खानका लागि पढ्नु

पर्ने धारणा राखेका छन् । त्यसै गरी ५ जना परिवार शिक्षित बनाउन पढ्नुपर्ने धारणा राखेका छन् । विवाह गर्नकै निमित्त मात्रै पढ्नुपर्ने धारणा कसैको पनि पाइएन । देखासीकीले १६ जना अर्थात् ४० प्रतिशत धारणा रहेका छन् भने आत्मविश्वास बढाउन पढ्नुपर्ने धारणा १/१ (२.५) जना प्रतिशत दमाई जातिले राखेका छन् । पढाइ छाड्नुपर्ने मुख्य कारण आर्थिक अवस्था कमजोर भएका कारणले विचमा विद्यलय छाड्नेको सङ्ख्या २८ (७०) रहेको पाइयो । ३६ (४०) जातिहरूले महिला र पुरुषलाई समान अवसर  दिनुपर्ने धारणा राखेका छन् । जसलाई सकारात्मक मान्नु पर्दछ । ४ जना  (१० प्रतिशत) पुरुषलाई अवसर र सुविधा बढिदिनु पर्ने धारणा राखेका छन् । बराबर हुनुपर्छ भन्ने ३६ जना दमाईहरू अहिलेको समयमा छोराछोरीलाई विभेद गर्नु हुँदैन । २७ विवाहित दमाईमा जम्मा ४ जना मात्र शिक्षालाई निरन्तर दिएको पाइयो भने अविवाहित १३ (१०प्रतिशत) ार्कीहरूमा १० जनाले अध्ययनलाई निरन्तरता दिएका र बाँकी ३ जनाले विभिन्न कारणले गर्दा बिचैमा विद्यलाय छोढ्नु परेका अध्ययनमा जानकारी हुन आएको छ । २५ (६२.५) दमाई जातिहरूले विवाह पछाडि पनि अध्ययनलाई निरन्तरता दिनुपर्दैन भन्ने १५ (३७.५) जनाले विवाह पछाडि अध्ययनमा निरन्तरता दिनुपर्ने धारणा राखेको पाइयो ।

अध्ययन क्षेत्रका दमाईहरू शिक्षाको अवसरबाट वन्चित नै रहेको पाइयो । समयको परिवर्तन सङ्गै आफ्नो छोरिहरूलाई विद्यालय पठाउनुपर्छ भन्ने चेतना आएको पाइयो । अशिक्षित र चेतनाको कमिले छोरीहरूलाई सानै उमेरमा विवाह गरिदिने भएकाले छोरीहरूले उच्च शिक्षा हाँसिल गर्नेको सङ्ख्या कम नै पाइयो । चेतना र अशिक्षाको कारणले गर्दा परम्परागत धारणालाई यथावत नै कायम राखेको पाइयो । अविवाहित महिलामा शिक्षाप्रतिको त्यहाँको समुदाय सकारात्मक छ तर विवाहित महिलामा शिक्षा प्रति त्यति सकारात्मक देखिदैन । कतिपय परिवारमा छोराछोरीलाई भेदभाव गरिएको पाइयो । जस्तै छोराहरूलाई निजी स्कुल, छोरीलाई सरकारी स्कुलमा पढाएको, घरायसी काममा छोरीलाई मात्र लगाईएको पाइयो । शिक्षाको कमिले आयमुलक काममा नलागेर बढी दमाई युवाहरू कृषि, ज्याला मजदुरी पेसामा नै सङ्लग्न रहेको पाइयो । अघिल्लो पुस्तामा शिक्षाको महत्व नबुझि नकारात्मक दृष्टिकोण राखेको पाइयो भने पछिल्लो पुस्तामा शिक्षाप्रति पुर्ण सकारात्मक दृष्टिकोण रहेको पाइयो ।

दमाई जातिहरूले अध्ययनलाई निरन्तरता दिन नसक्नुको कारणहरू धेरै कमजोर आर्थिक अवस्था, अर्काको घरमा काम गर्नुपर्ने वाध्यता, सानै उमेरमा विवाह, कक्षामा वारम्वार असफल भएका कारण, स्कुल टाढा भएका कारण आदिले गर्दा हुन सक्ने उत्तरदाता दमाईबाट प्रस्ट रूपमा पाइयो । दमाई जातिको पहीलेको तुलनामा हाल पशक्षाक्षेत्रमा पहूँच बढेको पाइए तापनि पूर्ण रुपमा भने बढ्न सकेको अध्ययनले देखाएको छ ।

## ६.२ निष्कर्ष

वर्तमान बदलिने युगमा शिक्षाको महत्व बढ्दै गइरहेको छ । अध्ययन क्षेत्रमा पनि अभिभावक, छोराछोरीमा शैक्षिक चेतनाको वृद्धि भएको छ भन्न सकिन्छ । यहाँको समग्र शैक्षिक अवस्था सन्तोषजनक नै छ । तर शिक्षाको तह बढ्दै जाँदा विद्यालयमा सहभागिता घट्दै गएको देखिन्छ । अझ एस.एल.सी माथिको शिक्षामा एक्कासि गिरावट आउनुले भने शैक्षिक अवस्था कमजोर नै रहेको प्रमाणित गर्दछ । यहाँका प्रौढ दमाईहरू प्राय निरक्षर छन् । वर्तमानमा वालिकाहरूको विद्यालयमा सहभागिता बढ्दै गएको र अभिभावकहरू पनि केही सकारात्मक देखिएका छन् । यहाँ शिक्षामा छोरी र बुहारीलाई समान अवसर नदिनाले विवाहितहरूको तुलनामा अविवाहित कै शैक्षिक अवस्था राम्रो छ । यहाँको समाजमा बुहारीको शिक्षालाई महत्व नदिने कारणले गर्दा जतिसुकै प्रतिभाशाली भए पनि विवाह पश्चात बीचैमा अध्ययन छोड्न दमाईहरू बाध्य छन् । यहाँ प्रायः सम्पूर्ण अविवाहित औपचारिक शिक्षामा सङ्लग्न छन् ।

यहाँको समाजमा उच्च शिक्षामा कम संलग्नता रहेको देखिन्छ । जसको कारणमा महिलाको चाँडो उमेरमा नै विवाह गरिदिने प्रचलन हुँदा अध्ययनलाई निरन्तरता दिन पाउँदैनन् । घरको, खेतिपातिको काममा सघाउनु पर्ने भएकाले अध्ययनमा ध्यान दिन नपाँउदा परीक्षामा बारम्बार असफल हुन पुग्छन् र असफल भएका अभिभावकहरू द्वारा उनीलाई दुरुत्साहन गरिन्छ । उच्च शिक्षा महँगो हुनाले आर्थिक विपन्न भएकाको पहुँच नपुग्दा उच्च शिक्षामा कम सम्लग्न छन् । गरिबीको कारण चाँडै कामको खोजीको लागि हाल्नुपर्ने बाध्यताले उच्च शिक्षामा सङ्लग्नता कम छ ।

बदलिँदो समय र परिस्थितिले गर्दा शिक्षाको महत्व पनि बढ्दै गैरहेको छ । अध्ययन क्षेत्रमा पनि अभिभावक, छोराछोरीमा शैक्षिक चेतनाको वृद्धि भएको छ भन्न सकिन्छ ।

अध्ययन क्षेत्रको शैक्षिक अवस्था सन्तोषजनक रहेतापनि दमाईहरूको शिक्षाको तह बढ्दै जाँदा विद्यालयमा सहभागिता घट्दै गएको देखिन्छ ।

दलित समुदाय, यिनको अवस्था र पहलका चूनौतीहरुको अध्ययन गर्दा नेपालमा कुल जनसंख्याको १३% भागको हिंसा दलितले ओगटेको छ । २०६५ सालमा राष्ट्रिय दलितमुक्ति संगठनको स्थापना भएपछि निम्न पहलहरु लागू भएको पाइन्छ ।

- समानुपातिक सुचिश्चित कोटामा सक्षम/सकृय दलित उम्मेद्धार छनौट हुनुपर्छ ।
- दलित आयोग वा सुमिती पूर्ण संवैधानिक हुनु पर्दछ ।
- दलित विद्यार्थीहरुलाई सरकारी वा संस्थागतको परिक्षाको लागि महिला सरह ४० वर्ष उमेर हद सम्मको परिइाा दिन पाउने व्यवस्था हुनु पर्दछ ।
- दलिले लिखितमा नाम निकाले भने सामान्य अर्न्तवार्ताबाट छनौट हुने व्यवस्था गरिनु पर्दछ ।

- वि.सं. २०३१ सालमा जब प्राथामिक शिक्षा निशुल्क भएको मूलूकमा जातिय दमन तथा शोषणमा केहि सुधार हूदै गयो त्यसपछि क्रमस केहि केटाकेटी विधालय जान थालेको भएतापनि विचैमा पढ्न छोड्ने तथा मुस्किलले प्राथामिक तहसम्म पूरा गर्ने गरेको र विषेश गरी छोरालाई मात्र पढाउने गरेको छोरीलाई घरयासी काममा जस्तैः भाइवैनी हेर्ने सरसफाइका काममा लगाएको त्यस क्षेत्रका दमाईहरू वताउँदछन् ।
- निरक्षर दमाईहरूमा यसले केहि मात्रामा साक्षर बन्ने अवसर प्राप्त गरेको पाइन्छ । अहिलेको नयाँ पुस्ताले भने आफ्नो वच्चालाई शिक्षा दिनु पर्छ भन्ने बुझ्केका कारण पढाइमा नियमितता दिन र उच्च शिक्षासम्म पूर्याउन सफल भएको पाइन्छ ।
- अध्ययन क्षेत्र सानो क्षेत्र भएपनि विद्यालयहरु बढी रहेको मान्न सकिन्छ । यस अध्ययनबाट पनि यहाँका बालबालिकाहरु विद्यालय हाताभित्रै रहेको अनुमान गर्न सकिन्छ ।
- यस कारण अझैपनि छोरीको तुलनामा छोराहरू नै निजी विद्यालयमा पढाइनुमा महिला भएकै कारण गुणस्तरिय शिक्षाबाट वञ्चित भएको अध्ययनबाट पाइएको छ ।

- दमाईहरूको परम्परागत पुरुषवादी नेपाली सामाजिक चिन्तन र सङ्स्कार एवं नीति निर्माण गर्ने निकायमा महिलाको पहुँच नपुऱ्याई पुरुष केन्द्रित नीति नियमका कारण आजको समयसम्म पनि महिलाले चाहे अनुसारको शिक्षामा सङ्लग्न हुने परिवेश नपाएर पनि छात्रछात्रामा विभेद भएको स्पस्ट देखिएको छ ।
- पुरानो पिढीका दमाईहरूले अनौपचारिक शिक्षामा बढी सङ्लग्नता भएको पाइन्छ ।
- अध्ययनमा दमाईहरूको कुराकानीबाट के प्रष्ट हुन्छ भने शिक्षा आर्जनसँग सामाजिक वर्गका पनि अन्तर सम्वन्ध हुन्छ भन्ने कुरा दमाईहरूबाट स्पष्ट धारणा बुझियो ।
- हालसम्म एस.एल.सी पास भए उच्च शिक्षा हासिल कूनै पनि दमाईहरूले सरकारी तथा निजि जागिर खाएको देखिएन ।
- यस अध्ययन क्षेत्रको दमाई बिद्यार्थीहरूले पढ्न प्रयोग गर्ने बिभिन्न बिद्यालयको भर्ना विवरणहरूको तथ्याङक हेर्दा शूरुका अवस्थामा विद्यालय भर्ना गरिएको सङ्घ सस्था वढि देखियो तापनि पछिल्ला वर्षहरू क्रमस कक्षा बढ्दै जाँदा संख्या घट्दै गएको देखिन्छ ।
- महिलाले शिक्षा लिइन भने आत्मनिर्भर बन्ने अरुको भर पर्न नपर्ने र एउटी महिला शिक्षित भएको भने परिवारलाई नै शिक्षित पार्न सकिन्छ ।
- त्यसैगरी परिवारले नपढाएका कारण विद्यालय छाड्नेका सङ्ख्या २ (५ प्रतिशत) जना पाइयो भने विद्यालय टाढा भएको कारणले गर्दा १ (२.५) जनाले विद्यालय विचैमा छाडेको पाइयो ।
- पुरुषलाई बढी अवसर र सुविधा दिनुपर्छ भन्ने दमाईहरूले छोरी विवाह गरेर अर्काको घरमा जाने र छोराले आमाबावुलाई पाल्ने हुँदा छोरालाई नै बढी अवसर र सुविधा दिनु पर्दछ भन्ने धारणा राखेको अध्ययन क्षेत्रको दमाईहरूबाट पाइयो ।
- विवाह पछाडि पुरुषहरुले व्यवहार सम्हाल्नुपर्ने र महिलाहरु पछि घरको काम, खेतीको काम गर्नु पर्ने वाध्यता बालबच्चा जन्माउने हुर्काउनु पर्ने आदि कारण अविवाहित दमाई अध्ययनरत रहेका भए पनि विबाहित चाँहि छैनन् । दमाई जातिहरुले शिक्षलाई निरन्तरता दिन नसकेको पाइयो ।
- कुनै पनि व्यक्तिको बुझाइ र विचारलाई प्रभाव पार्न मुख्य तत्व भनेको शिक्षा हो । वास्तवमा उमेरको आधारमा पनि शिक्षाप्रतिको बुझाइ फरक हुने कुरामाथि प्रस्तुत गरिएको दमाईको कुराकानीबाट स्पष्ट रूपमा देख्न सकिन्छ ।

- शिक्षामा समान अवसर र सुविधा पाउनुपर्छ साथै आफ्नो इच्छाअनुसार अध्ययनलाई निरन्तरता दिन पाउनु पर्छ भन्ने शिक्षाप्रति सकारात्मक दृष्टिकोण पाइयो ।
- यस जाति शिक्षामा पछि परेका कारण शिक्षामा समावेशी कोटा छुट्याएको पाइयो, यसले गर्दा यी दलित जातिहरुको शिक्षामा पहुँच पुगेको पाइन्छ । जस्तै निःशुल्क शिक्षा, लताकपडा, पुस्तक खाजा तथा जेहेन्दार विद्यार्थीलाई छात्रहरुको व्यवस्था आदी रहेको पाइयो ।
- मुख्य रुपमा भर्नामा समस्या, भर्ना भएका बालबालिकाहरूले बीचैमा कक्षा छाड्ने समस्या र शैक्षिक क्षती हुने अर्थात कक्षा दोहोऱ्याउने जस्ता समस्याहरू दमाई बालबालिकाहरूले भोगिरहेकोले पाइन्छ ।

**भावी अध्ययनका लागि सिफारिस**

आफ्नै मौलिक परम्परा, परम्परागत पेशा तथा छुट्टै जातिय पहिचान भएको दमाई जातिको सम्वन्धमा अध्ययन गरी नेपालका जनजातिका बारेमा गरिने अध्ययनमा पूर्णता आउँदैन । त्यसकारण यस जातिका सम्बन्धमा निम्न विषयहरुमा आगामि दिनमा अध्ययन गर्न सकिने सिफारिस गर्न चाहन्छु ।

- दमाई जाति शिक्षामा पछि पर्नुका कारणहरु खोजी गर्न
- दमाई जातिको परम्परा र पेशाको खोजी गर्न ।
- राज्य संचालनका मुख्य अंगहरुमा दलित (दमाई) जातिको पहुँच पत्ता लगाउन ।

## सन्दर्भ ग्रन्थसूची


आचार्य, बलराम, (२०६४) *सामाजिक संस्था र प्रक्रियाको समानशास्त्रीय विश्लेषण* काठमाडौं : नेशनल बुक सेन्टर भोटाहिटी ।

उच्च शिक्षा निति (२०७२) *उच्च शिक्षामा सहभागिता असमानताका सामाजिक आयाम,* काठमाडौंः मार्टिन चौतारी ।

केन्द्रीय तथ्याङ्क विभाग (२०६८) *जनसङ्ख्या विवरण,* काठमाडौं : केन्द्रीय तथ्याङ्क विभाग ।

कोइराला, विद्यानाथ (२०६६) *शिक्षाको दर्शनशास्त्रीय र समाजसात्रीय आधारहरु,* काठमाडौंः पिनाकल पव्लिकेशन ।

खनाल, श्रीप्रसाद तथा मुडवरी, नवराज (२०६३) *'शैक्षिक अनुसन्धान पद्धतिको परिचय' क्षितिज प्रकाशन,* नयाँ बजार किर्तिपुर, काठमाडौं ।

खनाल, कल्पना, (२०६३), विशेष लक्षित समूहका लागि शिक्षा, काठमाडौं : शिक्षा विभाग ।

गिरी, जितेन्द्रदेव (२०५४), *दलित समुदायमा शैक्षिक तथा सांस्कृतिक समस्या र समाधानका उपायहरु,* काठमाडौं : सेन्टर फर इकोनोमिक्स एण्ड टेक्निकल, स्टडिज, कार्यपत्र ।

गुरुङ्ग, हर्क, (२०६५), *बहिस्करणदेखि समावेशीकरण सम्म,* काठमाडौंः सामाजिक समावेशीकरण अनुसन्धान कोष ।

दाहाल, पेशल (२०६७) *नेपालको ईतिहास,* काठमाडौंः एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स ।

दलित महिला संघ, (२०६६), *नयाँ नेपालमा दलित महिला,* ललितपुरः दलित महिला संघ ।

दलित गैरसरकारी संस्था महासंघ (२०६४) *मुक्तिको आवाज,* काठमाडौं : कमल पोखरी ।

ढकाल, माधव प्र. र कोइराला, मातृका प्र., *(२०७१), शिक्षाका आधारहरु,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

पराजुली, शेखर र गौतम, भास्कर (२०५८): *पत्रकारितामा दलितको न्यून सहभागिता ।* छापामा दलितमा उद्धृत ।

पाण्डेय, मधुसूदन (२०६३): *नेपालका दलितहरु । पैरवी प्रकाशन नेपालको अन्तरिम संविधान २०६३ (दोस्रो संशोधन२०६४)* हिमाली प्रकाशन काठमाडौं ।

भट्टचन, कृष्ण, सुनार, तेज, भट्टचन एशोकान्ति, (२०६८) *सांस्कृतिक क्षेत्रमा जातीय छुवाछुत तथा विभेदको प्रकृति र फैलावट,* अध्याय ३ नेपालमा जातीय छुवाछुत ।

*नेपालको अन्तरिम संविधान* (२०६३) काठमाण्डौ : *: नेपाल कानुन व्यवस्था समिति,* पिनाकल पब्लिकेशन प्रा.लि.।

मिश्र, चैतन्य (२०६७) *समाजशास्त्रीय अध्ययन,* एकेडेमिक बुक सेन्टर, कीर्तिपुरः टि.यु. ।

विश्वकर्मा, डी.आर ( २०१०), *नेपालको राजनीतिमा जातीय संरचना,* ३३- ३५ ।

विश्वकर्मा, पद्मलाल, (२०५४), *“दलित समुदायको सामाजिक, आर्थिक, राजनैतिक स्थिति र आरक्षणको सवाल”* दलित समुदायका समस्या विषयक राष्ट्रिय परामर्श कार्यक्रममा प्रस्तुत कार्यपत्र ।

शिक्षा मन्त्रालय (२०६०) ‘आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमः कार्यान्वयन योजना’, नेपाल सरकार, केशरमहल, काठमाण्डौ ।

युनेस्को, सन् (२०१५), सबैको लागि शिक्षाको विश्वव्यापी अनुगमन प्रतिवेदन, युनेस्को प्रकाशन

राष्ट्रिय दलित आयोग, (२०६४), *सरकारी एंव गैरसरकारी निकायबाट सञ्चालित दलित समुदाय उत्थान सम्बन्धित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन*, थापाथलि, काठमाडौं ।

सेरिड (२०५६), *दुर्गम क्षेत्रका विपन्न वर्गका वालवालिकाहरूले शिक्षाको अवसर पाउन नसक्नाका कारक तत्व (*शिक्षक प्रशिक्षण निर्देशिका), त्रिपुरेश्वर ।

श्रेष्ठ, ज्ञाइन्द्र बहादुर (२०६४) *मुलुकी ऐन : एक टिप्पणी* पैरवी प्रकाशन, रामशाहपथ काठमाडौं ।

शैक्षिक तथ्याङ्क (२०६३) जि.शि.का., काठमाडौं : शिक्षा विभाग ।

CEDID (1988) *Education and Development*, Education Development and Service Centre, Kathmandu.

Bishworkarma, Dhruba (2064) M.phil, Kathmandu University : *Caste Based Discrimination in School:* A study of Dalits in Ramechhap , Nepal.

IDSN, (2010), Dalit children in India-victims of caste discrimination, briefing note byNavsarjan Trust (www.navsarjan.org), the center of human rights and Global justice (www.cfhrgi.org) and the international Dalit solidarity Network (www.idsn.org).

UNESCO. (2009). *Education for all 2004-2009*, Formative Research Project.

**विभिन्न पत्रपत्रिकाहरु:**

**कान्तिपुर दैनिक** (१४ साउन २०७४) एच.के लोहार ।

**कान्तिपुर दैनिक** (४ चैत्र २०७४) मधु साही ।

**राष्ट्रिय समाचार समिति पत्र** (१० पुस २०७४) आनन्द प्रसाद सुवेदी ।

**नेपाल सरकार, राष्ट्रिय दलित आयोग वुलेटिन,** २०६०) पृ-६९-७० ।

**गोरखापत्र दैनिक** (१० फागुन २०७)

**परिशिष्टहरू**

## दमाई जातिका शैक्षिक अवस्थामा पहुँचका लागि तयार गरिएका घरधुरी सर्वेक्षण प्रश्नावली, २०७५

### परिशिष्ट-१

### घरधुरी सर्वेक्षण (उत्तरदाताको बिवरण)

१. नाम : पुरुष : महिला :

जाति : धर्म : शिक्षा :

वडा नं. :

परिवारको सदस्यको बिबरण

| सदस्यको नाम | उत्तरदातासँगको सम्बन्ध | लिङ्ग | उमेर | बैवाहिक सम्बन्ध | पेसा | शिक्षा | बसोबासको अवस्था |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

२. तपाइको परिवारमा सङ्खया कति छ ?

...........................................................................................

३. तपाईको परिवारमा उमेरगत सदस्य कति छन् ?

...........................................................................................

| उमेर समूह | पुरुष | महिला | बिबाहित | अबिबाहित | विधवा | विधर | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

४. तपाईको परिवारमा खर्च विवरण (प्रतिशतमा)

(क) शिक्षा (ख) स्वास्थ्य (ग) खाद्यान्न (घ) अन्य

५. तपाईको परिवारमा मासिक आम्दानी कति छ ?

...........................................................................................

६. तपाईको आफ्नो उत्पादनले वर्ष भरि खान पुग्छ ?

...........................................................................................

७. दश वर्षयता तपाईको परिवारको कोहि सदस्य बैदेशिक रोजगारमा जानुभएको छ ?

(क) छैन (ख) छ

८. तपाईको परिवारमा रोजगारीमा कोहि हुनुहुन्छ ?

...........................................................................................

९. (भएमा) के मा हुनुहुन्छ ?

...........................................................................................

१०. तपाईको परिवारको स्वामित्वमा रहेको जमिन कति छ ?

क) आना ख) रोपनी ग) विघा

## परिशिष्ट-२

## अन्तर्वार्ताको प्रश्नावली बिबरण

१) तपाईको गाउँमा कस्ता प्रकारका शैक्षिक संघसस्थाहरू छन् ?

..........................................................................................................

२) तिनमा अध्ययन गर्ने छात्राको सङ्ख्या कति छ ?

..........................................................................................................

३) हाल विद्यालय जाने सार्कीहरूको सङ्ख्या बढाउन के उपाय अपनाईएका छन् ?

..........................................................................................................

४) तपाई लेख्न पढ्न जान्नु हुन्छ ?

..........................................................................................................

५) (यदि नजाने भए) तपाईको पढाई कति छ ?

..........................................................................................................

६) (यदि नजाने भए) तपाईको गाउँमा स्कुल थिएनन् ?

..........................................................................................................

७) (थिए भने) तपाई स्कुल किन जानु भएन् ?

..........................................................................................................

८) (गएको भए) कति सम्म पढ्नु भएो ?

..........................................................................................................

९) त्यस पछि किन पढ्नु भएन ?

..........................................................................................................

१४) दमाई जातिहरूको न्यून शिक्षामा न्यूत सहभागिताको कारण के हुनसक्छ ?

..........................................................................................................

१५) शिक्षित र अशिक्षित सार्की जातिहरू बिचमा कस्तो भिन्नता छ ?

..........................................................................................................

१६) सरकारी छात्रवृत्ति प्राप्त गर्नु भएको भए पढ्नु हुन्थ्यो ?

..........................................................................................................

१७) विद्यालयमा विद्यार्थी उपस्थिति वृद्धि गर्न के गर्नुपर्ला ?

..........................................................................................................

१८) यस स्थानमा विद्यालय सहभागिताको स्थिति कस्तो छ ?

...............................................................................................................

१९) अबसर पाए पढ्नु हुन्थ्यो ?

...............................................................................................................

१९) अबसर पाए पढ्नु हुन्थ्यो ?

...............................................................................................................

२०) आफ्ना बालबालिकालाई विद्यालयमा अध्ययन गराउँदा कस्ता खालका अवसरहरु प्राप्त गर्नु भएको छ ?

...............................................................................................................

२१) तपाइका बालबालिकाले शिक्षा प्राप्त गरेर हाल कस्ता खालका कार्यहरु गर्दै आएका छन् ?

...............................................................................................................

२२) आर्थिक रुपमा कत्तिको सहयोग पाउनु भएको छ ?

...............................................................................................................

२३) तपाइको वालवच्चालाई विद्यलाय पढाउनु पर्छ भनी कसले प्रात्साहन गर्‍यो र कस्ता खालका सहयोग पाउँदै आउनुभएको छ ?

...............................................................................................................

२४) तपाइको वालवच्चाले विद्यालयबाट पाउने निसुल्क पुस्तक, पोशाक, खाजा र छात्रवृत्ति प्राप्त गर्नु भएको छ । यदि छ भने कसको पहलमा प्राप्त गर्नु भएको हो ?

...............................................................................................................